जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

**बालविवाह सामाजिक र कानूनी अपराध हो**

- बीस वर्ष नपुगी विवाह नगरौँ र नगराऔं।
- उमेर नपुगी विवाह गर्नु सामाजिक र कानूनी अपराध हो।
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुबै हुने कानूनी व्यवस्था छ।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष २५ • अंक २३१ • २०८० साल माघ ४ गते बिहीबार (18 January, Thursday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## जनमतका मन्त्रीकै इसारामा प्रदर्शन

# सरकार छाड्न मुख्यमन्त्री यादवको दबाब

संजीवकुमार झा

जनकपुरधाम। मधेश प्रदेश सरकारले माघ ३ गते स्वाभिमान दिवस मनाइ रहेकै बेला मन्त्रीद्वय महेश प्रसाद यादव र चन्दन सिंहकै अगाडि जनमत पार्टीका कार्यकर्ताले नाराबाजी गरेपछि मुख्यमन्त्री सरोजकुमार यादवले जनमतका मन्त्रीहरुलाई सरकार छाडेर जान दबाब दिएकाछन्।

मधेश प्रदेश सरकार बुधबार जनकपुरधाम स्थित महेन्द्र नारायण निधि संस्कृति मिथिला केन्द्रमा आयोजना गरेको पत्रकार सम्मेलन र स्वाभिमान दिवस कार्यक्रमकै बीच जनमतका कार्यकर्ताबाट नाराबाजी गराउन लागेका थिए। मधेश प्रदेश सरकारले आफ्नो एक बर्षे कार्यकाल पूरा गरेको अवसरमा वार्षिक प्रगति विवरण सार्वजनिक गर्न पत्रकार सम्मेलन आयोजना गरेको थियो। वार्षिक प्रतिवेदन सार्वजनिक गरेपछि सञ्चारकर्मीहरुले सोधेको प्रश्नको जवाफ दिने क्रममा मुख्यमन्त्रीको अगाडि नै जनमतका कार्यकर्ताहरुले नाराबाजी गरेका थिए।

मधेश प्रदेशमा जनमत पार्टीले दुई मन्त्रालय पाएको छ। श्रम तथा यातायात मन्त्री चन्दन सिंह र शिक्षा तथा सामाज कल्याण मन्त्री महेश यादवकै सामु उनीहरुले प्रदर्शन गरेपछि मुख्यमन्त्री यादवले भने-'यो सरकार भ्रष्टाचारी हो भने सरकार छाडेर जाँदा हुन्छ।' जनमत पार्टीले गरेको व्यवहार अति नै अव्यवहारिक रहेको भन्दै मुख्यमन्त्री यादवले लोकतन्त्रमा विरोध गर्ने अधिकार सवैको हुन्छ तर, जायज मागको लागि आन्दोलन र नाराबाजी हुनु पर्नेबताए।

सत्ता गठबन्धनबाट टाढिदै गएको जनमत पार्टीको राजनीतिक स्टन्ट नै रहेको भन्दै संस्कृति केन्द्रमा चर्चा चलेको थियो। त्यहाँ उपस्थित अधिकांश प्रदेश सभा सदस्यहरुले वार्षिक प्रगति विवरण सार्वजनिक र स्वाभिमान दिवस मनाउने क्रममा जनमत पार्टीले अनावश्यक वखेडा झिकेको आरोप समेत लगाएका थिए।



हुन त नेकपा एमालेले मधेश प्रदेश सरकारको स्वाभिमान दिवसकै दिन प्रदेश सभामा स्वाभिमान दिवस मनाए। पत्रकार सम्मेलन पछि जनमत पार्टीका दुवै मन्त्रीसमेत एमालेको स्वाभिमान दिवसमा पुगेका थिए। जनता समाजवादी पार्टी (जसपा)का एक मधेश प्रदेश सदस्यले जनमत सत्ता गठबन्धनमा बस्ने अनि प्रतिपक्षको भूमिका निर्वाह गर्नुले आफ्नो चरित्र आफै उदांगो पारेको आरोप समेत लगाए।

> नेपाली कांग्रेस मधेशका एक प्रदेश सभा सदस्यले भने-"राजनीतिमा स्थिरता आवश्यक हुन्छ, जो जनमतका नेता कार्यकर्तामा देखिएन। आफ्नै पार्टीका नेता मधेश प्रदेश सरकारमा छन् अनि प्रदेश सरकार भ्रष्टाचारी भनेर नारा लगाउँनु भन्दा आफ्ना मन्त्रीलाई पार्टीले स्पष्टीकरण सोध्दा वा फिर्ता बोलाउँदा हुन्थ्यो नि।"

नेपाली कांग्रेस मधेशका एक प्रदेश सभा सदस्यले भने-'राजनीतिमा स्थिरता आवश्यक हुन्छ, जो जनमतका नेता कार्यकर्तामा देखिएन। आफ्नै पार्टीका नेता मधेश प्रदेश सरकारमा छन् अनि प्रदेश सरकार भ्रष्टाचारी भनेर नारा लगाउँनु भन्दा आफ्ना मन्त्रीलाई पार्टीले स्पष्टीकरण सोध्दा वा फिर्ता बोलाउँदा हुन्थ्यो नि।'

जनमत पार्टीका नेता कार्यकर्ता एक दिन अगावै देखि नाराबाजीको तयारी थाले पनि उनीहरुलाइ सामान्य रुपमा सभा हलमा आउन दिइएको थियो। विरोध गर्नुको कुनै आवश्यकता नरहेको भए पनि केन्द्रदेखि मधेश प्रदेश सरकारसम्म जनमत पार्टीले थालेको विरोधका कार्यक्रमहरुलाई बेतुक र सस्तो लोकप्रियताको मनसाय रहेको उपस्थित प्रदेश सभा सदस्यहरुले टिप्पणी गरेका थिए।

जनमत पार्टीले गठबन्धनको सरकारमा बसेर भए पनि पटक पटक गठबन्धनको विरुद्धमा गएर प्रतिपक्षीलाई सघाउने गरेको गठबन्धनका नेताहरुको भनाइ छ। उनीहरुले भने-'जनमत पार्टीले शुरु देखिनै गठबन्धनको विरोधमा गएर काम गरेका छन्। सम्पन्न प्रतिनिधिसभाको निर्वाचनमा उपेन्द्र यादवविरुद्ध सप्तरी निर्वाचन क्षेत्र नम्वर दुईमा सिके राउतले उम्मेदवारी दिनु, उपराष्ट्रपतिको निर्वाचनमा रामसहाय प्रसाद यादवविरुद्ध उम्मेदवारी, पर्सामा उप निर्वाचनमा समेत गठबन्धनका उम्मेदवारविरुद्ध उम्मेदवार दिनु र अहिले राष्ट्रिय सभाको निर्वाचनमा समेत गठबन्धनका उम्मेदवारविरुद्ध उम्मेदवारीले गठबन्धनका शीर्ष नेताहरु आजिज भइसकेका कारण जनमतलाई न निल्नु न ओकल्नु भएको छ।'

जनमत पार्टीका नेताहरुलाई गठबन्धनको बैठकहरुमा समेत बोलाउन छाडिएको छ। जनमत पार्टीले मधेश प्रदेशमा आफ्नो नेतृत्वमा सरकार हुनुपर्ने विगतमा सहमति भएको अनुसार सत्ता पाउनुपर्ने माग गरेपछि गठबन्धनका शीर्ष नेताहरुलाई भने त्यो कुरा उपयुक्त नलागेको नेताहरुको भनाइ छ।

शिक्षा तथा समाज कल्याण मन्त्री तथा जनमत पार्टीका नेता महेशप्रसाद यादवले लोकतन्त्रमा सबैको विरोध गर्ने अधिकार हुन्छ जनताले विरोध गर्दैमा सरकारलाई आत्तिनु नपर्ने बताएका छन्। उनले सरकार छाड्ने नछाड्ने विषयमा गठबन्धनले गर्ने निर्णय आफूहरुले मान्ने बताएका छन्।

# सिरहाबाट अवैध दुई सय बोरा प्याज बरामद

टुडे समाचारदाता

सिराहा। प्रहरीले सिराहाबाट दुई सय चार बोरा अवैध प्याज बोकेको ट्रक र चालकलाई नियन्त्रणमा लिएको छ।

जिल्ला प्रहरी कार्यालय सिराहाको टोलीले सिराहाको लहानबाट काठमाण्डुतर्फ लैजाँदै गरेको अवस्थामा मुसहरिया सडक खण्डमा उक्त प्याजसहित ट्रक चालकलाई नियन्त्रणमा लिएको छ। बरामद प्याज ४ लाख ८ हजार मूल्य बराबर रहेको प्रहरीले जनाएको छ।

प्याजसहित प्र १-०२-००१ ख ९१६१ नम्बरको ट्रक र त्यसका चालक उदयपुर कटारीका २६ वर्षका राजेश कटुवाल पनि पक्राउ परेका छन्। बरामद प्याजसहित कटुवाललाई सवारी साधन राजश्व अनुसन्धान कार्यालय इटहरीमा बुझाएको जिल्ला प्रहरी कार्यालय सिराहाका प्रहरी उपरीक्षक रबिन्द्रराज पाण्डेले जानकारी दिए।







# 'तराईमा गरेको विपद्को पूर्वतयारी हिमालमा लागू हुन्न'

काठमाण्डु । नेपालको भौगोलिक अवस्थाका कारण एक ठाउँका लागि गरिएको विपद् व्यवस्थापनको पूर्वतयारी अर्को स्थानमा नमिल्ने भएकाले फरकफरक क्षेत्रअनुसारको तयारी आवश्यक देखिएको छ ।

गृह मन्त्रालयअन्तर्गत रहेको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले तराईका लागि गरिएको पूर्वतयारी पहाड तथा हिमालका लागि नमिल्ने र हिमालमा गरिएको तयारी तराई तथा पहाडी क्षेत्रमा नमिल्ने भएकाले भौगोलिक अवस्था र क्षेत्रअनुसारको तयारी गर्नुपर्ने आवश्यकता देखिएको जनाएको छ ।

अहिले जाजरकोट भूकम्पबाट प्रभावितको अवस्था हेर्ने हो भने तराई तथा पहाडमा यसअघिका विपद्मा प्रयोग भएका त्रिपालले राम्रो काम नगरेको भन्दै अत्याधिक चिसोका कारण सोही अनुसारको राहत सामग्री र आवास जरुरी रहेको महसुस गरिएकाले कार्यविधि परिवर्तन गरेर भौगोलिक अवस्था अनुसार विपद्को तयारी गर्न लागिएको प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले बताउनुभयो । काम गर्दै जाँदा धेरै नयाँ कुरा सिक्ने अवसर पाइएको भन्दै क्षेत्र अनुसार विपद्को तयारी गर्नुपर्ने देखिएकाले प्राधिकरण कार्यविधि परिमार्जन गर्नेतर्फ लागेको उहाँले बताउनुभयो ।

"चिसो क्षेत्रमा त्यसलाई थेग्ने गरी नै तयारी गर्नुपर्छ भने गर्मी क्षेत्रमा सोही अनुसारका विपद् व्यवस्थापन जरुरी छ । त्यसका लागि आवश्यक गृहकार्य सुरु भइसकेको छ", पोखरेलले भन्नुभयो, "भौगोलिक क्षेत्र अनुसार तयार पारिएका राहत सामग्री व्यवस्थापन गर्नुपर्ने हुन्छ । प्राधिकरण अब सोहीअनुसार काम गर्ने तयारीमा जुटेको छ ।" उहाँले विपद् व्यवस्थापनमा पालिकाको जिम्मेवारी धेरै रहेकाले पालिकाले अझै सक्रियता देखाउनुपर्नेमा जोड दिनुभयो ।

यसपाली जाजरकोट भूकम्पमा परेकालाई भौगोलिक क्षेत्र अनुसारको राहत सामग्री नहुँदा चिसोका कारण धेरैले ज्यान गुमाएका छन् ।

सामान्य पहाड तथा तराईमा प्रयोग हुने त्रिपाल सुरुवाती चरणमा राहतस्वरुप जाजरकोट भूकम्पमा पुगेका थिए । ती त्रिपालले चिसो थेग्न नसक्दा सुत्केरी, महिला, बालबालिका र बुढाबुढी प्रभावित भएका थिए । त्रिपालबाट पानी चुहिएर बिहान सबै सामान भिज्ने गरेको पीडतहरुले अनुभव सुनाएका थिए । सोही कारण प्राधिकरणले क्षेत्र अनुसारका राहत सामग्री व्यवस्थापन गर्नुपर्ने निष्कर्षका साथ कर्याविधि परिमार्जन गर्न लागेको छ ।रासस

# घर-घरमा दिपोत्सवका लागि नगरप्रमुखको आह्वान



**टुडे समाचारदाता**

जनकपुरधाम । रामजन्म भुमी अयोध्यामा यही माघ २८ गते श्रीरामको नवनिर्मित मन्दिरमा भगवान रामको प्राणप्रतिष्ठाको दिन घर-घरमा दिपोत्सव गर्नका लागि जनकपुरधाम उपमहानगरपालिकालेनगरवासीमा आह्वान गरेको छ ।

जनकपुरधाम उपमहानगरपालिकाका नगरप्रमुख मनोजकुमारसाहलेप्राणप्रतिष्ठाको दिन विश्वस्तरमा गरिने कार्यक्रमहरुको साथै जनकपुरधाम नगरवासीहरुलाई घर-घरमा दिपोत्सव गर्नुका साथै घर नजिकै रहेको मठमन्दिर, चोक चौराहालगायत जानकी मन्दिर, राम मन्दिरमासमेत उपस्थित भएर दिपोत्सव गर्न आह्वान गरेको छ ।

भारतको अयोध्यामा रामजन्मभुमी तिर्थक्षेत्रमा रामको नवनिर्मित मन्दिरमा प्राणप्रतिष्ठा हुनु आफैमा हर्ष तथा आनन्दको विषय रहेको उनले बताए ।

# 'समृद्धिका लागि नेपाल र भारतबीचको सहकार्य मजबुत हुनुपर्छ'



काठमाण्डु । उपराष्ट्रपति रामसहाय प्रसाद यादवले नजिकको छिमेकीका रुपमा नेपाल र भारतको विगत, वर्तमान र भविष्य जोडिएको बताउनुभएको छ ।

आफूसँग भेट गर्न बुधबार लैनचौरस्थित उपराष्ट्रपति निवास पुग्नुभएका नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवसँगको भेटमा उहाँले दुई देशका जनताको प्रगति र समृद्धिका लागि मित्रता तथा सहकार्य थप मजबुत हुनुपर्ने बताउनुभयो ।

"भारत नेपालको एक महत्वपूर्ण विकास साझेदार रही आएको छ, हामीले भारतबाट आर्थिक, प्राविधिकलगायत विभिन्न क्षेत्रमा उल्लेखनीय सहयोग प्राप्त गर्दै आएका छौँ", उपराष्ट्रपतिले भन्नुभयो, "हवाई, सडक र रेलमार्ग, पेट्रोलियम पाइपलाइन, जलविद्युत् तथा प्रसारण लाइनको विकास, एकीकृत जाँच चौकी (आइसिपी) र मानव संशाधन विकासका क्षेत्रमा नेपाल-भारत सहकार्य महत्वपूर्ण छ ।"

छिमेकीलाई प्राथमिकता दिने भारतको नीतिले भारतले आफ्ना छिमेकी राष्ट्रलाई दिएको प्राथमिकता र महत्वलाई प्रतिविम्बित गरेको उल्लेख गर्दै उपराष्ट्रपति यादवले उच्चस्तरीय भ्रमणको आदान-प्रदानले दुई मुलुकबीचको द्विपक्षीय सम्बन्धलाई थप मजबुत तुल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको बताउनुभयो । उहाँले नेपाल-भारतबीच दीर्घकालीन ऊर्जा व्यापारलगायत सम्झौता हुनु महत्वपूर्ण उपलब्धि भएको बताउनुभयो ।

भेटमा भारतीय राजदूत श्रीवास्तवले दुई मुलुकबीच बहुआयामिक सम्बन्ध रहेको उल्लेख गर्दै भारत सधैँ नेपालको विकास यात्रामा सहयोगी रहेको र आगामी दिनमा पनि रहिरहने बताउनुभयो । "भारत नेपालमा रासायनिक मल कारखाना खोल्नका लागि सम्भाव्यता अध्ययन गर्ने क्रममा छ, यसअघि कृषिमा भएको सम्झौता परिमार्जन गर्दै र खानेपानीको क्षेत्रमा भारतले हासिल गरेको अनुभवका आधारमा सहयोग गर्न भारत तयार छ", उहाँले भन्नुभयो ।

राजदूत श्रीवास्तवले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको नेपालसँग विशेष लगाव रहेको जनाउँदै सन् २०२४ मा भारतका विदेशमन्त्रीको पहिलो अन्तर्राष्ट्रिय भ्रमण नेपालबाट हुनुले भारतले नेपाललाई दिएको महत्व र प्राथमिकतालाई दर्शाएको बताउनुभएको उपराष्ट्रपतिको कार्यालयले जनाएको छ ।रासस

# 'त्रिविका प्रत्यायोजित विधायन व्यवस्थित गर्न जोड'

काठमाण्डु।राष्ट्रियसभाअन्तर्गत प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आवश्वासन समितिले त्रिभुवन विश्वविद्यालयका प्रत्यायोजित विधायनलाई व्यवस्थित बनाउन जोड दिएको छ ।

समितिको बुधबार बसेको बैठकमा 'त्रिभुवन विश्वविद्यालयसँग सम्बन्धित प्रत्यायोजित विधायन र सरकारी आश्वासन' विषयक छलफलमा प्रत्यायोजित अधिकार र सिद्धान्त बाहिर रहेर त्रिविका विनियमावली तथा कार्यविधि बन्दा त्रिवि सञ्चालनमा समस्या देखा परेकाले प्रत्यायोजित विधायनलाई व्यवस्थित गर्न समितिले चासो देखाएको हो ।

समितिले विभिन्न मन्त्रालय र स्वायत्त संस्थाबाट निर्माण भएका प्रत्यायोजित विद्यायनको अध्ययन गर्ने क्रममा समितिअन्तर्गत गठित विद्यायन अध्ययन उपसमितिमार्फत् केही समयअघि त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ र सोअन्तर्गत निर्माण भएका केही विद्यायनको प्रारम्भिक अध्ययन गरेको थियो ।

समितिका सभापति मायाप्रसाद शर्माले अध्ययनबाट उक्त ऐनअन्तर्गत पाँचवटा नियम र नियमअन्तर्गतका थुप्रै विनियमावली, निर्देशिका, कार्यविधिलगायत विद्यायनमध्ये केही विधायन प्रत्यायोजित अधिकारको सिद्धान्तबमोजिम निर्माण नभएको जनाउँदै व्यवस्थित गर्न आवश्यक रहेको औँल्याउनुभयो ।

त्रिविका उपकुलपति प्रा डा शिवलाल भुसालले त्रिविको ऐनले दिएको प्रत्यायोजित अधिकारभित्र रहेर विधायन बनेको दाबी गर्नुभयो । उहाँले एकात्मक शासन व्यवस्था हुँदा निर्माण भएको ऐनले स्पष्ट पार्न नसकेका विषय प्रत्यायोजित विधायनमा रहेको बताउनुभयो ।

उपकुलपति भुसालले त्रिविमा सङ्घीयता कायम गर्ने तयारी भइरहेको जानकारी दिनुभयो । "केन्द्रमा अनुसन्धानमुखी विश्वविद्यालय बनाई प्रदेशमा विश्वविद्यालय सञ्चालन गर्ने त्रिविको तयारी छ । प्रदेश सरकारसँग समन्वयन गरी केन्द्रीकृत विश्वविद्यालयलाई विकेन्द्रीकरण गर्न जरुरी छ", उहाँले भन्नुभयो । बैठकमा नवीनतम अनुसन्धानलाई प्रवर्द्धन गर्दै अनुसन्धानमुखी विश्वविद्यालय बनाउने अभियानमा त्रिवि रहेको जानकारी दिँदै बजारमा आएको नकारात्मक भाष्यजस्तो त्रिविको अवस्था नरहेको उहाँले औँल्याउनुभयो ।

त्रिविमा विद्यार्थी सङ्ख्या घटेको गुनासोलाई सम्बोधन गर्दै उपकुलपति भुसालले विद्यार्थी सङ्ख्या नघटेको दाबी गर्नुभयो । "त्रिविमा विद्यार्थी सङ्ख्या घटेका छैनन् । समयअनुसार एक विभागबाट अर्को विभागमा विद्यार्थी सिफ्ट भएका हुन्", उहाँले भन्नुभयो ।

समितिका सदस्य तुलसाकुमारी दाहालले प्रत्यायोजित विधायनलाई व्यवस्थित तथा समयसापेक्ष बनाउनुपर्नेमा जोड दिनुभयो । सांसद मदनकुमारी शाहले प्राज्ञिक थलोमा ९० प्रत्यायोजित विधायन हुनु आफैँमा बेतिथिको रुपमा रहेको जिकिर गर्दै सुधारको आवश्यक रहेको बताउनुभयो ।

समितिका सदस्यले मूल कानुनअनुरुप प्रत्यायोजित विधायन बन्नुपर्ने, त्रिवि अनुसन्धान केन्द्रलाई प्रभावकारी बनाउनुपर्ने, त्रिविका जिम्मेवार व्यक्ति प्रतिबद्ध रहनुपर्ने, समयसापेक्ष कानुन परिमार्जन तथा परिष्कृत गर्नुपर्ने, उत्पादनमूलक शिक्षालाई प्राथमिकीकरण गर्नुपर्नेलगायत विषय उठान गर्नुभएको थियो ।रासस

# विश्वव्यापी चुनौतीको सामूहिक र क्षेत्रीय समाधान खोज्नुपर्छ : मन्त्री साउद



काठमाण्डु । परराष्ट्रमन्त्री नारायणप्रकाश साउदले विश्वले सामना गरिरहेका साझा चुनौती र समस्याको विश्वव्यापी र क्षेत्रीय समाधान खोज्न सहयोग आवश्यक रहेकामा जोड दिनुभएको छ ।

युगान्डाको राजधानी कम्पालामा भइरहेको असंलग्न आन्दोलन (नाम) को मन्त्रिस्तरीय बैठकलाई आज सम्बोधन गर्दै उहाँले भन्नुभयो, "हामी कोभिड-१९ महामारीको निरन्तर प्रभाव, जलवायु परिवर्तन, द्वन्द्व, खाद्यान्न र ऊर्जालगायतमा भएको मूल्यवृद्धि, ऋणको बोझलगायतका सङ्कट र चुनौतीको सामना गरिरहेका छौँ । यसका लागि विश्वव्यापी र क्षेत्रीय समाधान खोज्न सहयोग आवश्यक छ ।"

मन्त्री साउदले विश्वव्यापी समृद्धि समानरुपमा बाँडफाँट गर्न र समावेशी विश्वव्यापी व्यवस्थाका लागि नामले सामूहिक आवाजलाई जोड दिनुपर्ने उहाँको भनाइ थियो । नाम आन्दोलन ध्रुवताको पूर्वाग्रहबाट मुक्तिका लागि एक शक्तिशाली राजनीतिक आवाज बनेको उल्लेख गर्दै उहाँले नाम एक सय २० देशको प्रतिनिधित्व भएको सबल संगठनका रुपमा रहेको र यसमा विश्वको करिब ६० प्रतिशत जनसङ्ख्या रहेको उल्लेख गर्नुभयो । नाम द्वन्द्वदेखि जलवायु परिवर्तन, आर्थिक सामाजिक असमानता, भोक, रोगलगायत चुनौती र समस्याको विश्वव्यापी समाधान खोज्ने सबल संगठन भएको उहाँको भनाइ थियो ।

मन्त्री साउदले संयुक्त राष्ट्र सङ्घ बडापत्र र अन्तर्राष्ट्रिय कानुनको रक्षा गर्दै नामले समस्या र चुनौतीको शान्तिपूर्ण समाधानमा निर्णायक भूमिका खेल्नुपर्नेमा जोड दिनुभयो । उहाँले नामले दिगो विकास लक्ष्य र अन्य अन्तर्राष्ट्रिय रुपमा निर्धारण गरिएका विकास लक्ष्यका उपलब्धिका साथै जलवायु न्याय र जोखिममा रहेका मुलुकको हितमा ध्यान केन्द्रित गर्नुपर्ने बताउनुभयो ।

मन्त्री साउदले नामको उद्देश्य र सिद्धान्तप्रति नेपालको प्रतिबद्धता दोहोर्‍याउँदै यसलाई नेपालको संविधानले विदेश नीतिका रुपमा आत्मसात् गरेको अवगत गराउनुभयो । "हामी सधैँ स्वतन्त्र, वस्तुनिष्ठ, सन्तुलित र असंलग्न परराष्ट्र नीति अवलम्बन गरेका छौँ", मन्त्री साउदले भन्नुभयो । असंलग्न आन्दोलन (नाम) को १९औँ शिखर सम्मेलन यही माघ ५ देखि ६ गतेसम्म युगान्डा गणतन्त्रको राजधानी कम्पालामा हुँदैछ । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' शिखर सम्मेलनमा सहभागी हुन नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै भोलि माघ ४ गते त्यसतर्फ प्रस्थान गर्दै हुनुहुन्छ ।

शिखर सम्मेलन अघि बुधबारदेखि दुई दिने मन्त्रिस्तरीय बैठक सुरु भएको छ । शिखर सम्मेलनको मन्त्रिस्तरीय बैठकमा सहभागी हुन परराष्ट्रमन्त्री साउद माघ १ गते राति नै त्यसतर्फ प्रस्थान गरेका थिए । नेपाल असंलग्न आन्दोलनको संस्थापक सदस्य हो र यसको स्थापनादेखि नै सबै नाम शिखर सम्मेलनमा सक्रियरूपमा सहभागी हुँदै आएको छ । असंलग्नताको सिद्धान्त नेपालको परराष्ट्र नीतिको आधारभूत सिद्धान्तमध्ये एक हो ।रासस

# राष्ट्रियसभा निर्वाचनको सुरक्षा व्यवस्था मिलाउन आयोगको निर्देशन

काठमाण्डु । निर्वाचन आयोगले राष्ट्रियसभा सदस्य निर्वाचनलाई भयरहित वातावरणमा सम्पन्न गर्न आवश्यक सुरक्षा प्रबन्ध मिलाउन सरकारलाई निर्देशन दिएको छ । आयोगको बुधबार बसेको बैठकले गृह मन्त्रालयको समन्वयमा सुरक्षा निकायबाट आवश्यक सुरक्षा प्रबन्ध मिलाउन निर्देशन दिएको हो ।

निर्वाचन व्यवस्थापनलाई सुव्यवस्थित रूपमा अगाडि बढाउन मतदाता, उम्मेदवार, निर्वाचन अधिकृतको कार्यालय, निर्वाचनमा खटिएका कर्मचारी, निर्वाचन सामग्री, मतदानस्थललगायत निर्वाचनमा हुनसक्ने सम्भावित सुरक्षा चुनौतीलाई मध्यनजर गर्दै सुरक्षा व्यवस्था मजबुद बनाउन निर्देशन दिइएको आयोगका सहायक प्रवक्ता श्रीधर पन्थीले जानकारी दिनुभयो ।

आयोगले प्रदेश राजधानी मोरङ, धनुषा, मकवानपुर, कास्की, दाङ, सुर्खेत र कैलालीमा रहेका प्रदेश निर्वाचन कार्यालयमा स्थापना भएका निर्वाचन अधिकृतको कार्यालय तथा निर्वाचनको कार्यमा खटिएका सम्पूर्ण जनशक्तिको सुरक्षा व्यवस्था मिलाउने निर्देशन दिएको छ ।

राष्ट्रियसभा सदस्य निर्वाचनका मतदाता प्रदेशसभा सदस्य, गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष, नगरपालिकाका प्रमुख तथा उपप्रमुख मतदान प्रयोजनका लागि आउने र जाने मार्ग तथा आवासीय क्षेत्रमा सुरक्षा व्यवस्था मिलाउनसमेत निर्देशन दिइएको आयोगले जनाएको छ ।

आयोगले मतदातालाई मतदान केन्द्र रहेका जिल्लाका होटल व्यवसायीसँग समन्वय गरी मतदाताकै निजी खर्चमा बसोबास, उम्मेदवार र मतदाता निर्वाचन कार्यक्रममा सहभागी हुँदा सम्बन्धित जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरेर मात्र हिँडडुलको व्यवस्था तथा मतदान केन्द्र र मतगणनास्थलको सुरक्षा प्रबन्ध मिलाउन निर्देशन दिएको छ ।

आयोगले भयरहित वातावरणमा निर्वाचन सम्पन्न गराउन जिल्ला निर्वाचन सुरक्षा समितिलाई क्रियाशील तुल्याई निर्वाचन सुरक्षा व्यवस्थालाई प्रभावकारी एवम् भरपर्दो बनाउन आग्रह गरेको छ ।रासस


**औरही गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**औरही, सिरहा**

**बोलपत्र रद्द गरिएको सूचना**

**सूचना प्रकाशित मिति : २०८०/१०/०४**

यस कार्यालयबाट मिति २०८०/०१/२४ गतेका दिन मध्यान्ह दैनिक पत्रिका तथा www.bolpatra.gov.np मा प्रकाशित सूचना अनुसार ARM-14-Works-2079/2080 Construction of Rural Municipality Building of Aurahi Rural Municipality सम्बन्धमा यस कार्यालयको मिति २०८०/०९/१९ गतेको निर्णयानुसार उक्त ठेक्का प्रक्रिया जो जे अवस्थामा छ त्यही अवस्थामा ठेक्का प्रक्रिया रद्दको लागि निर्देशन भई आएकोले हालको लागि यो ठेक्का रद्द गरिएको सबै प्रस्तावदाताहरुलाई जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**प्रमुख प्रशासकीय अधिकृत**


## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : सुख समृद्धि हुने । |
| बृष | : भ्रमण अवसर हुने । |
| मिथुन | : अवसर प्राप्त । |
| कर्कट | : वाद विवादबाट बच्नु । |
| सिंह | : पुरस्कार प्राप्त लाभ । |
| कन्या | : नयाँ कार्य हुने । |
| तुला | : बौद्धिक क्षमता । |
| वृश्चिक | : प्रतिभा सम्पन्नता । |
| धनु | : शिक्षामा उन्नति । |
| मकर | : पारिवाहिक सुख । |
| कुम्भ | : धन वृद्धि सञ्चय । |
| मीन | : प्रेम प्रसंग, मित्र सुख । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्लाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३४३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझा | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |




पत्रकार महासङ्घका सचिव विजय रानालाई रिपोर्टिङका क्रममा लाठी प्रहार गरी घाइते बनाएको घटनाका दोषीलाई कारबाहीको माग गर्दै बुधबार जिल्ला प्रशासन कार्यालयअगाडि शान्तिपूर्णरुपमा धर्ना दिँदै बागलुङका पत्रकारहरु । *तस्बिर : रासस*

# राष्ट्रिय सभाको निर्वाचन मधेशको लागि स्वर्ण अवसर : उम्मेदवार महासेठ

**टुडे समाचारदाता**

जनकपुरधाम । जनमत पार्टीबाट राष्ट्रिय सभा सदस्यका उम्मेदवार रामशंकर महासेठले राष्ट्रिय सभाको निर्वाचन मधेशी नेताहरुको लागि स्वर्ण अवसर रहेको बताएका छन् ।




बुधवार पत्रकार सम्मेलन गरी महासेठले नेपालको राजनीतिमा खस पहाडी शासक वर्गको वाहुल्यता रहेको भन्दै त्यसलाई तोड्न मधेशी नेताहरुले एकजुट हुनुपर्ने बताए । मधेश प्रदेशबाट पनि नेपाली काँग्रेस कुनै मधेशीलाई टिकट नदिई विगत ४० सालदेखि राजनीतिक गर्दै आएका व्यक्तिले पटक-पटक अवसर पाउने गरेको आरोप लगाए ।

राष्ट्रिय सभामा पछाडि परेका वर्ग तथा समानुपातिक समावेशी हिसाब हुनुपर्नेमा एउटै समुदायका व्यक्तिलाई घुमाईफिराई अवसर पाउने गरेका छन्, उनले भने,' त्यसकारण खस पहाडि मानसिकतालाई तोड्न राष्ट्रिय सभाको निर्वाचन सुनौलो अवसर हो, त्यसमा सबै मधेशी नेताहरु सचेत हुनु आवश्यक छ ।'

राष्ट्रिय सभाको निर्वाचनमा आर्थिक चलखेल समेत हुने गरेको उल्लेख गर्दै उनले भने,' आर्थिक लाभभन्दा पनि आफ्ना पहिचान र स्वाभिमानको पक्षमा मतदान गर्न सबै जनप्रतिनिधीलाई मेरो आग्रह छ ।' अहिलेको मतभारको आधारमा हामी पछाडि छौ तर यहाँका जनप्रतिनिधी चाहेको खण्डमा आफ्नो विजय हुने सम्भावना प्रबल रहेको उनले दावी गरे । पत्रकार सम्मेलनमा जनमत पार्टीका सचिव विपी साहको समेत उपस्थिती रहेको थियो ।

# राम मन्दिको उद्घाटनको दिन माछामासु तथा मदिरा बिक्रीवितरणमा वीरगंज महानगरको रोक

**टुडे समाचारदाता**

वीरगंज । वीरगंज महानगरपालिकाले भारतको अयोध्यामा नवनिर्मित राममन्दिर उद्धघाटनको दिन माछामासु तथा मदिराको बिक्रीवितरणमा रोक लगाएको छ ।




वीरगन्ज महानगरपालिकाले बुधवार सुचाना जारी गरी अगामी माघ ८ गते महानगरक्षेत्र भित्र माछामासु तथा मदिराको विक्रीवितरण बन्द गर्न निर्देशन दिएको छ ।

अयोध्याको राम मन्दिरको प्राणप्रतिष्ठा तथा उद्घाटनकै दिन बीरगंज महानरपालिका-१० घडिअर्वास्थित पुर्ननिर्मित रामजानकी मन्दिमा रामसीतको मुर्ति स्थापना तथा प्राणप्रतिष्ठाको कार्यक्रम रहेकोले नगरभित्रमा माछामासु तथा मदिरा पुर्ण रुपमा बन्द गर्न महानगरपालिकाद्वारा जारी सुचनाा उल्लेख छ ।

अयोध्याको नवनिर्मित राम मन्दिरको उद्घाटनकै अवसर पारेर वीरगंजको रामजानकी मन्दिरमा पनि भगवान राम र माता सीताको मूर्ति स्थापना तथा प्राणप्रतिष्ठा गर्ने कार्यक्रम रहेकोले सो दिन कुनैपनि पशु वा पंक्षीको बध, माछा-मासुको बिक्रीवितरण लगायतका कार्य नगरि दिनुहुन सरोकारवाला सबै व्यवसायीहरुलाई सुचित गरिएको भनेर महानगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत अरविन्दलाल कर्णले जारी गरेको सूचनामा उल्लेख छ । महानगरको यो सूचनालाई अटेर गरेको पाइएमा सम्बन्धि व्यक्तीलाई नियामानुसार कारबाही गरिने चेतावनीसमेत दिईएको छ ।

यसअघि मंगलबार विश्व हिन्दु परिषदले माघ ८ गतेका दिन वीरगन्जमा माछामासु र मदिराका पसल बन्द गराउन आग्रह गर्दै जिल्ला प्रशासन कार्यालय पर्सामा ज्ञापनपत्र बुझाएका थिए ।

# सहकारीबाट रकम फिर्ता माग्दै प्रदर्शन

**टुडे समाचारदाता**

राजविराज । सहकारी क्षेत्रमा निकै नाम चलेका यहाँ स्थित ग्लोबल बहुमुखी सहकारी संस्था लि.का बचतकर्ताहरुले करिब १० करोड ८५ लाख रुपैयाँ फिर्ता गर्नु पर्ने माग सहित बुधवार सदरमुकाम राजविराजमा प्रदर्शन गरेका छन् ।

अध्यक्ष र कार्यक्रम प्रवन्धकको लापरवाहीले सहकारी संस्थासँगै बचतकर्ताको रकम समेत डुबाएको भन्दै उनीहरु आन्दोलित भएका छन् ।

२६ हजार भन्दा बढी बचतकर्ताको जीवनभरको कमाई डुबेकाले आन्दोलन गर्नु परेको बतचकर्ताहरुको गुनासो छ । सहकारीका तत्कालीन अध्यक्ष सुखराम यादव र प्रवन्धक पंकज पोखरेलले आफूहरुको रकम अपचलन गरेको बचतकर्ताको भनाई छ ।

बचतकर्ता मध्येका केही पालिकाहरुमा स्वास्थ्य चौकीमा खटिएका स्वंयसेविकाहरु पनि छन् । उनीहरुले तत्कालीन जिल्ला जनस्वास्थ्य कार्यालयका प्रमुख विजय झाले सोही सहकारीमा बचत गर्न दबाव दिएको भन्दै उनलाई पनि कारबाहीको दायरामा ल्याउनु पर्ने माग गरेका छन् ।

बचतकर्ताको रकम अनियमित तवरले गरिएका क्रियाकलापका कारण सहकारी डुबेको तथा तत्कालीन अध्यक्ष यादव र प्रवन्धक पोखरेल सम्पर्क विहीन भएकाले उनीहरु विरुद्ध प्रहरीमा ठगी मुद्दा चलाउन निवेदन समेत दिइ सकिएको बचतकर्ता मध्येकी सीता देवी विश्वकर्माले बताइन । उनीहरुले संस्थाको रकम अपचलन, हिनामिना तथा ठगी गरेको निवेदनमा उल्लेख गरेका छन् ।



"कि त मारी दे, कि त हाम्रो समस्या टारि दे, सहकारी पीडितलाई न्याय दे" लगायतका नाराबाजी गर्दै राज रंगशालाबाट महिला बचतकर्ताको उल्लेख्य सहभागितामा निस्केको जुलुस नगरपरिक्रमा पश्चात सोही स्थानमा पुगेर विरोध सभामा परिणत भएको थियो ।

सोही सभाबाट आन्दोलनका थप कार्यक्रम समेत घोषणा गरिएको छ । जसअनुसार आगामी १४ माघमा जिल्ला स्वास्थ्य कार्यालयमा तालाबन्दी तथा १५ माघमा जिल्लाका सबै स्वास्थ्य चौकीमा तालाबन्दी गरी कामकाज ठप्प पार्ने कार्यक्रम तय गरिएको बचतकर्ता पीडित संघर्ष समितिले जनाएको छ ।

संस्थाले भने बचतकर्ताको रकम अनियमितता न गरेको दाबी गर्दै लगानी गरिएको रकम ऋणीहरुबाट समय मै फिर्ता न आउदा भुक्तानी दिन समस्या भएको जनाउदै आएको छ ।

संस्थाले यस अघि पनि पटक पटक सूचना जारी गरी ऋणीहरुलाई समय मै साँवा र व्याज चुक्ता गर्न अनुरोध गरिरहँदा पनि ऋणीहरुबाट बेवास्ता गरिएको संस्थाका एक पदाधिकारीले बताए ।

यता सहकारीबाट ठगिएको भनी पीडितहरु धमाधम सम्पर्कमा आउन थाले पछि आवश्यक अनुसन्धान भईरहेको प्रहरीको भनाइ छ । जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुन्डीराज न्यौपानेले सहकारीबाट ठगिएको भनी पीडितहरु निवेदन लिएर आएको तथा सो बारे अनुसन्धान भइरहेको बताए ।

# स्वास्थ्य बीमा बोर्डले टिकट शुल्क घटायो

**टुडे समाचारदाता**

काठमाण्डु । स्वास्थ्य बीमा बोर्डले स्वास्थ्य बीमा थैलीमा रहेको बहिरङ्ग र इमर्जेन्सी सेवा टिकटमा लाग्ने शुल्क घटाउने निर्णय गरेको छ ।

बोर्डका सूचना अधिकारी ओमकुमारी कँडेलले वीमितको आर्थिक अवस्थालाई मध्यनजर गर्दै अस्पतालमा लाग्ने बहिरङ्ग र इमर्जेन्सी सेवाका लागि लाग्ने टिकट शुल्क घटाउने निर्णय गरेको बताए । उनका अनुसार बहिरङ्ग सेवा रु ५० र इमर्जेन्सी सेवाबापतको शुल्क रु एक सय कायम गर्ने निर्णय गरिएको छ । बहिरङ्ग सेवा र इमर्जेन्सी सेवामा घटाइएको शुल्क यही माघ ८ गतेबाट लागू गरिने उनले बताए ।

यसअघि बहिरङ्ग सेवा शुल्क रु सय र इमर्जेन्सी सेवा शुल्क रु चार सय रहेको थियो । यस्तै बीमा बोर्डले कुनै पनि स्वास्थ्य सुविधा नलिएका वीमितलाई नवीकरण गर्दा १० प्रतिशत छुट दिने निर्णय गरेको छ । बोर्डका सूचना अधिकारी कँडेलले नियमितरुपमा स्वास्थ्य बीमा नवीकरण गरेका तर वर्षभरिमा कुनै पनि स्वास्थ्य बीमा सुविधा उपभोग नगरेका वीमितलाई नवीकरण गर्दा १० प्रतिशत रकम छुट गरिएको बताए ।

पाँच जनाको परिवारसम्म सदस्य भएका परिवारले वार्षिक रु तीन हजार पाँच सयको योगदान रकम तिरेपछि रु एक लाखसम्मको सुविधा लिनसक्ने व्यवस्था रहेको छ । अहिलेसम्म कूल ७४ लाख ६६ हजार सात जना बीमामा आबद्ध रहेका र तीमध्ये ३४ लाख ७६ हजार सात सय ७८ जनाले बीमा कार्यक्रममार्फत स्वास्थ्य सेवा लिएका तथा ४८ लाख ५९ हजार पाँच सय १५ वीमितले नवीकरण गर्ने गरेका छन् ।

यसैगरी स्वास्थ्य बीमा कार्यक्रममा सदस्यता आबद्धता भएपछि सेवा सुरु हुने समय पनि घटाउने निर्णय गरिएको छ । सूचना अधिकारी कँडेलका अनुसार स्वास्थ्य बीमा कार्यक्रममा सदस्यता आबद्धता भएपछि सेवा सुरु हुने समय तीन महिनाको रहेकामा त्यसलाई घटाएर दुई महिना कायम गरिएको छ । यसैगरी बोर्डले सेवा प्रदायक स्वास्थ्य संस्थालाई उपचारबापतको शोधभर्ना रकम दुई/दुई महिनामा उपलब्ध गराउने निर्णयसमेत गरेको छ ।

# मुलुकभरीका बालि तथा बागवानी बैज्ञानिकहरुको भेला सुरु




**अनिल तिवारी**

वीरगन्ज । कृषिक्षेत्रलाई आत्मनिर्भर बनाउन बाली तथा बागबानी प्राविधि तथा बैज्ञानिकहरु बिच बुधबार देखि छलफल सुरु भएको छ । कृषि अनुशन्धान निर्देशनालय परवानीपुरमा मुलुकभरीका बैज्ञानिक तथा प्राविधिक अधिकृतहरुको भेला सुरु भएको हो ।

पाँचदिनसम्म चल्ने बालि तथा वागवानी अनुशन्धान कार्यगोष्ठीको उदघाटन गर्दै प्रमुख अतिथि कार्यकारी अनुशन्धान निर्देशक डाक्टर ध्रुवराज भट्टराईले कृषिक्षेत्रलाई अझ प्रभावकरी बनाउन पर्ने अतिआवश्यता रहेको बताए । नेपाल कृषि अनुशन्धान परिषदका कार्यकारी अनुशन्धान निर्देशक भट्टराईले कृषिक्षेत्रमा बढदै गएको आयातलाई निरुत्साहित बनाउन यो भेला फलदायी हुने धारणा व्यक्त गरे ।

उनले वाली तथा बागवानीमा देखापर्ने समस्याहरुको सहि पहिचान गरी साधानको लागी कार्यक्रमका योजना तर्जुमा गर्न यो भेलाका सहभागीहरुको लागी धेरै फलदायी हुने आशा व्यक्त गरे । नेपाल कृषि अनुशन्धान परिषदका वालि तथा बागवानी निर्देशक डाक्टर टिका बहादुर कार्कीको अध्यक्षतामा गोष्ठिको उदघाटन सत्र सम्पन्न भएको थियो ।

मुलुकभरीको सातवटा बाली तथा बागवानी अनुशन्धान कार्यलयहरुले संयुक्तरुपमा आयोजना गरेको उक्त राष्ट्रिय गोष्ठिमा लगभग २ सय भन्दा बढी कृषिप्राविधिक अधिकृत एवम बैज्ञानिकहरुको सहभागीता रहेको जानकारी गराइएको थियो ।

पाँच दिनसम्म चलने गोष्ठिले धान,मकै,गहु,तलहन,जुट र पहाडीवाली तथा बागवानीका देखा पर्ने समस्या जस्तै चिसोमा मसुरो रोग,बर्षेनी दुइ धानवाली लगायतका वाली तथा वागवानी देखा पर्ने समस्याहरुको पहिचान गरीत्यसको समाधानको लागी सरकारको निति अनुसार विभिन्न कार्यक्रमहरुको योजना गर्ने कृषि अनुशन्धान निर्देशनालय परवानीपुरका प्रमुख डाक्टर बिपि यादवले बताए । उनले मुलुकको ७०प्रतिशत भन्दा वढी कृषिक्षेत्र ओगटेको मधेस प्रदेशमा भइरहेको कृषि बैज्ञानिकहरुको राष्ट्रिय भेलाबाट कृषिक्षेत्रलाई अझ प्रभावकारी बनाउने आशा व्यक्त गरे ।


## श्री राष्ट्रिय आधारभूत विद्यालय

हंसपुर नगरपालिका-३, धनुषा

### शिक्षक आवश्यकता सम्बन्धी सूचना

हंसपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बघचौडाको च.नं. १३६० मिति २०८०/०९/०२ गतेको प्राप्त पत्रानुसार यस विद्यालयलाई प्राप्त निम्न माध्यमिक तहको शिक्षण सहयोग अनुदान कोटामा विज्ञान विषयको शिक्षक नियुक्ति गर्नका लागि यस विद्यालयको छनौट समितिको मिति २०८०/०९/२९ गतेको निर्णय अनुसार तपसिल अनुसारको शिक्षक पदपूर्ति गर्नुपर्ने हुँदा ईच्छुक नेपाली नागरिकबाट यो सूचना प्रकाशन भएको मितिदेखि १५ दिन भित्र रितपूर्वक सहित तपसिल बमोजिमको दरखास्तको लागि आव्हान गरिन्छ ।

**तपसिल**


१. **विज्ञापन नम्बर** :- १-०८०/०८१
२. **पद** :- निम्न माध्यमिक शिक्षक
३. **विषय** :- विज्ञान
४. **पद संख्या** :- १ (एक) संघीय शिक्षण सहयोग अनुदान कोटा
५. **नागरिकता** :- नेपाली
६. **तह/श्रेणी** :- निम्न माध्यमिक तह/तृतीय
७. **शैक्षिक योग्यता** :- मूल विषय विज्ञानमा १०+२ वा सो सरहको परिक्षा उत्तिर्ण गरी अध्यापन अनुमति पत्र प्राप्त गरेको ।
८. **उमेर** :- १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
९. **दस्तुर** :- रु. १०००।- (एक हजार रुपैयाँ मात्र)
१०. परिक्षा दस्तुर वापतको रकम लःद्य बैंक हंसपुर शाखाको चल्ती खाता नं. ११७००७८५२९१०००११ मा जम्मा गरी सक्कल भौचर पेश गर्नुपर्ने छ ।
११. **तलब सुविधा** :- संघीय शिक्षण सहयोग कोटाको लागि नेपाल सरकारले तोकेको आधारमा ।
१२. **परीक्षाको किसिम** :- लिखित, मौखिक तथा प्रयोगात्मक (आवश्यकता अनुसार)

**दरखास्तमा संलग्न गर्नुपर्ने कागजातहरु**

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
२. शैक्षिक योग्यताको प्रमाण्पत्रको प्रतिलिपी
३. नि.मा.वि. तहको अध्यापन अनुमतिपत्रको प्रतिलिपी
४. अनुभव भए सोको प्रमाणपत्रको प्रतिलिपी
५. प्रतिलिपी कागजातमा निवेदक आफैले प्रमाणित गरी व्यक्तिगत रकेर्ड फाइलमा राखि पेश गर्नुपर्ने ।

- **दरखास्त दिने मिति र समय** :- २०८०/१०/०२ देखि २०८०/१०/१६ गते सम्म कार्यालय समय भित्र
- **आवेदन दिने स्थान** :- श्री रा.आ.वि. हंसपुर-३
- **सम्पर्क मिति** :- २०८०/१०/१९ शुक्रबार
- **परीक्षा हुने मिति र स्थान** :- कार्यालय संग समन्वय गरी पछि तोकिनेछ ।
- **सम्पर्क नं.** ९८०४८७५३३१/९८६९९९५०६९

**प्रधानाध्यापक**



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

### मार्ग प्रसस्त गर

मैथिलीमा एउटा भनाइ छ 'हाँसव आ गाल फुलायव' एक्कै चोटी हुँदैन् । तर, सत्तागठबन्धनका एक घटक भने अहिले दुबै काम गर्नका लागि तत्पर देखिएका छन् । सत्तारुढ दल जनमत पार्टी सरकारमा बस्ने र सरकार विरोधी गतिविधि गर्नमा भने कुनै कसर बाँकी राखेका छैनन् । जनमतकै क्रियाकलापबाट सत्ता गठबन्धन दलका शीर्ष नेताहरु भने आजिज भइ सकेका छन् । सत्तागठबन्धनको निर्णयविरुद्ध पटक-पटक आफ्नो चरित्र देखाउने जनमत पार्टीलाई सरकारको नेतृत्व गरिरहेका दलहरु सरकार छाडेर जान दबाब बढाइ रहेका छन् । सरकारबाट हटाए राजनीति गर्ने ठाउँ पाउने भएकाले सरकार छाड्न दबाब बढाउन थालेका छन् । आफै सरकारबाट जाओस भनेर सरकार चाहिरहेको छ । सत्तागठबन्धनका घटकहरुले गर्ने गरेको बैठकहरुमा ती पार्टीका प्रतिनिधिलाई समेत बोलाउन छाडेका छन् भने गठबन्धनले गर्ने कुनै निर्णयमा समेत ती पार्टीलाई मात्र औपचारिकताका लागि सही गराउने गरेका छन् । बैठकहरुमा नबोलाउदा पार्टीका अध्यक्ष सीके राउत भने आतिएका छन् । उनले आफ्नो सहभागिता सवै ठाउँमा खोजे पनि सत्तागठबन्धनले भने बाइपास गरेर अगाडि बढेका छन् । जनमतले सत्तागठबन्धनको निर्णय पनि नमान्ने र सत्तागठबन्धनमा आफ्नो उपस्थिति समेत खोज्ने भएकाले ती दललाई बाइपास गरेर अगाडि बढ्ने सत्तागठबन्धनका शीर्ष नेताहरुले सोच बनाइ सकेका छन् । विश्वका विभिन्न मुलुकमा गठबन्धनको सरकार छ तर गठबन्धनले गर्ने गरेको निर्णय सवै दलले मान्नु बाहेकको कुनै विकल्प हुँदैन् तर यहाँ भने गठबन्धनमा पनि बस्ने अनि गठबन्धनको निर्णय समेत नमान्नुले जनमत पार्टीले आफ्नो विश्वास गुमाउँदै गएको स्पष्ट हुन्छ । जनमतले आफै सरकार छाडेर जाँदा इज्जत जोगिने देखिन्छ । जनमतले देखाएको गतिविधिले आगामी दिनमा पार्टीलाई ठूलो नोक्सानी हुने भएकाले ती पार्टीले समयमै आफ्नो स्वविवेक प्रयोग गर्नु पर्छ । सरकारको निर्णय विरुद्ध नै निर्णय लिनु छ भने मार्ग प्रसस्त गर्नुपर्ने सत्तागठबन्धनले मनस्थिति बनाइ सकेका कारण यस विरुद्ध गएर इज्जत गुमाउनु बाहेक अरु केही हुँदैन् ।

# अर्थराजनीतिमा क्वान्टम सिद्धान्तको प्रयोग



केशव खतिवडा

वर्तमान युग विज्ञान र प्रविधिको युग हो । वैश्विक समाज विज्ञान र प्रविधिबाट सञ्चालित छ । त्यस कारण समाजको अध्ययन, मूल्याङ्कन, विश्लेषण र व्याख्या वैज्ञानिक दृष्टिकोणबाट गर्नु पर्छ । यसरी विज्ञानको आँखाबाट समाजलाई हेर्ने, बुझ्ने, परिवर्तन गर्ने र उन्नत गन्तव्यतर्फ डोऱ्याउनका लागि अर्थराजनीतिलाई विज्ञानसम्मत बनाउनुपर्छ ।

विज्ञानका दार्शनिक कार्ल पोपरका अनुसार यदि विज्ञान गलत साबित हुन तयार हुँदैन भने त्यो विज्ञान हैन, धर्मशास्त्र हो । त्यो अधिभूतवादी दर्शन हो । विज्ञान हुनका लागि गलत साबित हुने सामर्थ राख्नुपर्छ । तर धर्मशास्त्र र अधिभूतवादी दर्शनले गलत साबित हुने सामर्थ राख्दैनन् । त्यस कारण विज्ञानले अन्तरिक्ष र प्रकृतिमाथि क्रमशः विजय हासिल गर्दै प्रकृति, मानव समाज र चिन्तनका क्षेत्रका नयाँ नयाँ रहस्य उदघाटन गर्दै तीव्र विकास गर्दै गएको छ भने धर्म र अधिभूतवादी दर्शन अस्तित्व बचाउको अवस्थामा पुगेका छन् ।

दर्शनको तुलनामा विज्ञान सत्य हुन्छ । मानिसका चर्म चक्षुले विशाल ब्रह्माण्डलाई देख्न सक्दैन । सूक्ष्म अणु र परमाणुलाई पनि देख्न सक्दैन । केवल मध्यमस्तरका वस्तुलाई मात्र देख्न सक्छ । त्यस कारण विज्ञानको ज्ञान नभएका मानिसहरूको ज्ञान मध्यमस्तरको मात्र हुन्छ ।

क्वान्टम सिद्धान्तको खोज सन्, १९०० मा जर्मन वैज्ञानिक म्याक्स प्लाङ्कले गरेका थिए । जसले सूक्ष्म घटनाको व्याख्या र विश्लेषण गर्छ अर्थात् सूक्ष्म जगतमा घट्ने घटनाहरूको अध्ययन गर्ने वैज्ञानिक सिद्धान्त क्वान्टम सिद्धान्त हो । बृहत् स्तरको घटनाको अध्ययन सापेक्षताको सिद्धान्तले गर्दछ भने मध्यम स्तरको घटनाको अध्ययन यान्त्रिक सिद्धान्तले गर्दछ । त्यस कारण क्वान्टम सिद्धान्त बृहत् विज्ञानको एउटा सानो अंश मात्र हो ।

क्वान्टम सिद्धान्तको अध्ययनले मात्र बृहत् वा समग्र विज्ञानको ज्ञान हासिल गर्न सकिँदैन । क्वान्टम पदार्थ, ऊर्जा वा हरेक परिघटनाको सबभन्दा सानो एकाइ हो । जस्तै प्रकाशको सबभन्दा सानो एकाइ फोटोन । पदार्थको सबभन्दा सानो एकाइ क्वार्क वा क्वान्टा । समयको सबभन्दा एकाइ सेकेन्ड इत्यादि । यही अति सानो कण वा एकाइको गतिबाट नै क्वान्टम मेकानिक्सको अवधारणको सूत्रपात भएको हो । क्वान्टम मेकानिक्स आधुनिक भौतिकशास्त्रको आधारभूत अङ्ग हो । जुन अति साना कणसँग सम्बन्धित छ र अनिश्चितता र सम्भावनालाई स्वीकार गर्दछ । क्वान्टम मेकानिक्स सबभन्दा आधारभूत तहमा कणको गतिशीलताको अध्ययन हो । जसले आणविक र परमाणिक स्तरमा पदार्थ र ऊर्जाको यथार्थ वर्णन गर्दछ ।

सारमा पारमाणिक वा सोभन्दा सानो स्तरमा पदार्थ र ऊर्जाको प्रकृति र व्यवहार नै क्वान्टम मेकानिक्स वा क्वान्टम फिजिक्स हो । सुरुमा यो सिद्धान्तप्रति असहमति जनाउँदै आइन्स्टाइनले भनेका थिए- भगवानले पासा खेल्नु हुन्न ।

**क्वान्टम सिद्धान्तका नियमः**

विछिन्नताको नियमः शक्ति वा वस्तु अविछिन्नताका रूपमा हैन विछिन्नताका रूपमा रहेको हुन्छ भन्ने रहस्यको उद्घाटन क्वान्टमको यो नियमले गरेको हो अर्थात् असङ्ख्य सूक्ष्म कणहरूको संयोजनले एउटा पदार्थको निर्माण भएको हुन्छ ।

यो नियम वैज्ञानिक म्याक्स प्लाङ्ले प्रतिपादन गरेका थिए । यसका लागि उनलाई सन् १९१८ मा नोबेल पुस्कार दिएको थियो । कण तरङ्ग द्वैतताको नियमः शास्त्रीय विज्ञानले कण र तरङ्गलाई अद्वैत रूपमा हेर्दथ्यो । क्वान्टम सिद्धान्तले मात्र कण र तरङ्ग जस्ता सूक्ष्म वस्तुलाई हेर्ने, बुझ्ने र विश्लेषण गर्ने सामर्थ राख्यो ।

तरङ्ग शक्तिको रूप हो भने कण पदार्थको रूप हो अर्थात् कण र तरङ्गमा भेद हुन्छ । त्यसैले यो नियमलाई कण तरङ्ग द्वैतताको नियम भनियो । यो नियम फ्रान्सेली वैज्ञानिक लुई डी ब्रोग्लीले पतालगाएका थिए । यसका लागि उनलाई सन् १९२९ मा नोबेल पुरस्कार प्रदान गरिएको थियो ।

अनिश्चितताको नियमः शास्त्रीय विज्ञानले प्रकृतिका घटना र विज्ञानका नियमहरू निरपेक्ष र सुनिश्चित हुन्छन् भन्ने मान्यता राख्दथ्यो । तर क्वान्टम सिद्धान्तले सूक्ष्म जगतमा सुनिश्चितताको नियम लागु हुँदैन भन्ने प्रमाणित गऱ्यो अर्थात् सुनिश्चितताको सट्टा अनिश्चितता वा सम्भाव्यताको नियम स्थापित गऱ्यो ।

यो नियम जर्मन वैज्ञानिक वेर्नर हाइजनवर्ग सन् १९२७ मा प्रतिपादन गरेका थिए । जसका लागि उनलाई सन् १९३२ मा नोबेल पुरस्कार प्रदान गरियो । यी तीनवटा नियमको योग नै क्वान्टम सिद्धान्त हो ।

**क्वान्टम सिद्धान्तको परिणामः**

खास गरी सन् १९९० को दशकदेखि विश्वमा प्राविधिक क्रान्तिको दशक सुरु भयो । जसमध्ये तीनवटा क्रान्तिलाई प्रमुख मान्न सकिन्छ । जुन क्रान्तिले विश्वलाई एक प्रकारले प्रकाश सापेक्ष गतिले रूपान्तरण गऱ्यो भन्दा सायद अत्युक्ति नहोला ।

नानो टेक्नोलोजीः जसले नयाँ उन्नत र शक्तिशाली औद्योगिक सामग्रीको आविष्कारमा क्रान्ति ल्यायो । जस्तै स्मार्ट फोन, ल्याक्टप, मेडिसिन, ऊर्जा इत्यादि ।

डीएनए अणुमा आधारितः जसले जैविक टेक्नोलोजीमा अद्भुत क्रान्ति ल्यायो । यसले जैविक जानकारीको भण्डारण गर्छ । यो प्राणीमा भएको आनुवंशिक अणु हो । जसले जीवलाई बढ्न, विकास गर्न र पुन उत्पादन गर्न आवश्यक निर्देशन गर्छ ।

सिलिकन चिप्सको टेक्नोलोजीमा आधारितः यसले सूचना र प्रविधिमा नवीन क्रान्ति ल्यायो । जसका कारणले एआईसम्मको विकास सम्भव भयो । यसरी विज्ञान र प्रविधिको क्षेत्रमा क्वान्टम सिद्धान्तले नयाँ क्रान्तिको सूत्रपात गऱ्यो । हरेक क्रान्ति मुलुक विशेष हुँदै वैश्विकस्तरमा फैलिने हुँदा र क्रान्तिको सिङ्गो व्यवस्थापन हरेक देशको सरकारले गर्ने भएको हुँदा क्रान्तिले अर्थराजनीतिलाई प्रत्यक्ष प्रभाव पारेको हुन्छ ।

यो दृष्टिकोणबाट हेर्दा क्वान्टम सिद्धान्तले अर्थराजनीतिलाई पनि प्रत्यक्ष प्रभाव पारेको छ । क्वान्टम सिद्धान्त यसका नियम र यसले ल्याएका परिणामको माध्यमबाट विश्व राजनीतिमा जस्तो प्रभाव पऱ्यो त्यसको वाछिट्टा नेपाली राजनीतिमा पर्नु स्वाभाविक हो । विज्ञानको ज्ञानले वैज्ञानिक दृष्टिकोण बन्दछ र वैज्ञानिक दृष्टिकोणले लेस भएको नेतृत्वले मात्र मुलुकको अर्थराजनीतिलाई विज्ञान सम्मत ढङ्गले नेतृत्व प्रदान गर्न सक्छ । उदाहरणका लागि विश्व पुँजीवादले पटक पटक सङ्कट बेहोरेको छ । तर हरेक सङ्कटपछि झनै परिष्कृत भएर आफूलाई विकास गर्दै लगेको छ । जसको लुकेको रहस्य भनेको विज्ञानसम्मत आफ्नु अर्थराजनीतिलाई ढाल्दै लैजानु हो । जस्तै ई गभर्नेन्स, डिजिटल इकोनोमी, रोबर्टिक्स । सरकारको प्रमुख कार्य अर्थ राजनीतिको प्रगतिशील व्यवस्थापन गर्नु हो ।

अर्थशास्त्र र राजनीतिको अन्तरसम्बन्ध नै अर्थ राजनीति हो । बृहत् अर्थमा राज्य, समाज, व्यक्ति र बजार व्यवस्थाबिचको अन्तर्क्रियात्मक सम्बन्धलाई अर्थराजनीति भनिन्छ । राज्य र बजारबिचको अन्तर्विरोधलाई अर्थराजनीतिको माध्यमबाट समाधान गर्नु पर्छ । प्रशासन, राजनीति र आर्थिक उन्नतिलाई जनताको भलाइसँग जोडनुपर्छ । देश विकासका लागि राजनीति, अर्थतन्त्र र प्रशासन उन्नत र परराष्ट्रनीति सन्तुलित हुनुपर्छ । तर नेपाली अर्थराजनीतिलाई किन आजको विज्ञान र प्रविधिको युगमा पनि विज्ञानसम्मत बनाउन सकिएन । यसका कारणको पहिचान गरी निराकरणका उपाय खोज्न आवश्यक छ । यसका कारण र निराकरणका उपायहरू देहाय बमोजिम देखिन्छन् ।

पुराना धारणा परित्याग गर्न नसक्नुः राज्य सञ्चालनको मुख्य तत्त्वहरूमा अर्थराजनीति, प्रशासन र परराष्ट्र नीति पर्दछन् । विश्वव्यापी रूपमा विज्ञान र प्रविधिमा जसरी परिवर्तन आयो, विश्व अर्थतन्त्र, शासन प्रणाली, शासकीय स्वरूप, मार्केट प्रोफाइलिङ, वैश्विक व्यवस्था प्रणाली, सानो सरकार र चुस्त प्रशासनको साथै सन्तुलित र सम्बद्धतासहितको परराष्ट्र नीति तथा चार्म अफेन्सिबसहितको कूटनीतिमा व्यापक रूपमा विज्ञानसम्मत परिवर्तन आएको छ । तर हाम्रो राजनीतिक नेतृत्व वृद्धतन्त्र उन्मुख, परम्परागत सोच तथा दृष्टिकोणबाट ग्रसित, शास्त्रीय राजनीतिक चिन्तन, मार्क्सवाद, समाजवाद, समाजवादउन्मुख, राजतन्त्रसहितको लोकतन्त्र, सार्क, असंलग्न आन्दोलन, अमुक सिद्धान्त जस्ता अधिभूतवादी चिन्तनले ग्रस्त छ । मुलुकलाई अग्रगमनतर्फ लैजानका लागि सर्वप्रथम यी पश्चगामी चिन्तनबाट मुक्त हुनुपर्छ । वैश्विक सापेक्षतामा आधारित एजेन्डा ले निर्दिष्ट गरेको सन्तुलित विकासको नयाँ मोडल अपनाउनुपर्छ ।

द्वैततालाई स्वीकार गर्नेः द्वैतको अर्थ बहुलता, विविधता वा भेद हो । यो क्वान्टम सिद्धान्तको महत्त्वपूर्ण नियम हो । समाजमा रहेको बहुविविधता, राजनीतिक प्रणालीमा रहेको बहुविचार, विश्व अर्थतन्त्रमा रहेको बहुढाँचा, बहुध्रुवीय विश्वराजनीति र परराष्ट्र नीतिलाई स्वीकार गर्नुपर्छ । जसरी पदार्थ र चेतनाको बिचमा, व्यक्ति र समाजका बिचमा, नेतृत्व र प्रणालीको बिचमा भेद छ । तर सँगै रहन्छन । एक्लाएक्लै भएमा दुवैको अस्तित्व रहँदैन । साथै हरेक घटनालाई एक रेखीय दृष्टिकोणबाट हैन बहुरेखीय दृष्टिकोणबाट हेर्ने धारणा बनाउनुपर्छ । वर्तमान समस्याको समाधान पुराना नेताको पुराना किताबमा खोज्ने हैन, आधुनिक विज्ञानमा खोज्नुपर्छ ।

अवास्तविकता वा सम्भाव्यतालाई स्वीकार गर्नुः क्वान्टम सिद्धान्त अनुसार हरेक सत्यहरू निरपेक्ष सत्य हैन । सापेक्ष सत्य मात्र हो । वास्तविकता हैन लगभग मात्र हो । समाज विकास क्रममा पुँजीवादबाट समाजवाद आउँछ भन्नु एउटा सम्भावना मात्र हो । सुनिश्चित वा ग्यारेन्टी हैन । गुरुत्वाकर्षणको सिद्धान्त पृथ्वीमा मात्र लागु हुन्छ । अन्तरिक्षमा लागु हुँदैन ।

समाजवाद वा कुनै वादबिना पनि मानव समाज उन्नतिको शिखरमा पुग्न सक्छ । कुनै वाद वा सिद्धान्त अन्तिम होइन । तर सुस्पष्ट र विज्ञानसम्मत दृष्टिकोण र खाका भने हुनुपर्छ । त्यस कारण राजनीतिक दलहरू अमुक वाद र सिद्धान्तको जडताबाट मुक्त हुनुपर्छ । जड वाद, सिद्धान्त वा दर्शन अवास्तविक सत्य र सम्भावना मात्र हुन भन्नेमा प्रस्ट हुनुपर्छ । हरेक आन्दोलन वा परिवर्तनले दोबाटो वा चौबाटोमा मात्र पुऱ्याउँछ । कुन बाटोबाट अघि बढ्ने भन्ने आधुनिक विश्व परिवेश र विज्ञानसम्मत धारणा वा दृष्टिकोण बनाउनुपर्छ ।

विज्ञानमा आधारित ज्ञानबिनाको राजनीति प्रियतावाद हो । पेसा र व्यापार हो । जसले समाजलाई कुनै गन्तव्यमा पुऱ्याउँदैन । राजनीतिक नेतृत्वलाई मात्र पद, प्रतिष्ठा र समृद्धिको गन्तव्यमा पुऱ्याउँछ ।

तर विडम्बना नेतृत्वले आफ्नो कुत्सित उद्देश्य पूरा गर्नका लागि सुनियोजित रूपमा राजनीतिमा अध्ययन तथा विज्ञानप्रतिको धारणा नकारात्मक बनाउँदै लगेका छन् । आलोचनात्मक चेतको हत्या गरेर दास मनोवृत्तिको विकास गरेका छन् । हरेक विषयको पदेन विज्ञताको पदवी धारण गरेका छन् । अमुक वाद र दर्शनलाई बजारीकरण गर्दै ठगी गरेका छन् । यी सबै विकृति र विसङ्गतिको मूल कारण नेतृत्वको स्वार्थपूर्ति र जनताको गलत नेतृत्वलाई निरपेक्ष रूपमा सही देख्ने गलत चिन्तन पद्धति हो । त्यस कारण यी यावत विकृतिबाट मुक्तिको बाटो मुलुकको अर्थराजनीतिमा क्वान्टम सिद्धान्तको प्रयोग हो ।

# भागबन्डा मुक्त बन्ला त विश्वविद्यालय ?

झपिन्द्रकुमार खत्री

त्रिभुवन विश्वविद्यालय नेपालको सबैभन्दा पुरानो र ठुलो विश्वविद्यालय हुनुका साथै उच्च शिक्षाका लागि नेपालको पहिलो राष्ट्रिय शैक्षिक संस्था पनि हो । छ दशक लामो इतिहास भएको यो विश्वविद्यालय गणतन्त्र नेपालको स्थापनापछाडि राजनीतिक भागबन्डामा फसिरहेको छ ।

यो मात्रै होइन अरू ११ वटा विश्वविद्यालय र ४ वटा प्रतिष्ठानहरू पनि राजनीतिक भागबन्डाको सिकार बनिरहेकै छन् । भर्खरै त्रिभुवन विश्वविद्यालयले योग्यता, क्षमता र कार्यपत्रसहितको योजनामा आधारित भएर खुला र स्वच्छ प्रतिस्पर्धाका आधारमा उपकुलपति छनोट गरी अगाडि बढ्ने रणनीति बनाएको छ ।

के साँच्चै कुनै दल विशेषको प्रभावमा नपरी यो प्रक्रिया अगाडि बढ्ला त ? प्राज्ञिक मर्यादा कायम गर्ने सक्षम नेतृत्व त्रिभुवन विश्वविद्यालयले पाउला त ? कर्मचारी, शिक्षक भर्नालगायत शैक्षिक गुणस्तरका कार्यक्रममा सुधार होला ?

विसं २०१६ मा त्रिभुवन विश्वविद्यालय स्थापना भएयता धेरै चुनैती र अवसरको सामना गर्दै अगाडि बढेको छ । विश्वविद्यालयले अनगन्ती अनुभव हासिल गरिसकेको छ भने देशको नेतृत्व तहमा रहेको प्रमुख कमजोरी भनेको यसले कहिल्यै अनुभवबाट पाठ सिक्न सकेन वा चाहेन, सधैँ आफूलाई शासक वर्गमै राख्ने प्रयत्न गरिरह्यो । जुन हाम्रो मुलुकका लागि दुर्दसा बनिरह्यो । विश्वविद्यालय त्यो संस्था हो, जसमा सबै प्रकारका विद्याको उच्च कोटिका शिक्षा दिइन्छ, परीक्षा लिइन्छ तथा मानिसलाई विद्यासम्बन्धी उपाधि आदि प्रदान गरिन्छ ।

युनिभर्सिटीमा प्रवेश गर्नु भनेको ज्ञानका लागि आफ्ना इच्छा पूरा गर्ने अवसरको संसारमा प्रवेश गर्ने दिशामा कदम बढाउनु हो । उच्च शिक्षाले हामीलाई प्रदान गर्न सक्ने अवसर र विकल्प विश्वविद्यालयमा उपस्थित हुन चाहने सबैका लागि मूलभूत सपना र भविष्य निर्माण गर्ने उद्देश्यसहित निरन्तर अध्ययन, अनुसन्धान, खोजी र चिन्तन गर्ने थलो हो । देशमा जागिर खाने जनशक्ति उत्पादन मात्र गर्ने होइन, त्यसको अतिरिक्त ज्ञानको खोजी गर्ने दक्ष प्राज्ञ तथा वैज्ञानिक उत्पादन गर्ने पनि हो ।

आज त्रिभुवन विश्वविद्यालय र अरू विश्वविद्यालय यो चरणमा छन् त ? राजनीतिक भागबन्डा मुक्त विश्वविद्यालय होला त ? प्राध्यापक, कर्मचारी र विद्यार्थी सङ्गठनको सोच यो उचाइमा तत्कालै बदलिएला त ? यी विविध प्रश्नका बिचमा आज विश्वविद्यालय उभिएको छ ।

**अस्तव्यस्त उच्च शिक्षा**

नेपालको उच्चा शिक्षा अस्तव्यस्त र दयनीय अवस्थामा छ । हारवर्ड विश्वविद्यालय स्थापना हुँदा जम्मा चर जना विद्यार्थीबाट सुरुवात भएको थियो । हाल करिब २४ हजार विद्यार्थी अध्ययनरत छन् । अक्सफोर्ड विश्वविद्यालयमा जम्मा २६ हजार विद्यार्थी अध्ययन गर्छन् । तर त्रिभुवन विश्वविद्यालयमा करिब ७० प्रतिशत अर्थात् ४ लाखभन्दा बढी विद्यार्थी अध्ययन गर्छन् ।

कुरा सङ्ख्याको होइन गुणस्तरको हो । गुणस्तरीय शिक्षा प्रदान गरियो भने दक्ष र प्राज्ञिक तथा वैज्ञानिक उत्पादन गर्न सकिन्छ, जसले देश विकासमा टेवा पुग्छ । २०४७ सालको राजनीतिक व्यवस्था परिवर्तनसँगै राजनीतिक आवरणका नियुक्तिपछाडि थिङ्क ट्याङ्कका रूपमा स्थापना भएका अनुसन्धान केन्द्रहरू आर्थिक विकास तथा अनुसन्धान केन्द्र सेडा, व्यावहारिक विज्ञान तथा प्रविधि अनुसन्धान केन्द्र रिकास्ट, एसियाली अध्ययन केन्द्र सिनास र शिक्षा विकास तथा अनुसन्धान केन्द्र सेरिड र अरू अनुसन्धानका कार्यक्रम मृत आवस्थाबाट गुज्रिरहेका छन् ।

शिक्षाको विकास, अन्वेषण तथा अनुसन्धानका निम्ति स्थापना भएका केन्द्रहरू नै पूर्ण रूपमा सक्रिय छैनन् भने उच्च शिक्षामा देशले कसरी फड्को मार्न सक्ला भन्ने चिन्ता अवश्य पनि छ । केन्द्रीय विभागहरू राजनीतिक खिचातानी र दैनिक कामकारवाहीमा मात्र व्यस्त समय बिताउनु त्रिविको दुर्भाग्य हो ।

**विश्वविद्यालय र विकृति**

मुलुकको भविष्य बोकेको विश्वविद्यालय विकृतिको थुप्रो बन्नु हाम्रा निम्ति दुर्भाग्य हो भने प्राज्ञिक, गुणस्तरीयता ह्रास आउनु र दलीय भागबन्डाको सिकार हुनु र अनुसन्धानमूलक शिक्षालाई बेवास्ता गर्नु मुलुकलाई अधोगतितिर धकेल्नु हो । त्रिविभित्र गोल्डमेडलिस्ट बनाउन आर्थिक चलखेलमा फस्नु, परीक्षा प्रणाली कमजोर हुनु, विश्व बजारसँग प्रतिस्पर्धा गर्न सक्ने गुणस्तरीय शिक्षा दिन नसक्नु, राजनीतिक खिचातानीले तालाबन्दी, निषेध, दलीय प्रभावमा मात्र काम गर्नु, भ्रष्टाचारमा पदाधिकारी फस्नु, हाजिरी मेसिन बोकेर हिँड्नु, स्थायी बन्न प्रतिस्पर्धा होइन आन्दोलनलाई माध्यम बनाउनु, त्रिविको प्राध्यापक हुँ भन्न पनि आत्मग्लानि हुने स्थितिको निर्माण गर्नु विकृति हो ।

विश्वविद्यालय हाताभित्र न्यूनतम रूपमा हुनुपर्ने सभा, सम्मेलन हल, आधुनिक कक्षाकोठा, खोज तथा अनुसन्धान ल्याब, पुस्तकालय, व्यवस्थित क्यान्टिन, शौचालय र अथितिगृह नभेट्नु यसको कमजोरी हो ।

**योग्यता र क्षमताको स्थान**

विश्वका हारवर्ड युनिभर्सिटी, अक्सफोर्ड युनिभर्सिटी, क्याम्ब्रिज युनिभर्सिटी होस् या संसारका अन्य मुलुकका विश्वविद्यालयमा योग्यता, क्षमता, कार्यकुशलता र स्वच्छ प्रतिस्पर्धात्मक आधारमा उपकुलपति नियुक्ति हुने गरेको छ । तर नेपालमा भने अमुक राजनीतिक दलको कार्यकर्ता भर्ती गरी भागबन्डामा उपकुलपति नियुक्ति गर्ने परम्परा छ । यसले आज नेपालका सबै विश्वविद्यालयको गुणस्तर, भौतिक संरचना र दक्ष जनशक्तिका हिसाबले जीर्ण अवस्थामा छन् ।

भारतमा जेएनयू युनिभर्सिटीमा आफ्नै नियमअनुसार योग्यता र क्षमताका आधारमा उपकुलपति नियुक्त हुन्छन् । नेपालमा सरकारको नेतृत्व गर्ने दलबाट प्रभावित भई उपकुलपति नियुक्ति हुने गलत परम्परा छ । अहिले ध्वस्त हुँदै गएका विश्वविद्यालयमा स्वच्छ प्रतिस्पर्धाबाट नियुक्ति गरिने विषयले स्थान पाउँदै जाने आशा पलाएको छ । तर के साँच्चिकै कार्यान्वयन होला त ? त्रिविले विज्ञापन आह्वान गरेको भए पनि छनोट प्रक्रिया निष्पक्ष होला त ? के राजनीतिक दल र सरकार इमानदार होलान् त ? यिनै प्रश्नका बिचमा विश्वविद्यालयले नयाँ नेतृत्व पर्खिरहेको छ ।

**बदलिनुपर्छ अब राजनीतिक सङ्गठन**

त्रिभुवन विश्वविद्यालयमा क्रियाशील प्राध्यापक सङ्घ सङ्गठन, कर्मचारी सङ्घ सङ्गठन तथा विद्यार्थी युनियनले आफूलाई कसरी परिभाषित गर्ने, आफ्ना विगतका कार्यबाट कति पाठ सिक्ने र आफ्ना क्रियाकलापको जिम्मेवारी कति लिने ? विश्वविद्यालयलाई नयाँ ढङ्गबाट निर्माण र सञ्चालन गर्न फरक टिप्पणी गर्नुभन्दा त्यस क्षेत्रका जिम्मेवार पदाधिकारीले सोच्नु, बोल्नु र कार्यान्वयनमा जान उचित हुने छ ।

पछिल्लो चरणमा विश्वद्यालयका धेरैजसो पदाधिकारी भ्रष्टाचार आरोपमा मुछिन थालेका छन् । बेथितिका नमुना बन्न थालेका छन् । त्यसपछि विद्यार्थीबाट अपमानित हुने स्थितिमा पुगिरहेका छन् । तर यस्ता क्रियाकलापमा सुधार ल्याउन सकिरहेका छैनौँ ।

यसमा जिम्मेवार, राजनीतिक नेतृत्वको अक्षमता र दूरदर्शिता अभाव त हुँदै हो तर प्राज्ञिक जमात पनि एकपछि अर्को गर्दै सोही भड्खालोबाट जोगिन सकेन । यस कारण पदाधिकारी बन्ने लोभले दल र नेताका पछि लाग्न पुगेका प्राज्ञिक जमातले पनि विश्वविद्यालयको साख र गुणस्तर कायम गर्न देखिएको चुनौतीको जिम्मेवारी लिनै पर्छ ।

**कस्ता हुन आवश्यक छ हाम्रा विश्वविद्यालय ?**

संसारको सबैभन्दा पुरानो विश्वविद्यालयका रूपमा मोरोक्कोको कुरुइन विश्वविद्यालय मानिन्छ । यो सन् ८५९ मा स्थापना भएको थियो । युरोपमा भने इटालीको बोलोग्ना विश्वविद्यालयलाई सबैभन्दा पुरानो मानिन्छ । यति पहिले स्थापना भएका विश्वविद्यालय वर्तमान समयमा पनि किन र कसरी विश्वभर स्थापित शैक्षिक एवं प्राज्ञिक गतिविधिको केन्द्र बनिरहन सफल भए भन्ने बुझ्नु महत्त्वपूर्ण हुन्छ ।

नेपालमा राणाशासनको अन्त्यपछि विसं २०१३ मा कलेज अफ एजुकेसनको स्थापना भयो । त्यसपछि विसं २०१६ मा त्रिभुवन विश्वविद्यालयको स्थापना भयो । धेरैपछि २०४३ सालमा महेन्द्र संस्कृत विश्वविद्यालय बन्यो । यसको एउटै उद्देश्य संस्कृत भाषा, साहित्य एवं दर्शनका माध्यमबाट हिन्दु धर्मको रक्षा गर्ने देखिन्थ्यो ।

विश्वसनीय शैक्षिक एवं प्राज्ञिक कार्यक्रम र निश्चित उद्देश्य भएको विश्वविद्यालय मात्र सफल हुन सक्छ । नेपाली बौद्धिक समाजमा विगत लामो समयदेखि विश्वविद्यालयका सन्दर्भमा नियमित रूपमा छलफल, बहस र अन्तर्क्रियाहरू भइरहेका छन् । धेरैजसो मुद्दाहरू विश्वविद्यालयको नेतृत्व र व्यवस्थापनसँग सम्बन्धित रहे । हुन त विश्वविद्यालय स्थापना गर्ने वेलामा हामीले विश्वविद्यालय किन, कसरी र कसका लागि स्थापना गर्ने भन्ने विषयमा ध्यान पुऱ्याउन सकेनौँ तर विश्वविद्यालय गुणस्तरीय बनाउनका लागि निम्न पक्षलाई समेट्न आवश्यक पर्छ-

१. विश्वसनीय शैक्षिक कार्यक्रम र उद्देश्य,
२. भौतिक तथा प्राविधिक पूर्वाधारले सुविधा सम्पन्न,
३. अध्ययन, अनुसन्धान एवं प्रकाशनमा दृढता,
४. अनुसन्धान र शिक्षणमा स्तरीयता,
५. केन्द्रीकृत अनुसन्धान केन्द्र र अन्तर्राष्ट्रिय सम्बन्धमा विस्तार,
६. शिक्षामा पर्याप्त बजेटको व्यवस्था,
७. विद्यार्थी संख्यामा होइन गुणस्तरमा ध्यान जानुपर्ने र
८. विश्वविद्यालयलाई शैक्षिक हब बनाउने कार्ययोजना जस्ता कुराले सम्पन्न हुनु पर्छ ।

**कार्यान्वयन हुन्छ त ?**

प्रधानमन्त्री तथा कुलपतिको निर्देशनमा बनेको त्रिभुवन विश्वविद्यालयको उपकुलपति नियुक्ति छनोट कमिटीले स्वच्छ र निष्पक्षताका आधारमा विज्ञापन आह्वान गरिरहँदा आशाका किरणसँगै शङ्का पनि उब्जेको छ । सरोकारवाला पक्ष विद्यार्थी सङ्गठन, कर्मचारी, प्राध्यापक र समुदायको वर्षौंको दबाब र सङ्घर्षबाट एउटा निष्कर्षमा विश्वविद्यालय र सरकार पुगेको छ । तर छनोट प्रक्रियासँगै मापदण्डमा पुनः राजनीतिक दलकै मानिस ल्याउने हो भने आशा र नयाँ उत्साहमा रहेको विश्वविद्यालयको वातावरणमा पुनः निराशाबाहेक केही रहने छैन ।

त्रिभुवन विश्वविद्यालयसँग सम्बद्ध सरोकारवाला पक्षले यो स्वच्छ प्रतिस्पर्धाबाट नियुक्ति गर्ने कार्य निष्कर्षमा नपुग्दासम्म वाचडगको भूमिका खेल्न आवश्यक देखिन्छ । नेपाल सरकारले सफा नीतिका साथ यो निर्णयलाई कार्यान्वयन गर्न चाहेको हो भने नेपालको शिक्षा र यसले समाजमा पर्ने सकारात्मक सूचकाङ्कले पक्कै पनि विश्वसामु नेपालको विकासको नयाँ आयामको उपस्थिति हुने नै छ । तर फेरि पनि राजनीतिक गन्ध नियुक्तिमा देखियो भने विश्वविद्यालय टप सङ्कटमा पर्ने निश्चित छ ।

**अन्त्यमा**

प्रविधिको विकासले हामी एक्काइसौँ शताब्दीमा छौँ । तर नेपाली विश्वविद्यालयमा प्रयोगशाला र तिनको उचित व्यवस्थापन एवं विकास र आधुनिकीकरण हुन सकेको छैन । विश्वविद्यालयका उपकुलपतिलाई अधिकार सम्पन्न बनाउँदै उपकुलपतिमा स्वतन्त्र प्राज्ञिक व्यक्तिको नियुक्ति अपरिहार्य भएको छ ।

विश्वविद्यालयले विद्यार्थी र शिक्षकलाई नियमित प्राज्ञिक अनुसन्धानमा जोड दिन सकेनन् भने यिनले प्रमाणपत्र उत्पादन गर्नेबाहेक विश्वविद्यालयको समाज रूपान्तरण र निर्माणमा खासै ठुलो योगदान दिन सक्ने देखिँदैन । प्राध्यापकलाई नियमित कक्षाबाहेक छुट्टै बसेर अध्ययन, अनुसन्धान गर्ने व्यवस्थापनसहितको वातावरण छैन । विश्वविद्यालय स्वयंले स्तरीय जर्नल नियमित रूपमा प्रकाशन गरेको भेटिन्न । अझ विडम्बना के छ भने सेवा आयोग र बढुवामा यस्ता जर्नललाई मूल्याङ्कनको मापदण्ड बनाइने काम गरिन्छ ।

अध्ययन र अध्यापनमा मोबाइल, कम्प्युटर र इन्टरनेट अधिकतम उपयोग कसरी गर्ने भन्ने जस्ता विषयमा खास गरी हाम्रो जस्तो अविकसित राष्ट्रका विश्वविद्यालयले बृहत् चिन्तनमनन गर्नु आजको आवश्यकता हो । अहिलेको समयमा पनि कक्षाकोठामा हुने हाजिरीका आधारमा मात्र विद्यार्थीको मूल्याङ्कन गरिरहनु कति उचित होला ? नेपालका विश्वविद्यालयले अब यसबारे पनि सोच्ने बेला भयो कि ? आशा गरौँ स्वच्छा प्रतिस्पर्धाबाट विश्वविद्यालयका उपकुलपतिको नियुक्ति राजनीतिक पूर्वाग्रहबिना निष्पक्ष र प्राज्ञिक व्यक्तिको प्रतीक्षामा विश्वविद्यालय, प्रशासन, विद्यार्थी र प्राध्यापकहरू पखिरहेका छन् ।

# माननीय मुख्यमन्त्री श्री सरोज कुमार यादवनेतृत्वको सरकारले एक वर्षको अवधिमा सम्पन्नी गरेका प्रमुख कार्यहरू




**आदरणीय मधेशबासी दिदीबहिनी तथा दाजुभाईहरु**

मधेशी जनताको सदियौं देखिको स्वशासनको आकांक्षा र मधेश आन्दोलनको जगमा देशमा संघीयता स्थापना भएको हो । आफ्नो अधिकार प्राप्तीका लागि मधेश आन्दोलन लगायत समय समयमा भएका विभिन्न आन्दोलनमा सहादत प्राप्त गर्नु हुने सम्पूर्ण शहिदहरु प्रति हार्दिक श्रद्दा सुमन अर्पण गर्दछु ।संघीय लोकतान्त्रिक शासन प्रणालीबाट देशको शासन व्यवस्था संचालन गर्ने गरी जारी भएको नेपालको संबिधान २०७२ बमोजिम विक्रम सम्बत् २०७४ साल फागुन ३ गते यस प्रदेशमा पहिलो प्रदेश सरकार गठन भएको थियो । मधेश प्रदेश सरकारको पहिलो कार्यकाल संघीयता कार्यान्वयनको लागि सफल कार्यकाल रहेको मधेशबासीहरुको अनुभूति रहेको छ । प्रदेश सभाको दोस्रो निर्वाचन पश्चात् मिति २०७९ पौष २९ गतेका दिन मेरो नेतृत्वमा प्रदेश सरकारको गठन हुँदा प्रादेशिक सुशासन, विकास र समृद्धिको लागि मैले प्रतिबद्दता व्यक्त गरेको थिएँ । उक्त प्रतिबद्दता पूरा गर्ने अठोटका साथ सरकारले आफ्नो नीति, कार्यक्रम र प्राथमिकताहरु निर्धारण गरी काम कार्यवाही अघि बढाइ रहेको छ । प्रदेशको नामाकरण र प्रदेश राजधानी घोषणा भएको सम्झना स्वरुप यस सरकारले आजको दिनलाई हर्षोल्लासका साथ मनाउन मधेश स्वाभिमान दिवस घोषणा गरेको यहाँहरु समक्ष सहर्ष जानकरी गराउँदछु। यसै परिप्रेक्ष्यमा मेरो नेतृत्वको मधेश प्रदेश सरकारले एक वर्षको अवधिमा सम्पादन गरेका प्रमुख कार्यहरु तपाईहरु समक्ष प्रस्तुत गर्दछु ।

**क. संघीयता कार्यन्वयन तर्फ**:

१. मधेश प्रदेश सरकारले,सरकारमा संलग्नसबै दलको तर्फबाट मिति २०८० कार्तिक २३ गते संघीय सरकारलाईनेपालको संविधानको अनुसूची ६, ७ र ९ बमोजिम कानून निर्माण गर्न तथा विद्यमान कानून कार्यान्वयनको लागि ६ बुदे ध्यानाकर्षण गराएको छ।

२. मधेश प्रदेश सरकारको पहलमा मिति २०८० मंसिर १२ गते सातै प्रदेशका गृहमन्त्रीले प्रदेश प्रहरी समायोजनको कानून कार्यान्वयन गर्न संघीय सरकारका प्रधानमन्त्री तथा गृहमन्त्रीलाई ध्यानाकर्षण गराएको छ ।

३. प्रहरी समायोजन लगायतका नेपालको संविधानको अनुसूची ६, ७ र ९ मा उल्लेखित प्रदेशका अधिकारहरु प्रदेश सरकारलाई तत्काल हस्तान्तरण गर्ने भनी मधेश प्रदेश सभाबाट मिति २०८० मंसिर २० मा पारित संकल्प प्रस्ताव बमोजिम कानून निर्माण गर्नपहल लिन प्रधानमन्त्री तथा संघीय संसदका राष्ट्रिय दलका नेताहरुलाई मधेश प्रदेश सरकारले ध्यानाकर्षण गराएको छ।

४. उल्लेखित ध्यानाकर्षण पत्रहरु र संकल्प प्रस्तावलाई मिति २०८० पौष १३ गते बागमती प्रदेशको हेटौडामा सम्पन्न अन्तर प्रदेश मुख्यमन्त्री बैठकले ऐक्यबद्धता सहितकार्यान्वयनको लागिसम्मानीय प्रधानमन्त्रीज्यूसमक्ष अनुरोध गर्ने गरी सातै प्रदेशको मुख्यमन्त्रीज्यूहरुको तर्फबाट संघीय सरकारको नाममा साझा पत्र बुझाएकोष छ ।

**ख. सुशासन, सेवा प्रवाह, कानून निर्माण र स्थानीय तहतर्फ**:

१. मधेश प्रदेश सरकारले यस अवधिमा ९ वटा विधेयक प्रदेश सभामा पेशगरेको छ। सो अवधिमा३ वटा ऐन,२ वटा नियमावली, ७ वटा कार्यविधी र ३ वटा निर्देशिका निमार्ण भएको छ भने ३ वटा विधेयकको तर्जुमाको लागि सैंद्धान्तिक स्वीकृतीसमेत प्रदान गरेको छ। यसको कार्यान्वयनबाट प्रदेशमा कानूनी शासन स्थापना भई सुशासन कायम हुने देखिन्छ ।

२. मधेश प्रदेश सरकारले प्रदेश भरिका नागरिकहरुको लागि निशुल्क कानूनी सहायता प्रदान गर्ने उदेश्यले मुख्य न्यायाधिवक्ताको कार्यालय अन्तर्गत मधेश प्रदेशका ८ वटै जिल्लाहरुमा प्रदेश कानूनी सहायता अधिकृत नियुक्ति गरि पदस्थापन गरिएको छ ।

३. मुख्य न्यायाधिवक्ताको कार्यालय मार्फत मधेशका स्थानीय तहहरुको न्यायिक समितिको सदस्यहरुको लागि क्षमता अभिबृद्धि, सशक्तिकरण र सबलीकरण कार्यक्रम सम्पन्न गरिएको छ। जसबाट २२ वटा स्थानीय तहहरु लाभान्वित भएका छन । त्यस्तै मुख्य न्यायाधिवक्ताको कार्यालय मार्फत "संविधानको एकल सूची र साझा सूचीका अधिकार कार्यान्वयनको अवस्थाको सम्बन्धमा अन्तरक्रिया" कार्यक्रम, "बार एशोसियसनसँग मधेश प्रदेश सरकारले बनाएका कानूनहरुको सम्बन्धमा छलफल तथा अन्तर्क्रिया" कार्यक्रम "मुख्य न्यायाधिवक्ताहरुको अनुभव आदान प्रदान तथा चौथौ राष्ट्रिय सम्मेलन २०८०" कार्यक्रम र "समुदायमा मुख्य न्यायाधिवक्ता" कार्यक्रम समेत सम्पन्न गरिएको छ ।

४. मधेश प्रदेश सरकारबाट सुशासन प्रवर्द्धनकालागि सुझाव पेश गर्न गठित उच्चस्तरीय समितिको प्रतिवेदन २०७९ सार्वजनिक गरी सो प्रतिवेदनको सुझावलाई कार्यान्वयनमा ल्याइएको छ ।

५. यसै अवधिमा प्रदेश र स्थानीय तहको लागि विद्युतीय सुशासन गुरुयोजना, राजश्व सुधार कार्ययोजना, क्षमता विकास योजना, आवधिक योजना, लैंगिक समानता तथा समाजिक समावेशीकरण रणनीती निर्माण गरिएको छ । उक्त नीतिहरु प्रदेश तथा स्थानीय तहको नीति निर्माण कार्यमा सहायक सिद्ध हुनेछन् जसले योजनाबद्ध र सन्तुलित विकासको कार्यलाई दिशानिर्देश गर्नेछ ।

६. प्रदेशको वित्तीय सुशासनलाई मापन गर्ने कम्प्युटरमा आधारित प्रादेशिक वित्तीय सुशासन जोखिम मूल्याङ्कनप्रणाली कार्यान्वयन ल्याइएकोले सो बमोजिम तयार हुने मूल्यांकनप्रतिवेदनले प्रदेशको वित्तीय जोखिम न्यूनीकरण गर्न सहयोग पुर्या उने छ ।

७. प्रदेश र स्थानीय तह बिच समन्वय र सहकार्यका माध्यमबाट यस प्रदेशको विकास, सेवा प्रवाह र संघीयता कार्यान्वयनलाई प्रभावकारी बनाउनका लागि चौथो प्रदेश समन्वय परिषद्को बैठक हालसालै सम्पन्न भएको छ । यसले प्रदेश र स्थानीय तह बिच नेपालको संबिधानले परिकल्पना गरेको सहकार्य, सह-अस्तित्व र समन्वयको सिद्धान्त प्रवर्तनमा सहयोग पुग्ने छ ।

८. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत संचालित प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम मार्फत यस प्रदेशका ९ वटा स्थानीय तहमा नव-प्रवर्तन साझेदारी कोष मार्फत नव-प्रवर्तनकारी परियोजनाहरु संचालनमा ल्याइएको छ । यसले नवीनतम प्रविधिको हस्तान्तरण र प्रदेशको आर्थिक विकासमा सहयोग पुर्यायउने छ ।

९. यसै अवधिमा स्थानीय तहहरुको कार्य सम्पन्नमापन गर्नेस्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनरस्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन गर्ने पद्धति निरन्तर रुपमा संचालनमा रहेको र यसले स्थानीय तहका कार्य संचालन, विकास व्यवस्थापन र कार्य सम्पादन स्तरमापन र योजना तर्जुमाका लागि सहयोग पुर्यासउने छ ।

१०. प्रदेश तथा स्थानीय तहमा संचालनमा रहेका आयोजना/ परियोजनाको अनुगमन र मूल्यांकन गरी विकास निर्माण कार्यलाई थप व्यवस्थित र प्रभावकारी बनाउन प्रमुख सचिवको नेतृत्वमा अनुगमन र मूल्यांकन गर्ने प्रणाली कार्यान्वयनमा ल्याइएको छ ।

११. सबै यातायात व्यवस्था कार्यालयहरुवाट सवारी दर्ता सेवा अनलाईन प्रणालीवाट सेवा प्रवाह भइरहेको छ ।

१२. सवारी चालक अनुमति पत्र छपाईमा भईरहेको ढिलाई लाई निराकरण गर्न प्रदेशमा नै मेसिन खरिद प्रक्रिया प्रारम्भ भएको छ ।

१३. इम्बोसड नंम्बर प्लेटप्रणाली प्रदेशमा जडान गर्न सिस्टम स्थापना भई सेवा शुरुवात प्रक्रियामा रहेको छ ।

१४. यातायात व्यवस्था कार्यालयहरुमा रहेको लिखत ढढ्डा तथ्यांङ्कलाई डिजिटाइज डाटावेसमा गर्ने प्रक्रिया आरम्भ भएको छ ।

१५. समयमा नविकरण नगराएको सबारीसाधनको सम्बन्धमा २०८० चैत्र मसान्त सम्म नविकरण गराएमा जरिवाना छुटको व्यवस्था गरिएको छ ।

१६. रिमि र सामि कार्यक्रम अन्तर्गत नेपाल सरकार र स्थानीय तहको समन्वयमा श्रमिक कल्याण सम्बन्धि कार्य गरिरहेको छ ।

१७. माननीय श्रम तथा यातायात मन्त्रिको नेतृत्वमा सबारी व्यवस्थापन सम्बन्धि भारतको दिल्लीमा भएको व्यवस्था अध्ययन गरिरहेको छ । सोही अनुसारको सबारी र चालक अनुमति पत्र सम्बन्धि आधुनिक व्यवस्थाको शुरुवातको प्रारम्भ गरिएको छ ।

**आदरणीय मधेशबासी दिदीबहिनी तथा दाजुभाईहरु**

**ग. संगठन संरचना निर्माण र जनशक्ति व्यवस्थापनतर्फ**:

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत संचालित प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमबाट ८३ वटा क्षमता विकास कार्यक्रम मार्फत १ हजार ६ सय ३६ जना जन-प्रतिनिधी तथा २ हजार ३ सय ८८ जना कर्मचारीहरुको क्षमता विकास गरिएको छ ।

२. प्रदेश निजामती कर्मचारीहरुको अभिलेख व्यवस्थापन राख्ने उद्देश्यले २०८०असार २८ गते देखि प्रदेश निजामती किताबखानासंचालनमा ल्याइएकोछ । सोही अनुरुप प्रदेश र स्थानीय तहका पदाधिकारी, जन-प्रतिनिधी, निजी सचिवालयका कर्मचारी तथा करारमा कार्यरतव्यक्तिहरुको सम्पत्ति विवरण समेत अद्यावधिक राख्ने कार्य गर्दै आएको छ । यसले राष्ट्रसेवकहरुमा सदाचार कायम गर्न सहयोग पुर्याधउने छ ।

३. यसै अवधिमा प्रदेश निजामती सेवा तर्फ विभिन्न रिक्त पदहरुमा बढुवा र खुल्ला गरी २११ पदको पदपूर्ति प्रकृया अगाडी बढाइएको छ ।जसबाटजनशक्तिको कमिको कारणले प्रदेश सरकार संचालनमा उत्पन्न व्यवधान हटाउन सहयोग पुग्नेछ ।

४. लोक सेवा आयोगको मर्म अनुरुप निष्पक्षता, प्रतिस्पर्धा र योग्यता प्रणाली स्थापनागरी विश्वसनीय बनाउन अप्टिकल मार्क रिडर लगायतका प्रविधिबाट वस्तुगत बहुउत्तर उत्तरपुस्तिकापरीक्षण गर्ने प्रणाली संचालनमा ल्याइएको छ ।

५. प्रदेशका चार वटा यातायात व्यवस्थाकार्यालय र तिन वटा यातायात व्यवस्था सेवा कार्यालयहरुलाई पुनर्संरचना गरी आठै जिल्लाहरुमा यातायात व्यवस्था कार्यालय स्थापना गरिएको छ । जसबाटजनतालेयातायात सम्बन्धि एकिकृत सेवा प्राप्त गर्न सहज भएको छ। सप्तरीको भारदह र वाराको पथलहिया वाट पटके सेवा सुचारु भईरहेको छ ।

**आदरणीय मधेशबासी दिदीबहिनी तथा दाजुभाईहरु**

**घ. वितीय व्यवस्थापन तथा आर्थिक सुशासनतर्फ**:

१. आर्थिक वर्ष २०८०/८१ को बजेट तर्जुमा प्रकृयालाई पारदर्शी र सहभागीतामुलक बनाउन विभिन्न संघ संस्था, बुद्धिजीविहरु लगायत आम नागरीकहरुसँग सुझाव प्राप्त गरिएको र उक्त सुझावहरुलाई समेटी योजना, बजेट तथा कार्यक्रम तयार गरिजनताको पहुँच अभिबृद्धि गरिएको छ ।

२. यस प्रदेशमा पहिलो पटक आ.ब. २०७९/८० को आर्थिक सर्वेक्षण मधेश प्रदेश सभामा पेश भएको छ । यसले प्रदेशको आर्थिक तथ्यांक र बजेट निर्माण तथा तर्जुमा सहयोग पुगेको छ ।

३. वित्तीय व्यवस्थातर्फ आर्थिक वर्ष २०७९/८० मा प्रदेश सरकारबाट स्थानीय तहलाई वित्तीय समानीकरण, समपुरक, सशर्त र विशेष अनुदानबाट संचालित योजना हस्तान्तरण गरिएको छ ।

४. मधेश प्रदेश सरकारको एकिकृत आर्थिक विवरण (ल्एक्ब्क मा आधारित) प्रणालिबाट आर्थिक वर्ष २०७९/८० को प्रतिवेदन महालेखापरिक्षकको कार्यालय समक्ष पहिलो पटक प्रस्तुत भएको छ ।

**आदरणीय मधेशबासी दिदीबहिनी तथा दाजुभाईहरु**

**ङ. भौतिक पुर्वाधारर विकास निर्माणतर्फ**:

१. राम जानकी बहुउद्देशीय रंगशालालाई अन्तराष्ट्रिय स्तरको अत्याधुनिक र सुबिधा सम्पन्न बनाउने गरी मधेश प्रदेशले गौरवको योजना घोषणा गरी निर्माणको कार्यलाई अघि बढाईएको छ।

२. प्रदेश सरकारले एक निर्वाचन क्षेत्र एक सडक कार्यक्रमलाई प्राथमिकतामा राखि प्रदेशका ६४ वटा प्रदेश सभा निर्वाचन क्षेत्रमा कम्तिमा ५ कि.मी सडक निर्माणका दरले कूल ३२० कि.मी. पक्की सडक निर्माण कार्य गरिरहेको छ । यस अवधिमा प्रदेश सरकारले विभिन्न स्थानमा ३५ कि.मि कालोपत्रे सडक निर्माण, १२४ कि.मि. पक्की सडक ढलान, ३०० कि.मि. ग्राभेल सडक निर्माण, ४१ कि.मि. नाला निर्माण, २३३ वटा कल्भर्ट निर्माण, ३७ कि.मि. कच्ची सडक सुधार गरेको छ । यसै गरी समपुरक अनुदान अन्तर्गत ७ वटा सडक कार्यक्रम निर्माणाधीन अवस्थामा रहेको छ ।

३. प्रदेशका विभिन्न स्थानहरुमा ८ वटा पुल निर्माण सम्पन्न भएको छ ।२८ वटा पूल निर्माणाधीन अवस्थामा रहेको छाप्रादेशिक सडक संजाल गुरु योजना अन्तर्गत२ हजार २ सय ३४ कि. मि प्रादेशिक लोकमार्ग र ३ हजार ७२ किलो मिटरप्रादेशिक सडक गरि जम्मा ५ हजार ३ सय ६ किलो मिटर सडक छनौट गरि प्रादेशिक सडक संजाल गुरुयोजना कार्यान्वयनमाल्याइसकेकोछ।

४. झोलुंगे पुल क्षेत्रगत कार्यक्रम अन्तर्गत ३ वटा झोलुंगे पूल निर्माणाधीन अवस्थामा रहेको छासबै स्थानीय तह, पूर्वाधार विकास निर्देशनालय र पूर्वाधार विकास कार्यालय लाई झोलुंगे पूल निर्माणको लागि प्रविधिक सहयोग गर्न प्रादेशिक प्राबिधिक सहयोग प्रदायक संस्था सँग खरिद सम्झौता गरिएको छ ।

५. प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम अन्तर्गत मधेश प्रदेशको आठवटै जिल्लामा सडक स्तरोन्नति,बृहत मर्मत, र नियमित मर्मत सम्भार कार्य संचालनका लागि तयारी भईसकेको छ जस अन्तर्गत मधेश प्रदेशका सबै स्थानीय तहलाई पक्कि सडक मार्फत मुख्य सडक संजालसंग जोडिने छ ।

६. पर्सा जिल्ला देखि सप्तरी जिल्ला सम्मको करिब ३१२ किलोमिटर सडकलाई "मधेश शहिद राजमार्ग" को रुपमा अध्ययन कार्य सम्पन्न गरि निर्माण कार्यको लागि बजेट बिनियोजन गरि क्रमै संग कार्यान्वयन अगाडी बढाईएको छ ।

७. यस प्रदेशका विभिन्न जिल्लामा ४१ वटा धर्मशाला र १७० वटा सामुदायिक भवन निर्माण सम्पन्न भएको छ । यसका साथै, जनता आवास तर्फ ६ हजार ६ सय ९३ वटा घर निर्माण भई हस्तान्तरण भईसकेको र महेन्द्रनारायण निधि आवास कार्यक्रम अन्तर्गत ४५६ घर निर्माण भईसकेको छ ।मधेश प्रदेश सरकारको प्रशासनिक भवन निर्माणको लागि अध्ययन कार्य अगाडी बढाईएको छ।

८. ऐतिहासिक तथा पर्यटकीय स्थल बाराको गढीमाईमा तिर्थालु तथा पर्यटकलाई लक्षित गरी सुरु गरिएको धर्मशाला निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।

९. भौतिक पूर्वाधार विकास मन्त्रालय मातहतका ३ वटा शहरी विकास तथा भवन कार्यालय, २ वटा सडक डिभिजन कार्यालय र ४ वटा पूर्वाधार विकास कार्यालयहरु लाई पुनर्संरचना गरि आठ वटै जिल्लामा पूर्वाधार विकास कार्यालय स्थापना गरि प्रत्येक जिल्लाबाटएकिकृत रुपमाप्रभाबकारी सेवा प्रवाह भइरहेको छ ।

१०. प्रदेशका आठवटै जिल्लाको सदरमुकाममा रहेको नगरपालिकाको समन्वयमा आठ ठाउँमा श्रमिक विश्रामस्थल निर्माण कार्य शुरु भएको छ ।

११. यातायात व्यवस्था कार्यालय वीरगंजको लागि जग्गा प्राप्ति र डिपिआर तयारी भएको तथा यातायात व्यवस्था कार्यालय जनकपुरधाम, बर्दिबास, राजविराज र गौरको कार्यालयहरुको लागि जग्गा प्राप्ति अन्तिमचरणमा रहेको छ ।

१२. सतह सिंचाईतर्फ ५ वटा योजनाहरु सम्पन्न भई ११४० हेक्टर सिंचाई योग्य जग्गामा सिंचाई सुविधा थप भएको छ। जसअन्तर्गत मुख्यरूपमा ५ वटा हेडवर्कसहरु तथा ७.५० कि मि मूलनहर तथा १४ कि.मी. शाखा नहरहरु निर्माण भएका छन्।

१३. भूमिगत सिंचाईतर्फ ४५ वटा डिप ट्यूववेल र १५ वटा पावर ड्रिल निर्माण भई करीब ९८० हेक्टर सिंचाईयोग्य जग्गामा थप सुविधा पुगेको छ। त्यस्तै कलष्टर भूमिगत सिंचाई योजना अन्तर्गत थप ४२० हेक्टर जग्गामा सिंचाई सुविधा पुगेको छ।

१४. २४ वटा पूरानो सिंचाई योजनाहरु किसान द्वारा व्यवस्थित सिंचाई प्रणालीको मर्मत सम्भार कार्य सम्पन्न भई किसानको खेतमा पानी पुगेको र सोही योजनाको २६ वटा पूरानो सतह सिंचाई योजनाहरुको मर्मत सम्भार कार्यहरु भईरहेको छ।

१५. प्रदेशस्तरका नदी तथा खोलाहरुको नियन्त्रणकार्य ८ वटा जिल्लाहरुमा ८.९० कि. मि. सम्पन्न भई ८५० हेक्टर जग्गा उकास भएको छ र ८ वटा अति जोखिमयुक्त वस्तीहरुको संरक्षण भएको छ।

१६. ११ वटा सतह सिंचाई योजनाहरुको निर्माण कार्य हालसंचालनमा रहेको छ, जसबाट भविष्यमा करिब ३९०० हेक्टर जग्गामा थप सिंचाई सुबिधा पुग्ने छ।

१७. भूमिगत सिंचाईतर्फ ६० वटा डिप ट्यूववेल र १७ वटा पावर ड्रिलको निर्माण कार्य भईरहेको छ,जसबाट करिब १३०० हेक्टर जग्गामा सिंचाई सुविधा पुग्ने छ र क्लस्टर भूमिगत सिंचाई योजना अन्तर्गत थप ११०० हेक्टर जग्गामा सिंचाई सुविधा पुग्ने छ।

१८. प्रदेशस्तरका नदी तथा खोलाहरुको नियन्त्रण कार्य विभिन्न जिल्लाहरु गरी करीव ६.५ कि. मि. मा संचालनमा रहेको छ, जसबाट करीब ५००० हेक्टर जग्गा उकास हुने अनुमान छ र ८ वटा अति जोखिमयुक्त वस्तीहरुसंरक्षण हुने छन्।

१९. भूमिगत जलश्रोतको संरक्षण तथा पूनर्भरण कार्यक्रमलाई उच्च प्राथमिकतामा राखिएको छ।

२०. यस प्रदेशका ८ वटा जिल्लाका विभिन्न ठाँउहरुमा ७५ वटा स्थानमा हाई मास्ट टावर लाइट जडान कार्य सम्पन्न भएको छ र १०० वटा मिनि टावर लाइट जडान भएको छ । यसका साथै ८ वटा जिल्लाको विभिन्न ठाउँमा ८ वटा वाटर एटिएम मेसिन जडान कार्य सम्पन्न भएको छ ।

२१. ४१ वटा खानेपानी आयोजनाहरु सम्पन्न गरी यसबाट लगभग २० हजार घरधुरीहरु लाभान्वित भएका छन्।

२२. ७७ वटा खानेपानी आयोजनाको लागि डिप बोरिङ्गर १५९ कि.मि.पाइप लाइन बिछ्याउनेकार्य सम्पन्न भएको छ ।

२३. शहरी क्षेत्रमा सरसाफाईमा जनताको पहुँचलाई ध्यानमा राखि५४ वटा सार्बजनिक शौचालय निर्माण गरिएको छ ।

२४. सुख्खा याममा प्रदेशका विभिन्न ठाँउमा टेक्टर तथा ट्यांकरवाट ४५ दिन सम्म दैनिक खानेपानी वितरण गरिएको छ ।

२५. एक निर्वाचन क्षेत्र एक सडक कार्यक्रम छनौट मापदण्ड, २०८० कार्यान्वयनमा ल्याइएको छ ।

**आदरणीय मधेशबासी दिदीबहिनी तथा दाजुभाईहरु**

**च. समाजिकतर्फ**:

१. प्रदेशको गौरवको आयोजनाको रुपमा सरुवा रोग तथा महामारी नियन्त्रण अस्पतालको निर्माणकालागि बाराको झिट्कैयामा डिपिआर तथा जग्गा प्राप्ती कार्य शुरु गरिएको छ ।

२. प्रदेश सरकार अन्तर्गत सञ्चालित जलेश्वर, पोखरिया, भारदह र डुमरिया अस्पताललाई ५० बेडमा स्तरोन्नतिगरिएकोछ । यसबाट विशेषज्ञ, गुणस्तरीय तथा सुलभ स्वास्थ्य उपचार तथा परामर्श सेवा उपलब्ध गराउन सहज भएको छ।

३. नारायणी अस्पताल वीरगंज, गजेन्द्रनारायणसिंह अस्पताल राजविराज र प्रादेशिक अस्पताल जनकपुरमा २५/२५ वेड र कलैया, गौर, मलंगवा, जलेश्वर र सिराहा अस्पतालमा १५ /१५ बेडको ज्प्नज म्भउभलमभलअथ ग्लष्त (ज्म्)स्थापना गरी सेवा प्रदान गरिरहेको छ ।

४. प्रदेशले स्वास्थ्य क्षेत्रमा गरिएको लगानीले यस प्रदेशमा बसोबास गर्ने व्यक्तिहरुको औसत आयू ७१.५ वर्ष पुगेको छाबाल तथा मातृ मृत्युदरमा उल्लेख्यनीय सुधार हुनुको साथैकुपोषणको दर समेत घटेको छाजनताको स्वास्थ्य प्रति सरकारले लिएको सकारात्मक कदमहरुलेआधा घन्टाको दुरीमा स्वास्थ्य सेवा प्राप्त गर्ने अवस्था सृजना भइ स्वास्थ्य सेवामा जनताको पहुँच वृद्धि भएको छ ।

५. प्रदेशमा पूर्ण सुरक्षित मातृत्व, पूर्ण खोपतथा कुपोषणमुक्तप्रदेश घोषणा गरि त्यस अनुसार क्रियाकलाहरु संचालन गरिएको छ ।

६. प्रादेशिक अस्पतालमा विशेषज्ञ चिकित्सकको भर्ना, वित्तीय ब्यवस्थापन सुधार कार्य योजनातथा १ सय शैययामा स्तरोन्नति गरिएको छ। साथै सिरहा जिल्ला अस्पताललाई १५०शैययामा स्तरोन्नति गरिएको छ।

७. प्रादेशिक स्वास्थ्य क्षेत्रको विकासका लागि सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य विधयेक, स्वास्थ्य सेवा नियमावली सम्बन्धी मस्यौदा तर्जुमा भइरहेको छ । साथै प्रादेशिक स्वास्थ्य नीति प्रमाणिकरणको चरणमा रहनुको साथै स्वास्थ्य क्षेत्रमा लैगिंक समानता तथा सामाजिक समावेशिकरण रणनीति तथा कार्यान्वयन योजना निर्माण कार्य सम्पन्न भएको छ । करार सेवामा जनशक्ति छनौट सम्बन्धी कार्यविधि २०७९ तयार गरि सो कार्यान्वयनमाआएको छ ।

८. १ सय १३ स्थानीय तहमा पूर्ण खोप संचालनमा ल्याइएको छ जुन राष्ट्रिय औसतभन्दा माथिहो। त्यस्तैकुष्ठरोग उन्मूलनका लागि संचालित अनुसन्धान कार्यक्रम प्रभावकारी भएकोलेयस प्रदेशमा कुष्ठरोग उन्मुलन हुने अपेक्षा गरिएको छ ।

९. स्वास्थ्यआपतकालीन व्यवस्थापन , एम्बुलेन्स व्यवस्थापनतथा प्रेषण केन्द्रकोस्थापनाले आकस्मिक स्वास्थ्य उपचार प्रभावकारी भएको छ ।

१०. यस प्रदेशमा टिबीका बिरामीहरु उच्च रहेकोले सोको उपचार गर्नको लागि प्रदेशस्तरीय टिबी अस्पतालको स्थापनाको लागि विस्तृत परियोजना प्रतिवेदन अन्तिम चरणमा रहेको छाएचआइभीरोगीहरुको संख्या बढ्दै गएकोले सोको निदान तथा उपचारका लागि विभिन्न कार्यहरु संचालनमा ल्याइएको छ ।

११. मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानमा मानसिक स्वास्थ्यका लागि ओपिडी तथा इनडोर व्यवस्था गरिएको छ। यसका साथै प्रदेशस्तरीय मोडयुलर प्रयोगशालाको स्थापना एवम्१ सय ३६ वटै स्थानीय तहमा जनस्वास्थ्य प्रयोगशाला स्थापना भएको छ ।

१२. जेष्ठ नागरिकलाई सर्वसुलभ रुपमा स्वास्थ्य सेवा उपलव्ध गराउन सरकारी अस्पतालहरुमा विरामी दर्ता शुल्क नलाग्ने तथा प्रदेश जनस्वास्थ्य प्रयोगशाला र प्रादेशिक अस्पतालहरुमा परिक्षण गराउँदा लाग्ने शुल्कमा ९० प्रतिशत छुट प्रदान गरिएको छ ।

१३. आर्थिक रुपले विपन्न व्यक्तिहरुलाई अधिकतम रू १ लाख सम्म स्वास्थ्य उपचार सहायता दिने व्यवस्था गरिएको छ ।

१४. मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउअभियानमा प्रदेशभरका ३३०२ जना वालिकाको छोरी विमा गरिएको,उच्च शिक्षामा अध्यायनरत २९५ जना दलित, मुस्लिम र सिमान्कृत छात्रालाई छात्रवृति स्वरुपरु. २५०० देखि ३५०० सम्म प्रदान गरिएको छ ।६०० जना छात्राहरुका लागि सरकारी सेवा तयारी कक्षा निशुल्क संचालन गरिएकोछ ।

१५. सामुदायिक विद्यालयको कक्षा ९ मा अध्यनरत ८६ हजार ५ सय २३ विधार्थीलाई शैक्षिक किट सहितको झोला वितरण गरिएको छ ।

१६. प्रदेशका १ हजार ९ सय ९९ जनालाई १ देखि ३ महिना अवधिका विभिन्न ४० प्रकारका सिप मुलक तालिम प्रदान गरिएको छ ।

१७. प्रदेशका आठवटा जिल्लामा विद्यालय भवन,बर्थिङ सेन्टर,व्ययामशाला,सामुदायिक भवन निर्माण तथा मर्मत सम्भार गरी ५४३ वटा कार्य सम्पन्न भएको

*(बाँकी पृष्ठ ६ मा)*

# सीपीआरलाई प्राप्त हुने विदेशी अनुदानमा प्रतिबन्ध

**एएफपी**

नयाँ दिल्ली । भारतले एक प्रमुख थिङ्क ट्याङ्क (प्रवुद्ध) समूह, सेन्टर फर पोलिसी रिसर्च (सीपीआर)लाई प्राप्त हुने विदेशी अनुदान रोक्न लगाएको छ। सीपीआर अनुदान रोक्का हुने केही विदेशी परोपकारी संस्था, अधिकार समूह र अन्य नागरिक समाज समूहमध्ये सबैभन्दा पछिल्लो हो ।

सीपीआर भारतको सार्वजनिक नीतिबारे छलफल हुने प्रसिद्ध मञ्चमध्ये एक हो ।यसका कर्मचारीहरू भारतीय सञ्चारमाध्यममा प्रमुख वक्ता र स्तम्भकारका रूपमा स्थान पाएका प्रबुद्ध व्यक्तित्वहरू हुन् । उनीहरूले खासगरी काश्मीरको अशान्त क्षेत्रमा राष्ट्रिय सुरक्षा नीति र शासनलगायत संवेदनशील राजनीतिक मुद्दाहरूमा सञ्चारमाध्यममार्फत् दुर्लभ असहमतिको आवाज उठाएका छन् ।

सन् २०२२ मा कर विभागले छापा मारेपछि विदेशी चन्दा प्राप्त गर्ने सीपीआरको लाइसेन्सलाई गृह मन्त्रालयले अस्थायी रूपमा निलम्बन गरिसकेको छ।

भारतीय राष्ट्रिय अङ्ग्रेजी दैनिक 'द हिन्दू'ले गत बिहीबार जनाएअनुसार यसले 'समसामयिक कार्यक्रमहरू' को बारेमा रिपोर्ट प्रकाशित गरेको कारण अधिकारीहरूले लाइसेन्स रद्द गर्ने निर्णय गरेका थिए। गृह मन्त्रालयको राजपत्रमा विदेशी अनुदानसम्बन्धी नियम उल्लङ्घन गरेको भन्दै अनुमतिपत्र रद्द गरिएको पुष्टि गरिएको छ ।सीपीआरका प्रमुख अन्तर र्ष्ट्रिय दाताहरूमध्ये बिल एन्ड मेलिन्डा गेट्स फाउन्डेसन र अमेरिकी विदेश मन्त्रालय पनि थिए।

सीपीआरकी अध्यक्ष यामिनी ऐयरसँग एएफपीले प्रतिक्रियाका लागि अनुरोध

> सन् २०२२ मा कर विभागले छापा मारेपछि विदेशी चन्दा प्राप्त गर्ने सीपीआरको लाइसेन्सलाई गृह मन्त्रालयले अस्थायी रूपमा निलम्बन गरिसकेको छ ।

गरेको तर उहाँले यससम्बन्धमा तत्काल कुनै प्रतिक्रिया दिन चाहनुभएन।गतवर्ष उहाँले करछापा र विदेशी चन्दाको निलम्बनले सीपीआरलाई 'अनिश्चित वित्तीय स्थिति' मा पुऱ्याएको उल्लेख गर्नुभएको थियो।

स्थानीय सञ्चार माध्यम न्यूजलन्ड्रीले पनि गत वर्ष विदेशी अनुदानमा रोक लगाएपछि सीपीआरले आफ्नो जनशक्तिलाई ७५ प्रतिशतले कटौती गरेको र यसको सञ्चालनलाई उल्लेखनीय रूपमा कम गर्न बाध्य भएको उल्लेख गरेको थियो ।सीपीआर भारतको कडा विदेशी अनुदान नियमको उल्लङ्घन गरेको आरोप लागेका धेरै स्वतन्त्र नागरिक संगठनहरूमध्ये पछिल्लो हो।

एमनेस्टी इन्टरनेसनलले सन् २०२२ मा अक्सफामको भारतीय कार्यालयमा छापा मारेको र एमनेस्टी इन्टरनेसनलले अनुसन्धान एजेन्सीहरूलाई 'स्वतन्त्र आलोचनात्मक आवाजहरूलाई सताउन, धम्काउन, चुप गराउन र अपराधीकरण गर्न' हतियार बनाएको बताएको थियो ।

एम्नेस्टीले सन् २०१९ मा विदेशी लगानीको अनुसन्धानमा आफ्नै स्थानीय कार्यालयहरूमा छापा मारेको बताएको थियो र सरकारले आफ्नो बैंक खाताहरू रोक्का गरेपछि अर्को वर्ष भारतमा सेवा सञ्चालन बन्द गर्ने घोषणा गरेको थियो ।सन् २०१४ मा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले सत्ता सम्हालेयता भारतमा अभिव्यक्ति स्वतन्त्रता प्रभावित भएको अधिकारवादी समूहले दावी गर्दै आएका छन् । रिपोर्टर्स विदाउट बोर्डर्सले सार्वजनिक गरेको विश्व प्रेस स्वतन्त्रता सूचकाङ्कमा नेपाल २१ स्थान तल झरेर १६१ औं स्थानमा पुगेको छ।

# नशामा रहेका यात्रुले परिचारकलाई टोकेपछि विमान गन्तव्यबाट फिर्ता

**सिन्ह्वा**

टोकियो । अमेरिकातर्फ जाँदै गरेको अल निप्पोन एअरवेज (एएनए)कोविमानकापरिचारकलाई नशामा डुबेका यात्रुले टोकेपछि विमानलाई टोकियो फकाइएको जापानी वायुसेवा कम्पनीले बुधबार जनाएको छ।

एएनएका प्रवक्ताले एएफपीलाई बताएअनुसार ५५ वर्षीय एक अमेरिकी नागरिकले मादक पदार्थ सेवन गरेर चालक दलका सदस्यको पाखुरामा टोकेका थिए ।एएनएका अनुसार उक्त घटनाका कारण १५९ यात्रुसहित आकाशमा उडिरहेको विमानलाई चालकले प्यासिफिकको हनेदा विमानस्थलमा फर्काएका थिए।

जापानी प्रसारक टीबीएसबाट प्रशारित समाचारमा ती यात्रुले अनुसन्धानकर्तासँग आफ्नो व्यवहारबारे आफुलाई 'पटक्कै केही याद नभएको' बताइएको छ ।यस घटनालाई 'जोम्बी चलचित्रको सुरुवात' सँग तुलना गर्दै केही सामाजिक सञ्जाल प्रयोगकर्ताहरूले घटनाबारे पोष्टहरू सार्वजनिक गरेका छन् भने केहीले यस वर्ष अहिलेसम्म भएका जापानी हवाई घटनाको बारेमा दुःख व्यक्त गरेका छन् । जापानमा दुई हप्ताभन्दा कम समयमा चार अन्य घटनाहरू पत्रपत्रिकामा हेडलाइनमा बनेर आइसकेका छन् ।

गत जनवरी २ मा हानेदामा जापान एयरलाइन्सको विमान र सामुद्रिक सुरक्षार्थ खटिएको सुरक्षागार्डको सानो विमान ठोक्किएर दुर्घटना भएको थियो । दुर्घटनामा जेएएल एयरबसमा सवार सबै ३७९ जना विमानमा आगो लाग्नुअघि नै सकुशल झर्न सफल भएका थिए भने मध्य जापानमा गएको ठूलो भूकम्पपछि राहत कार्यमा सहयोग गरिरहेको सानो विमानमा सवार छ जनामध्ये पाँच जनाको मृत्यु भएको थियो ।

मङ्गलबार कोरियन एयरको विमानको पखेटा उत्तरी टापु होक्काइदोको विमानस्थलमा गुडिरहेको समयमा क्याथे प्यासिफिकको पार्किङ गरिराखेको विमानसँग ठोक्किएको थियो ।

कोरियन एयरका अनुसार भारी हिमपातका कारण 'थर्ड पार्टी ग्राउन्ड ह्यान्डलर' चिप्लिएपछि विमान दुर्घटना भएको हो ।गत आइतबार सिकागो विमानस्थलमा डेल्टा एयर लाइन्सको विमानसँग एएनएको विमान 'ठक्कर खाँदा' पनि यस्तै दुर्घटना भएको जापानी एयरलाइन्सले एएफपीलाई जानकारी दिएको छ।

बोइङ ७३७-८०० विमानको ककपिटको झ्यालमा समस्या देखिएपछि एएनएको अर्को विमान शनिबार नै आकस्मिक अवतरण गर्नुपरेको थियो ।सेन्ट्रल क्विन्सल्याण्ड युनिभर्सिटीका उड्डयन विज्ञ डग ड्रुरीले एएफपीसँग भन्नुभयो, " धेरै विमानस्थलहरूले निर्माण गरिएका भन्दा ठूला विमानहरू ह्यान्डल गरिरहेका छन् त्यसैले 'विङ स्ट्राइक' का घटनाहरू हुन्छन् ।"

उहाँले भन्नुभयो, "उचाईमा तापक्रम अत्यधिक हुने भएकाले विमानमा तातो सन्तुलन प्रणालीमा खराबी आएका कारण झ्याल फुटेको हुन सक्छ ।"उड्डयन विज्ञ ड्रुरीले भन्नुभयो, "यो असामान्य कुरा होइन र मेरो क्यारियरको दौडान मैले पनि अनुभव गरेको छु।

# थाइल्याण्डको पटका कारखाना विस्फोटमा २३ को मृत्यु

**एएफपी**



बैङ्कक । मध्य थाइल्यान्डमा एउटा पटका कारखानामा विस्फोट हुँदा २३ जनाको मृत्यु भएको प्रान्तीय गभर्नरले बुधबार बताउनुभएको छ।

स्थानीय उद्धार सेवाले साझा गरेको तस्बिरहरूमा जमिनमा धातुको फोहोर र कालो धुवाँको मुस्लो देखिएको छ । विस्फोट स्थानीय समयअनुसार दिउँसो ३ बजे मध्य सुफान बुरी प्रान्तको साला खाओ टाउनसिप नजिक भएको हो। सुफान बुरी प्रान्तका गभर्नर नट्टापट सुवानप्रतिपले विस्फोटक अध्यादेश डिस्पोजल समूह (इओडी) लाई उद्धृत गर्दै एएफपीलाई भन्नुभयो, "हामीले इओडी टोलीबाट २३ जनाको मृत्यु पुष्टि भएको रिपोर्ट प्राप्त गरेका छौं ।" विस्फोटका कारणबारे कुनै सङ्केत प्राप्त भएको छैन।

यद्यपि नट्टापटले के कारणले विस्फोट भएको हो भन्नेबारे अधिकारीहरूले अनुसन्धान गरिरहेको जानकारी दिनुभयो । "कारखाना वैध लाइसेन्सका साथ कानूनीरूपमा सञ्चालन भइरहेको थियो", उहाँले भन्नुभयो । प्रहरी अधिकारीहरूका अनुसार छेउछाउका क्षेत्रमा कुनै क्षति भएको छैन । "विस्फोटबाट एउटा घरको सिसाको झ्याल फुटेको छ तर अन्य कुनै रिपोर्ट प्राप्त भएको छैन", नट्टापटले भन्नुभयो ।

लेफ्टिनेन्ट जनरल नैयावत फडेमचिडले घटनाबारे प्रधानमन्त्री श्रेथा थविसिनलाई जानकारी गराइएको बताउनुभयो । प्रधानमन्त्री श्रेथा अहिले विश्व आर्थिक मञ्चका लागि स्विट्जरल्यान्डमा हुनुहुन्छ।

तल्लो पश्चिमी थाइल्यान्डका लागि जिम्मेबार प्रहरी अधिकारीले भन्नुभयो, "२० जनाको मृत्यु भएको अनुमान छ तर हामी मृत्यु हुनेहरूको आधिकारिक स२्या पुष्टि गर्न सक्तैनौं ।" उहाँले धेरै विवरण नखुलाई अधिकारीहरूले वरपरका क्षेत्रलाई सिल गरिरहेको र स्थिति सामान्य भएपछि शवको पहिचान गर्ने जानकारी दिनुभयो । "यस कारखानामा प्रतिदिन औसत २० देखि ३० जनाले काम गर्ने गर्दथे", उहाँले भन्नुभयो ।

अनलाइन पोस्ट गरिएको आधिकारिक वयानमा प्रधानमन्त्री श्रेथाले मृतकका परिवारप्रति दुःख व्यक्त गर्नुभएको छ । उहाँले कारखाना अवैधरूपमा सञ्चालन भइरहेको थियो वा थिएन र घटनाको कारणबारे पनि छानबिन गर्न आदेश दिनुभएको छ । थाइल्यान्डमा पटका र अन्य आतशबाजी उत्पादन गर्ने कारखानाहरूमा विस्फोट असामान्य होइन । गत वर्ष दक्षिणी नाराथिवाट प्रान्तको सुङ्गई कोलोक सहरमा एउटा आतशबाजीको गोदाममा विस्फोटपछि कम्तीमा १० जनाको मृत्यु भएको थियो ।

विस्फोट भवनमा निर्माण कार्यका क्रममा वेल्डिङका कारण भएको थियो र प्रहरीले पछि लापरवाही गरेको आरोपमा कारखाना मालिकलाई खोजी गरेको थियो । गत वर्ष उत्तरी सहर चियाङ माईमा एउटा पटका कारखानामा विस्फोट हुँदा ११ जना घाइते भएका थिए।

# माननीय मुख्यमन्त्री श्री सरोज कुमार यादवनेतृत्वको....

छ।

१८. आधारभूत र माध्यमिक तहका विभिन्न विषयका ५५८ जना शिक्षकलाई टि पि डी र २५६ जना लाई सूचना प्रविधि तालिम प्रदानगरिएको छ।

१९. प्रदेशभर ३७ वटा खेलमैदान, ३ वटा रंगशाला,१ वटा क्रिकेट मैदान र २ वटा ब्याडमिन्टन हल, ६ वटा युवा मिलन केन्द्र, ८ वटा जेष्टनागरिक मिलन केन्द्र,अपाङ्ग मैत्री भवन,आश्रम आदि निर्माण तथा स्तरोन्नति गरिएको छ।

२०. अपाङ्गहरुका लागि २५ थान व्हील चियर वितरण गरिएको छ।

२१. प्राविधिक शिक्षा सञ्चालन भएका ५५ वटा विद्यालयलाई रु २५ लाखका दरले अनुदान प्रदान गरिएको छ।

२२. प्रदेशका प्रत्येक निर्बाचन क्षेत्रका ६४ वटा सामुदायिक विद्यालयमाकम्प्युटर ल्याबसहितको सूचना तथा संचार प्रविधि पुर्वाधार निर्माणगरिएको छ।

२३. प्रत्येक जिल्लाका सामुदायिक विद्यालयमा १० जनाका दरले ८० जना स्टाफ नर्स र अनमी नियुक्ति र परिचालन भएको छ।

२४. दलित तथा सिमान्कृत समुदायका लागि ४०० थान कम्बल,म्याट र न्यानो टोपी वितरण गरिएको छ।

२५. सामुदायिक विद्यालयमा अध्ययनरत २५० जना छात्रालाई आत्मरक्षा तालिम र १३६ वटा स्थानिय तहका शिक्षा शाखा प्रमुखलाई क्षमता विकास तालिमसञ्चालन भएको छ।

२६. २०० वटा वालविकास केन्द्रलाई वाल शैक्षिक सामग्री बितरण कार्य सम्पन्न भएको छ।

२७. प्रदेशमा रहेका बेरोजगारहरु मध्ये तिन हजार युवाहरुलाई सिप विकास तालिम सहित कम्तिमा तिन महिनाको रोजगारी दिने कार्य आरम्भ भएको छ।

२८. मधेशको इतिहास लेखन कार्य अगाडी बढेको छ। यसमा मधेशको प्राचिन इतिहास, मध्यकालिन इतिहास, आधुनिक इतिहास, समाजिक इतिहास, सांस्कृतिक इतिहास र आर्थिक इतिहास समेटिने छ। यसले वर्तमान र भावी पुस्ताको मधेशको पहिचान, इतिहास, साँस्कृति विकास तथा समृद्धिका लागि मार्गदर्शन गर्नेछ।

२९. मधेश प्रदेश साक्षर प्रदेशका निम्ती कार्यक्रम ल्याइएको साथै अबको दोस्रो कार्यकालमा साक्षर प्रदेश घोषणा गरिनेछ।

३०. प्रदेशस्तरिय शिक्षा नीति, ऐन, नियमावली तथा योजना नीति निर्माणका थालनि गरिएको छ।

**आदरणीय मधेशबासी दिदीबहिनी तथा दाजुभाईहरु**

**छ. कृषि, सहकारी तथा पशुपालन तर्फ:**

१. प्रदेश भरि ५२ हेक्टरमा नयाँ मत्स्य पोखरी निर्माण मार्फत् माछाको उत्पादन करिब २५० मेट्रिक टनले बृद्धि भएको छ।

२. कृषि, पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम अन्तर्गत १३१ जना कृषकहरुलाई आधुनिकिकरण तथा व्यवसायिकरण गरि कृषि उत्पादन तथा उत्पादकत्व बृद्धिबाट प्रत्यक्ष र अप्रत्यक्ष रोजगारी सिर्जना भएको छ।

३. सिंचाई व्यवस्थापन प्रवर्धन सहयोग कार्यक्रम अन्तर्गत स्यालो ट्यूववेल तथा मोटर सेट ८५ प्रतिशत अनुदानमा जडान मार्फत् १ हजार ९० कृषक लांभावित भई थप १५०० हेक्टरमा सिंचाई सुविधा विस्तार भएको छ।

४. कृषि यन्त्र उपकरण प्रबर्द्धन सहययोग कार्यक्रम अन्तर्गत पावर टिलर, मिनि टिलर रोटावेटर, रिपर लगायतका कृषि यन्त्र उपकरणमा ६५२ कृषकहरु लाभांवित भई कृषि यान्त्रिकरणमा सहयोग पुगेको छ।

५. पशुहरुमा लाग्ने विभिन्न संक्रामक रोगहरु (पि.पि.आर., खोरेत, एच.एस.बि.क्यु, स्वाईन फिवर आदि) को रोकथाम तथा नियन्त्रणका लागि करिव २४ लाख ३१ हजार पशुहरुमा खोप कार्यक्रम संचालन भई रोग नियन्त्रणमा सहयोग पुगेको छ।

६. गाईभैंसीहरुमा देखा परेको लम्पी स्कीन रोगरोकथाम तथा नियन्त्रणका लागि करिब ६४ हजार पशुहरुमा उक्त रोग बिरुद्धको खोप लगाई तत्काल रोग नियन्त्रण गरि क्षति न्यूनिकरण गरेको छ।

७. प्रदेश भरि करिब ४७ हजार गाईभैंसी गरी कुल ९५ हजार पशुहरुलाई उपचार सेवा प्रदान गरेको छ।

८. माटोको स्वास्थ्य सुधार गर्ने उद्देश्यले प्राङ्गारिक मलको प्रयोगमा बृद्धि र माटो जाँचका कार्यक्रमहरुलाई पालिका स्तरसम्म पुर्यादउन मोबाईल भ्यानको प्रयोगलाई प्राथमिकतामा राखि कार्य गरिरहेको छ।

९. बिउबिजन गुणस्तर नियमनलाई निरन्तरता दिई बीउको प्रमाणिकरण र यथार्थ संकेत पट्टा लगाउने कार्य गरि बीउको गुणस्तर कायम गरिएको छ।

१०. दुधको संचिती र गुणस्तर कायम गरी बजारीकरणमा सहजता गर्न चिलिङ्ग भ्याट लगायत सामाग्री विर तरण गरि दुग्ध क्षेत्रको विकासमा टेवा पुर्यासएको छ।

**आदरणीय मधेशबासी दिदीबहिनी तथा दाजुभाईहरु**

**ज. उद्योग र व्यापार तर्फ:**

१. प्रदेशका ८ वटै घरेलु तथा साना उद्योग कार्यालयबाट संचालित उद्यमशिलता विकास र एडभान्सतालिम, उद्यमी श्रृजना तथा सिप मुलक र भगत सर्वजित सिप विकास प्रवर्द्धन कार्यक्रम अन्तर्गत ३ हजार ३ सय ६४ जना महिला र ७४७ जना पुरुष गरी कुल ४ हजार ४ सय ११ जना व्यक्तिले सिप मूलक तालिम प्राप्त गरेको छ। यस सिप मूलक तालिमबाट प्रशिक्षार्थिहरु आत्मनिर्भर भई प्रदेशको गरिबी निवारण र आर्थिक विकासमा टेवा पुग्नेछ।

२. प्रशिक्षार्थी प्रविधि हस्तान्तरण कार्यक्रम बाट जम्मा ८९ जनाले अनुदान पाएका छन् ।यसले सिप प्रविधिको हस्तान्तरणले उनीहरुको जिविकोपार्जनमा सहयोग पुग्ने छ।

३. आ.व. २०८०/०८१ मा मधेश प्रदेशमा कुल जम्मा २ हजार ३० उद्योग दर्ता भएका छन् र यसबाट कुल राजश्व तीन करोड बाह्र लाख तिर्सठ्ठी हजार तीन सय पैसठ्ठी संकलन भएको छ।

**आदरणीय मधेशबासी दिदीबहिनी तथा दाजुभाईहरु**

**झ. वन तथा वातावरणतर्फ:**

१. "हरित प्रदेश अभियान" अन्तर्गत ८ वटै जिल्लामा उच्च प्रविधियुक्त (हाईटेक) वन नर्सरी स्थापना गरी ६३ लाख ४५ हजार गोटा विरुवा उत्पादन कार्यबाट वृक्षारोपण तथा निजी जग्गाधनी समेतलाई निःशुल्क वितरण गरेको छ।

२. प्रदेश भित्रको ३१ वटा सामुदायिक वनको ६हजार ७ सय ५० हेक्टर तथा १७ वटा साझेदारी वनको ४१ हजार ४ सय १२ हेक्टर गरी जम्मा ४८ हजरा १ सय ६२ हेक्टर वन क्षेत्रमा दिगो वन व्यवस्थापन गरिएको छ । उक्त कार्यक्रमबाट १ लाख ४० हजार घन फिट काठ उत्पादन भएको र स्थानीय उपभोक्तालाई नियमानुसार काठ दाउरा उपलब्ध गराइएको छ।

३. सार्वजनिक, ऐलानी, पर्ति, खाली वन क्षेत्र तथा निजी जग्गा गरी ८७५ हेक्टर क्षेत्रमा बृक्षारोपण गरी हरियाली अभिबृद्धि भई वढ्दो जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्न सहयोग पुगेको छ।

४. मधेश प्रदेशमा वन विकास तथा विस्तार गर्नका लागि"समृद्धिका लागि वन परियोजना" मार्फत २५ वटा स्थानीय तहमा रु ५२ लाखका दरले वजेट विनियोजन भई निजी तथा सार्वजनिक जग्गामा बृक्षारोपण कार्य गराईएको छ।

५. धनुषाधाममा रहेको वन संरक्षण क्षेत्रलाई पर्यापर्यटन स्थलको रुपमा विकास गर्न पार्क निर्माण, पोखरी सौन्दर्यिकरण, वनस्पति उद्यान, वन्यजन्तु उद्धार केन्द्र स्थापना, सडक स्तरोन्नति लगायतका कार्यहरुसम्पन्न गरिएको छ।

६. मधेश प्रदेशका ८ वटै जिल्लामा सडक किनारको दायाँवाँया जम्मा ५६.५ किलो मीटर बृक्षारोपण गरिएको छ। जसबाट हरियाली अभिबृद्धि तथा सडक सौन्दर्यीकरण भई वातावरण सन्तुलनमा सहयोग पुगेको छ।

७. चुरे क्षेत्रमा ९० हेक्टर अति संवेदनशील स्थानको पहिचान भई तारबार सहितको प्राकृतिक पुनरुत्पादनको संरक्षण तथा व्यवस्थापन कार्य गरिएको छ ।करिब १ सय ६५ हेक्टर वन अतिक्रमण हटाई तारबार सहितको बृक्षारोपण कार्य सम्पन्न भएको छ।

८. नदी कटान तथा तटवन्ध निर्माण, आकस्मिक एवं एकीकृत भू-संरक्षण कार्य, पानी मुहान संरक्षण, संरक्षण पोखरी निर्माण, बृक्षारोपण लगायतका भू-संरक्षण तथा जलाधार व्यवस्थापन कार्य सम्पन्न भएको छ।

९. उद्योग, कलकारखाना, अस्पताल, भौतिक पूर्वाधार निर्माण लगायतका कार्य गर्न वातावरणीय अध्ययन सम्वन्धी प्रारम्भिक वातावरणीय परिक्षणको कार्यसूची ३५ वटा र प्रतिवेदन ४४ वटा तथा वातावरणीय प्रभाव मूल्याङ्कनको स्कपिङ्ग ३ वटा, कार्यसूची ४ वटा र प्रतिवेदन १ वटा स्वीकृत भई वातावरणीय प्रदूषण रोकथामको कार्यमा सहयोग पुगेको छ। साथैवातावरणीय क्षेत्रको अनुपालना अनुगमनको कार्य अगाडि वढाइएको छ।

१०. वन तथा वातावरण क्षेत्रमा भएको लगानीबाट कूल १० लाख ३३ हजार ९ सय २१ दिन रोजगारी सृजना भएको छ।

**आदरणीय मधेशबासी दिदीबहिनी तथा दाजुभाईहरु**

**ञ. शान्ती सुरक्षा तथा संचारतर्फ:**

१. मधेश प्रदेशका विभिन्न जिल्लामा रहेका ११ वटा प्रहरी चौकी निर्माण कार्यहरु अन्तिम चरणमा रहेको छ। साथै थप १८ वटा प्रहरी चौकी निर्माणका लागि बोलपत्र आव्हान गरिएको छ।

२. राजमार्ग, सहायक राजमार्गमा र सशस्त्र सिमा सुरक्षा बेस क्यापहरुमा सिसिटिभि जडान तथा संचालनमाल्याईशान्ती सुरक्षा व्यवस्थापन र सिमा सुरक्षालाई व्यवस्थित तुल्याइएको छ।

३. प्रदेश डायरी कार्यक्रम अन्तर्गत रेडियो टेलिभिजन कार्यक्रमहरु संचालन गरी प्रदेश सरकारका सूचनाहरु जनता माझ सम्प्रेषण गरिएको छ।

४. ११० जना महिला पत्रकारहरुको स्वास्थ्य र दुर्घटना विमा, महिला पत्रकारहरुको लागि आत्मरक्षा तथा साइवर सुरक्षा सम्वन्धी प्रशिक्षण तालिम सम्पन्न भएको छ।

५. मधेश प्रदेशका एफएम, रेडियो, टिभिर पत्रपत्रिकाहरुलाई लोक कल्याणकारी विज्ञापन उपलव्ध गराउने कार्यलाई निरन्तरता दिएको छ। यस अवधिमा २७ वटा अनलाइन मिडिया दर्ता र नविकरण गरिएको छ।

६. मधेश प्रदेशका ८ वटै जिल्लामा जलवायू परिवर्तन, प्राकृतिक प्रकोप तथा मानव सिर्जित विपद् पिडितहरुको लागिसरकारले राहतको व्यवस्था गरेको छ । यस्ता विपद्को घटनामा परी मृत्यु भएका व्यक्तिको परिवारजनलाई रु. १ लाख, आगलागीबाट पिडित व्यक्तिको लागि रु. १० हजार गरी जम्मा रु. १२ लाख १० हजार राहत स्वरुप आर्थिक सहयाता उपलव्ध गराईएको छ।

७. जनयुद्ध र मधेश आन्दोलनका सहिद परिवारहरुलाई रु. ७ करोड ५२ लाख र मधेश आन्दोलनका घाइतेलाई ५८ लाख गरी कुल ८ करोड ४ लाख आर्थिक सहायता प्रदान गरिएको छ।

**आदरणीय मधेशबासी दिदीबहिनी तथा दाजुभाईहरु**

अब म तपाईहरु समक्ष मधेश प्रदेश सरकारले जनताको जिवनस्तरमा सकारात्मक परिवर्तन गर्ने उद्देश्यले संचालन गरि रहेका र आगामी दिनमा कार्यान्वयन गर्ने केहि मुख्य-मुख्य कार्यक्रमहरु जानकारी गराउन चाहन्छु।

**ट. हाल संचालनमा रहेका प्रमुख कार्यक्रमहरु:**

१. अगामि ३ वर्ष भित्र प्रदेश भित्रका प्रत्येक पालिकामा सिंचाई सुबिधा पुग्ने गरी विद्युतीकरणको कार्यलाई तिव्रताका साथ अघि बढाइनेछ।

२. मधेश प्रदेश सरकारको १० वर्षिय प्रादेशिक कृषि गुरुयोजना तयार गरी सोही बमोजिम यस प्रदेशको कृषि व्यस्वस्थापन कार्यलाई उच्च प्राथमिकताका साथ कार्यान्वयनमा ल्याउन सो कार्य अगाडी बढाइनेछ।

३. दिगो भुव्यवस्थापन मार्फत लखनदेही नदी बेसिनका जलाधारहरु पुर्नरुत्थान तथा जिविकोपार्जनमा सुधार ल्याउनेकार्यक्रम अगाडी बढाइनेछ।

४. मधेशको लाइफलाइनको रुपमा रहेका चुरे संरक्षणलाई व्यवस्थापन गर्नको लागि चुरे संरक्षण कार्यक्रम प्रदेशको गौरव योजनाको रुपमा अगाडी बढाइनेछ।

५. मधेश प्रदेशको शिक्षा व्यवस्थापन कार्यलाई सुदृढीकरण, व्यवस्थित तथा गुणस्तरीय शिक्षाका लागि क्ष्क्रत ेबिद, प्रविधि युक्त शैक्षिक वातावरण सृजना गर्न विभिन्न कार्यक्रम अगाडी बढाइएको छ र बाल-मैत्री शिक्षा विकास कार्यक्रम मार्फत बाल विकास केन्द्रलाई थप परिणाममुखी र व्यवस्थित तुल्याउनेछ।

६. स्वास्थ्य सेवालाई थप बिस्तार गर्न मेरो स्वास्थ्य मेरो जिम्मेबारी नाराका साथ पालिकाको समन्वयमा नागरिक आरोग्य सेवा केन्द्रको स्थापना र संचालनमा ल्याइएको छ।

७. मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गत बर्न अस्पताल, क्यान्सर रोग अस्पताल, कार्डोलोजी र अनकोलोजी सम्बन्धि विशेषज्ञ सेवा संचालनमा ल्याइने छ।

८. सन् २०३० सम्म मधेश प्रदेशलाई बालविवाह मुक्त बनाउन१० वर्षे रणनीतिक योजना र बाल सहभागिता कार्यविधि स्वीकृति गरि सो कार्यलाई अगाडी बढाउने छ।

९. आउदा दिनमा स्वचालित सबारी चालक प्रणालिबाट सबारी चालक अनुमतिपत्र सम्बन्धि परिक्षा संचालनको प्रारम्भ हुनेछ।

१०. हुलाकि राजमार्ग लगायतको प्रादेशिक सडकमा मधेश परिवहन संचालन गरिनेछ।

११. यसै आ.ब.मा प्रदेशका नागरिकहरुलाई स्वच्छ खानेपानी उपभोगका लागि ५० वटा खानेपानी योजनाहरुका कार्यक्रमहरु सम्पन्न हुनेछ।

१२. ११ औं राष्ट्रिय खेल यसै प्रदेशमा सम्पन्न हुने गरि आवश्यक पुर्वाधार निर्माणको कार्य प्रारम्भ गरिएको छ। यसै कार्य अन्तर्गत सबै जिल्लामा रंगशाला इनडोर कवर्डहल र खेल मैदानको निर्माण शुरुवात गरिएको छ।

**यस अवधिमा निर्माण भएका कानूनहरुको अवस्था देहाय अनुसार रहेका छन् :**

**मधेश प्रदेश सरकारबाट प्रदेश सभामा दर्ता गराएका विधेयकहरु:**

१. प्रदेश खेलकुद विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

२. प्रदेश बालिका संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

३. प्रदेश बाल अधिकार (पहिलो संसोधन) विधेयक

४. स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

५. मधेश प्रदेश सवारी तथा यातायात व्यवस्था विधेयक

६. प्रदेश कृषि विकास विधेयक

**सैधान्तिक स्वीकृती**

१. प्रदेश युवा परिषद्को सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा तर्जुमा गर्नको लागि सैधान्तिकस्वीकृति।

२. पिछडावर्ग विकास समिति सम्बन्धमा व्यवस्था गर्ने सम्बन्धी विधेयकको सैद्धान्तिक स्वीकृति।

३. प्रादेशिक व्यापार तथा व्यवसाय विधेयक मस्यौदा तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति।

**ऐन**

१. मधेश प्रदेशका केही कानूनलाई संसोधन गर्ने ऐन-२०८०

२. आर्थिक ऐन-२०८०

३. मधेश प्रदेश विनियोजन ऐन-२०८०

**नियमावली**

१. मधेश प्रदेश सरकार (कार्यसम्पादन) नियमावली, २०८०।

२. मधेश प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०८०।

**कार्यविधी**

१. कानून तर्जुमा तथा सुझाव समिति सम्बन्धी कार्यविधि, २०८० स्वीकृत।

२. वायोग्यास ऊर्जा अनुदान परिचालन कार्यविधि, २०७९ स्वीकृत।

३. सौर्य उर्जा विशेष कार्यक्रम कार्य सञ्चालन तथा अनुदान परिचालन कार्यविधि, २०७९ स्वीकृत।

४. मधेश भवनको भौतिक संरचनाको (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०८० स्वीकृत।

५. आर्थिक सहायता व्यवस्थापन कार्यविधि, २०८० स्वीकृत।

६. उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८० स्वीकृत।

७. लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परिक्षण कार्यविधि, २०८० स्वीकृत।

**निर्देशिका**

१. प्रदेशस्तरीय निकायका निजामती कर्मचारीहरुको आन्तरिक पर्यटन कार्यक्रम सञ्चालन निर्देशिका, २०८० स्वीकृत।

२. शिक्षा विकास इकाई स्थापना तथा संचालन निर्देशिका, २०८० स्वीकृत।

३. मधेश भवन परिसर (ज.चु.का.लि.) सुरक्षा निर्देशिका, २०८० स्वीकृत।

**नीति**

१. मधेश प्रदेश सरकार, श्रम तथा रोजगार नीति, २०७९ स्वीकृत।

# हाइड्रोपोनिक चारा उत्पादन परीक्षण प्रविधि सुरु

टुडे समाचारदाता

कर्णाली । हिमाली जिल्ला जुम्लामा हाइड्रोपोनिक चारा उत्पादन परीक्षण प्रविधि सुरु गरिएको छ। युएसएआईडीको आर्थिक तथा वाइन्ड पावर प्रालिको प्राविधिक सहयोगमा तिला गाउँपालिका-३ कुडारीमा महिलाद्वारा सञ्चालित हिमाली बचत तथा ऋण सहकारी संस्था लिमिटेडमा यो प्रविधि सुरु गरिएको हो।



वाइन्ड पावरले जुम्लामा गत पुसदेखि सुरु गरेको यो प्रविधिअन्तर्गत चिसोमा गाईवस्तुको आहारका लागि हाइड्रोपोनिक चारा उत्पादन लाभदायिक देखिएको छ। बेमौसमी समयमा गाईवस्तुलाई हरियो एवं पौष्टिक आहार दिएर दूध तथा मासुजन्य वस्तु उत्पादनमा वृद्धि ल्याउने उद्देश्यले सुरु गरिएको यो प्रविधि जलवायु परिवर्तन अनुकूलनमा पनि सहयोगी रहेको वाइन्ड पावर प्रालि नेपालका निर्देशक कुशल गुरुङले जानकारी दिए।

"वर्षमा पाँच महिनाभन्दा बढी हरियो आहारा नपाउने सुक्खा क्षेत्रका जिल्लामा पशुवस्तुको स्वास्थ्य र उत्पादनमा वृद्धि ल्याउने उद्देश्यले परीक्षण प्रविधि सुरु गरिएको हो," उनले भने, "उच्च प्रविधिको प्लास्टिक टनेलभित्र माटोरहित जमरा उत्पादन गरिन्छ।" यस विषयमा सहकारीमा आबद्ध किसानलाई प्रालिले सैद्धान्तिक तालिम दिएको निर्देशक गुरुङको भनाइ थियो।

प्रालिका व्यवस्थापक सिसन महर्जनले एक दिनमा ५० किलोग्राम हाइड्रोपोनिक चारा उत्पादन गर्न सकिने बताए । "हाइड्रोपोनिक भनेको जमरा उत्पादन गर्ने प्रविधि हो। गाउँघरमा माटो हालेर जमरा उत्पादन गरिन्छ तर यो प्रविधिअनुसार बीउमा पानीमात्र हालिन्छ," उनले भने, "यसरी उत्पादन हुने जमराको जरामा पोषक तत्व हुने भएकाले पशुवस्तुलाई जरैदेखि खुवाइन्छ।"

हिमाली जिल्लामा हिउँदको समयमा पशुवस्तुका लागि पौष्टिक आहार उत्पादन गर्न परीक्षण प्रविधि सुरु गरिएको व्यवस्थापक महर्जनले बताए। यो परीक्षण प्रविधि सफल भएमा अन्य हिमाली जिल्लामा विस्तार गरिने जानकारी दिँदै उनले भने, "यो बाँसमा वा प्लास्टिक ट्रेमा अन्न भिजाई टनेलभित्र राखेर दुई हप्तामा उमार्न सकिन्छ। जौ र गहुँजस्ता अन्न उमारेर हाइड्रोपोनिक चारा उत्पादन गरिन्छ। यो प्रविधि किसान आफैँले गर्न सके अझ बढी लाभदायक हुने देखिन्छ।"

हिमाली महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेडका व्यवस्थापक मुनिनाथ योगीले एक केजी बीउबाट पाँचदेखि छ केजीसम्म चरा उत्पादन गर्न सकिने बताए। "उत्पादित चारा हामीले प्रतिकेजी रु ५५ मा बेच्न खोज्यौँ तर यहाँ अहिलेसम्म किसानले किनेर पशुवस्तुलाई खुवाउने संस्कार नभएकाले खपत गर्न समस्या भयो," उनले भने।

व्यवस्थापक योगीका अनुसार प्रालिले चारा उत्पादनका लागि आवश्यक समान र प्लास्टिक सहयोग गरेको छ। जौ र गहुँको बीउ सहकारी सदस्यहरुले जोहो गरेका छन्। रु एक हजार पाँच सयको ३० केजी बीउ संस्थाले किनिदिएको हो । जमरा बहुउपयोगी भएकाले यसबाट जुस निकाल्ने उपकरण र प्रशोधित जुस नेपाली बजारमा निर्यात गर्नका लागि सहयोगी संस्थालाई समन्वय गरिदिन उहाँले अनुरोध गरे।

युएसएआईडी कर्णाली जलपरियोजनाअन्तर्गत तिला जलाधार परियोजनाका जलाधार सल्लाहकार नरवीर ऐडीले हाइड्रोपोनिक चारा उत्पादन प्रविधि परीक्षण अवस्थामै रहेको बताए । माटो नराखी बीउलाई पानीमा भिजाएर उत्पादन गर्ने प्रविधि सरल र छरितो नै देखिन्छ," उनले भने, "मूलतः यसबाट उत्पादन हुने जमरा बहुउपयोगी छ जसलाई चाराका लागिमात्र प्रयोग नगरी जुस बनाएर बजारमा बेच्न सकिन्छ।"

जमराको जुस ठूलो परिमाणमा उत्पादन हुन सक्ने भएमा स्थानीय बजारदेखि बाहिर पनि बेच्न सकिनेबारे सोच्न सकिने सल्लाहकार ऐडीको भनाइ थियो । यता तिला गाउँपालिका-३ कुडारी गाउँमा दुईवटा भैँसी पाल्दै आएका सहकारी सदस्य कल्पना हमालले चारा खुवाउँदा सुरुमा केही असर गरे पनि अहिले दूधमा सुधार आएको बताईन्। पहिलो पटक भैँसीलाई यसरी हिउँदमा हरियो चारा खुवाइएकाले यसको वास्तविक परिणाम आउन एक/दुई महिना पर्खनुपर्ने उनको भनाइ थियो।

हाल रु ६८ लाख ८६ हजार दुई सय ७८ सम्पत्ति रहेको सहकारी संस्थामा एक जनजाति, दुई सय १५ दलित, चार सय १३ अन्य सदस्य गरी छ सय १९ महिला आबद्ध छन्। सहकारी सदस्य गोरीकला कामी, बिजुली योगी, कल्पना हमाल, मञ्जु बोहोरा र संस्था बाहिरको किसाना रामबहादुर रावलले १०/१० केजी चारा उत्पादन गर्दै आएका छन्।

# एडिबीसँग ऋण र अनुदान सम्झौता

टुडे समाचारदाता

काठमाण्डु । नेपाल सरकार र एसियाली विकास बैंक (एडिबी) बीच १६ करोड अमेरिकी डलर (करिब रु २१ अर्ब बराबर) को सहुलियतपूर्ण ऋण र ६० लाख अमेरिकी डलर (करिब रु ७० करोड बराबर) को अनुदान सम्झौता भएको छ।

सहरी जीवनयापन सुधार परियोजना (अर्बन रेजिलियन्स एन्ड लाइभाबिलिटी इम्प्रुभमेन्ट प्रोजेक्ट) कार्यान्वयनका लागि बुधबार अर्थ मन्त्रालयमा भएको उक्त सम्झौतामा अर्थसचिव कृष्णहरि पुस्कर र एडिबीका नेपालका लागि देशीय निर्देशक आर्नोड कोस्वाले हस्ताक्षर गरे।

सो परियोजना पोखरा महानगरपालिका, जनकपुरधाम उपमहानगरपालिका, लुम्बिनी सांस्कृतिक नगरपालिका, देवदह नगरपालिका,सैनामैनानगरपालिका, सिद्धार्थनगर नगरपालिका र तिलोत्तमा नगरपालिकामा कार्यान्वयन हुनेछ।

सम्झौतापत्रमा हस्ताक्षर पछि प्रतिक्रिया दिँदै अर्थसचिव पुष्करले यो परियोजना कार्यान्वयन हुने पालिकाको वित्तीय तथा समग्र प्राकृतिक पारिस्थितिक प्रणालीमा सकारात्मक प्रभाव पार्ने बताए।

महिला, सीमान्तकृत तथा अर्थसामाजिक रुपमा पिछडिएका समूहको लागि इन्टर्नसिप, सीप सुधार र स्थानीय कलालाई समर्थन गर्नमा पनि योगदान गर्ने उनको भनाइ छ।

एडिबीका देशीय निर्देशक कोस्वाले बुधबार सम्झौता भएका परियोजनाले सम्बन्धित पालिकाको पूर्वाधारमा सुधार, पर्यटन सम्पदाको पुनःरुत्थान र सुधारमा सहयोगी हुने अपेक्षा गरिएको बताए। पूर्वाधार निर्माण र आर्थिक क्रियाकलाप सञ्चालनसँगै राजस्व वृद्धि, डिजिटल रूपान्तरण र स्थानीय सरोकारवालाको क्षमता अभिवृद्धिका लागी सहयोग गर्ने उनको भनाइ छ।

सम्झौता कार्यान्वयन पछि ती पालिकामा प्राकृतिक, सांस्कृतिक र सम्पदा पर्यटन सम्पदाको पुनःरुत्थान गर्न, संस्थागत क्षमतालाई सुदृढ गर्न सहयोग गरेर परिवर्तनकारी प्रभाव पार्ने अपेक्षा गरिएको छ।

यस परियोजनाले सम्बन्धित नगरपालिकाको लगानी योजनामा तोकिएका प्राथमिकतासँग मिलाएर पूर्वाधार विकास गर्ने जनाइएको छ।

# नेप्से परिसूचकमा गिरावट

टुडे समाचारदाता

काठमाण्डु । तीव्र उतारचढावका बीच बुधबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अङ्कको गिरावट देखिएको छ।

नेप्से परिसूचक १२ दशमलव १० अङ्कले घटेर दुई हजार एक सय ६३ दशमलव ०६ विन्दुमा कायम भएको छ।

बुधबार तीन सय कम्पनीको तीन करोड ३५ लाख २५ हजार सात सय दुई कित्ता शेयर दुई लाख १० हजार चार सय ७१ पटक खरिदबिक्री हुँदा रू नौ अर्ब ७६ करोड ८९ लाख ६९ हजार आठ सय ६८ बराबरको कारोबार भएको छ।

बुधबार बैंकिङ समूह शून्य दशमलव ४०, विकाश बैंक शून्य दशमलव १९, लघुवित्त शून्य दशमलव २८ र अन्य समूह एक दशमलव ९४ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ। सबैभन्दा धेरै वित्त समूह तीन दशमलव ५१ र जलविद्युत समूह दुई दशमलव ८० प्रतिशतले घटेको छ।

ग्लोबल आईएमइ लघुवित्त वित्तीय संस्था लिमिटेड र नेपाल वेयर हाउसिङ लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने इस्टर्न हाइड्रोपावर लिमिटेड र भूगोल इनर्जी डेभलपमेन्ट कम्पनी लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्कीट लागेको छ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रू ६५ करोड ८४ लाख ९० हजार दुई सय ८५ बराबरको कारोबार भएको छ। कारोबार भएका शेयर संख्याका आधारमा भने सबैभन्दा धेरै एनआईबिएल ग्रोथ फन्डको १५ लाख २७ हजार नौ सय ५० किता सेयर कारोबार भएको छ।

# चार करोडभन्दा बढीको सुन्तला बिक्री



टुडे समाचारदाता

त्रिवेणी । रुकुम पश्चिमको मुसिकोट नगरपालिका-१० झ्याङका सुन्तला किसान झुपलाल खड्का गत वर्षको भन्दा दोब्बर मूल्यमा गाउँबाटै सुन्तला बिक्री गर्न पाउँ दङ्ग छन्।

अघिल्लो वर्ष प्रतिकेजी रु २५ का दरले सुन्तला बिक्री भएकामा यस वर्ष प्रतिकेजी रु ५२ मा सुन्तला बिक्री हुँदा आफू निकै खुशी भएको उनले बताए। "बारीबाट नौ क्विन्टल सुन्तला बिक्री भयो, सानो दानालाई प्रतिकिलो रु ३० का दरले र ठूलो दानालाई प्रतिकिलो रु ५२ का दरले सुन्तला बिक्री हुँदा खुशी लागेको छ। गत वर्ष रु २५ का दरले सुन्तला बिक्री गर्दा खर्चसमेत उठाउन मुस्किल भएको थियो। यस वर्ष दोब्बर मूल्यमा सुन्तला बिक्री हुँदा निकै खुशी छु," खड्काले भने।

सुन्तला बिक्रीबाट रु ५३ हजार आम्दानी भएको र बिक्री गर्न अझै केही सुन्तला बाँकी रहेको उनले बताए। हाल खड्काको बारीमा एक सय बोटले फल दिन थालेको छ। सुन्तला राम्रो उत्पादन हुने भएकाले एक सय बोट थप गर्ने सोचमा खड्का छन्।

वडा कार्यालयको समन्वयमा गाउँबाटै सुन्तला बिक्री हुँदा अर्का सुन्तला किसान एक्कबहादुर खड्काले पनि निकै खुशी लागेको बताए। अघिल्लो सालको भन्दा दोब्बर आम्दानी हुनाका साथै बारीबाटै रु ८३ हजारको सुन्तला बिक्री गरिएको उनको भनाइ थियो।

गत वर्षको तुलनामा यस वर्ष उत्पादन र मूल्य दुवै वृद्धि भएकाले किसानले राम्रो मूल्य पाएको रुकुम पश्चिमस्थित कृषि विकास कार्यालले जनाएको छ। जिल्ला यस वर्ष एक हजार एक सय ५० मेट्रिक टन सुन्तला उत्पादन गरेर किसानले रु चार करोड ६० लाख आम्दानी गरेका उक्त कार्यालयका निमित्त प्रमुख मीनबहादुर केसीले जानकारी दिए।

उनका अनुसार गत वर्ष प्रतिकेजी रु २५ देखि रु ३० सम्ममा सुन्तला बिक्री भएकामा यस वर्ष प्रतिकेजी रु ४० देखि रु ६० सम्ममा बिक्री गरेका छन्।

जिल्लामा विशेषगरी त्रिवेणी गाउँपालिकामा सुन्तला राम्रो उत्पादन हुने गरेको छ । त्यस्तै अन्य पालिका मुसिकोट, आठबीसकोट र चौरजहारी नगरपालिका तथा सानीभेरी र बाफीकोट गाउँपालिकामा केही मात्रामा सुन्तला उत्पादन हुने गरेको निमित्त प्रमुख केसीले जानकारी दिए।

थोरै उत्पादन गर्ने किसानका लागि सुन्तला बिक्रीमा केही समस्या भए पनि पकेट क्षेत्रका किसान तथा व्यावसायिकरूपमा सुन्तला खेती गर्ने किसानलाई बजारको समस्या नरहेको उनको भनाइ थियो । सुन्तला खरिद गर्न किसानको बारीमै व्यापारी पुग्ने गरेका छन् । जिल्लामा उत्पादन भएको सुन्तला दाङ, सल्यान र नेपालगञ्जसम्म जाने गरेको छ। थोरै सुन्तला उत्पादन गर्ने किसानलाई भने ढोकामा बोकेर बजारसम्म लगेर बिक्री गर्नुपर्ने बाध्यता छ । जिल्लामा व्यावसायिकरूपले सुन्तला खेती गर्ने किसानले वार्षिक रु आठ लाखदेखि रु नौ लाखसम्म आम्दानी गरेका छन्।

व्यावसायिकरूपले सुन्तला खेती गर्ने किसानको संख्या आठ दशजना मात्र भए पनि सुन्तला उत्पादनमा जोडिएका किसानको संख्या भने जिल्लामा दुई सयभन्दा बढी रहेको निमित्त प्रमुख केसीले जानकारी दिए।

"कृषि पेसाबाट किसानको आयस्तर बढेको छ। हरेक कृषि बालीमा व्यावसायिकीकरण हुँदै गएको छ।

कृषि विकास कार्यालयले अनुदानभन्दा पनि किसानलाई बिक्री परिमाणका आधारमा प्रोत्साहन रकम उपलब्ध गराउँदै आएको छ। यसले गर्दा परिश्रम गर्ने किसानलाई थप उत्पादन गर्न हौसला मिलेको छ," उनले भने।

# कामपाद्वारा छ महिनामा करिब पाँच अर्ब राजस्व असुल

टुडे समाचारदाता

काठमाण्डु । काठमाडौँ महानगरपालिकाले चालु आर्थिक वर्षको अर्धवार्षिक (छ महिना) अवधिमा रू चार अर्ब ९० करोड ५१ लाख ९० हजार राजस्व असुल गरेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा रू चार अर्ब ५६ करोड २९ लाख ५७ हजार राजस्व असुल गरेको थियो।




अघिल्लो आव र चालु आवको सोही अवधिको तुलना गर्दा यसवर्ष रू ३५ करोडले बढी राजस्व असुल भएको कामपाको राजस्व विभागका प्रमुख धुव्र काफ्लेले जानकारी दिए। उनका अनुसार सबैभन्दा बढी बहाल करमा रू एक अर्ब ३५ करोड ६३ लाख ३० हजार राजस्व असुल भएको छ।

त्यस्तै, सम्पत्ति करमा रू ६७ करोड १७ लाख २० हजार असुल गरेको हो । विभागका अनुसार पछिल्लो समय करदाताको संख्या बढेकाले गत वर्षको तुलनामा राजस्व बढेको हो।

कामपाले चालु आवका लागि करिब रू १० अर्ब ४१ करोड ९५ लाख ४९ हजार राजस्व असुल गर्ने लक्ष्य लिएको छ । गत आवमा भने रू नौ अर्ब आठ करोड ७० लाख १३ हजारको लक्ष्य लिएको थियो।

विगतका केही वर्ष कोरोना महामारीका कारण आशाअनुरुप कर असुल हुन नसकेपनि चालु आवमा लक्ष्यमा पुग्न समस्या नहुने कामपाको भनाइ छ।

सम्पत्ति, घरबहाल, व्यवसाय, विज्ञापन, मनोरञ्जन, भूमि, मूल्य अभिवृद्धि र सवारीसाधन करसहित ३६ शीर्षकमा कामपाले राजस्व असुल गर्दै आएको प्रमुख काफ्लेले जानकारी दिए। चालु आवमा हालकै अवस्थामा राजस्व असुल भए लक्ष्यमा पुग्न कुनै समस्या नहुने उनको भनाइ थियो।

यसवर्ष कामपाका लागि बाह्य अनुदान रकम कम भए पनि आन्तरिक राजस्व असुलमा खासै समस्या नभएको विभागले जनाएको छ । पछिल्लो समय कामपाले राजस्व सङ्कलनका लागि थप कडाइ गरेसँगै लामो समयदेखि उठ्न नसकेको बक्यौता रकम असुल उपर गर्न सहज भएको काफ्लेले बताए।

कामपाले गत फागुन ३ मा 'घरबहाल व्यवस्था निर्देशिका-२०७९' जारी गरेसँगै बहाल करबापतको रकम सङ्कलन हुन थालेको जनाइएको छ । निर्देशिकाअनुसार कुनै पनि घरधनीले घरभाडामा लगाउँदा वा घरखाली गराउँदा दवैका बारे सूचना सात दिनभित्र वडा कार्यलयमा दिनुपर्ने छ । लिखित सम्झौताको एकप्रति सम्बन्धित वडा कार्यालय, एकप्रति घरधनी र एकप्रति भाडामा बस्नेले राख्नुपर्ने निर्देशिकामा उल्लेख गरिएको छ। सम्झौतामा बहाल रकम, तिर्नुपर्ने मिति, बहाल कायम रहने अवधि र अवधि थपबारेसमेत उल्लेख गरेको हुनुपर्ने छ।

# छ महिनामा नौ गैँडा मरे

टुडे समाचारदाता

चितवन । चितवन राष्ट्रिय निकुञ्ज र आसपासका क्षेत्रमा गएको छ महिनामा नौवटा गैँडा मरेका छन् । तीमध्ये दुईवटा चोरीसिकारीले मारेको पुष्टि भएको र थप एउटा चोरी सिकारीले मारेको आशंका गरिएको छ।

चितवन राष्ट्रिय निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीका अनुसार यस वर्ष बुढो भएर र भिरबाट लडेर दुई, आपसमा जुधेर दुई र बाघ एवं गोहीको आक्रमणबाट दुईवटा गैँडा मरेका हुन् । गएको कात्तिक ३० मा निकुञ्जको चपर चुली पोष्टदेखि दक्षिणको खाडलमा पारेर तस्करले दुई गैँडा मरेका थिए।



त्यस्तै तस्करहरुले छ र १८ वर्षका पोथी गैँडा खाल्डोमा पारेर मारेका थिए । ती तस्करलाई पक्राउ गरिसकिएको छ । यसअघि भदौमा निकुञ्जकै हरदा खोला क्षेत्रमा एउटा गैँडाको हाडखोर भेटिएको थियो। तिवारीले सो गैँडा तस्करले मारेको आशङ्का गरिएको बताए । घटनास्थलमा खाग नभेटिएकाले तस्करले मारेको हुनसक्ने आशङ्का गरिए पनि यकिन नभएको उनले बताए । उक्त घटनाको अनुसन्धान भइरहेको छ।

निकुञ्ज र आसपासका क्षेत्रका बढी गैँडा प्राकृतिक कारणले मर्ने गरेका छन्। निकुञ्जले दिएको जानकारीअनुसार आर्थिक वर्ष २०७२/७३ यता दुई सय ३५ वटा गैँडा मरेका छन् र तीमध्ये १२ वटा चोरीसिकारीले मारेको आशङ्का गरिएको छ। बुढो भएर, भिरबाट लडेर, दलदलमा फसेर, बाढीले बगाएर, आपसमा जुधेर, बाघ र गोहीले आक्रमण गरेर, विद्युतीय करेन्टमा परेर, रोग लागेर, खाडलमा परेर, विष सेवन गरेर गैँडा मर्ने गरेका छन् । निकुञ्जमा पछिल्लो गणनाअनुसार छ सय ९४ गैँडा छन्।

## मधेश सरकारको कामकारबाहीका लागि कर्मचारी अभाव
# मुख्यमन्त्रीद्वारा जनलोकपाल आयोग खारेज गर्ने संकेत

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले प्रदेशमा सुशासन स्थापनाका लागि गठन गरिएको जनलोकपाल आयोग खारेज गर्ने संकेत दिएका छन् ।

जनकपुरधाममा मुख्यमन्त्री सरोजकुमार यादव नेतृत्व सरकारले बुधबारएक वर्षको अवधिमा सम्पन्न गरेका प्रमुख कार्यहरु सार्वजनिकीकरणका लागि आयोजना गरेको पत्रकार सम्मेलनमा मुख्यमन्त्री यादवले जनलोकपाल आयोग प्रदेशमा पारदर्शीता र सुशासनका लागि गरेको प्रभावकारी कामकारवाहीको समीक्षा गरेर केहीदिनमै यसको निर्णय लिने बताए ।




उनले यस आयोगले प्रदेश सरकारका लागि कामकाज गर्न नसकेकाले यसको आवश्यक समीक्षासंगै खारेजीसम्म हुनसक्ने सम्भावनासमेत व्यक्त गरे ।

प्रदेशको शान्ति सुरक्षा र प्रदेशको कामकारवाहीका लागि अझै पनि एक हजार ६ सयभन्दा बढी कर्मचारीको आवश्यकता रहेको उनले बताए ।

प्रादेशिक सुशासन, विकास र समृद्धिको लागि गरेको प्रतिवद्धता स्मरण गर्दै मुख्यमन्त्री यादवले सो प्रतिवद्धता पूरा गर्ने अठोटका साथ सरकारले आफ्नो नीति, कार्यक्रम र प्राथमिकताहरु निर्धारण गरी कामकारबाही अघि बढाइरहेको बताए ।

उनले प्रदेशको नामकरण र प्रदेशको राजधानी घोषणा भएको सम्झना स्वरुप सरकारले मधेश स्वाभिमान दिवस घोषणा गरेकोसमेत बताए ।

संघीयता कार्यान्वयनका लागि मधेश सरकारले गठबन्धन दलको तर्फबाट संघीय सरकारलाई ६ बुँदे ध्यानाकर्षण गराउँदै प्रदेश प्रहरी समायोजनको कानुन कार्यान्वयन गर्न संघीय सरकारका प्रधानमन्त्री तथा गृहमन्त्रीलाई दबाब सृजना गरेको उनले बताए ।

एक वर्षमा ९ वटा विधेयक प्रदेशसभामा पेस गरिएको र यस अवधिमा ३ वटा ऐन, २ वटा नियमावली, ७ वटा कार्यविधि र ३ वटा निर्देशिका निर्माण भएको छ भने ३ वटा विधेयकको तर्जुमाको लागि सैद्धान्तिक स्वीकृतिसमेत प्रदान गरी यसको कार्यान्वयनबाट प्रदेशमा कानुनी शासन स्थापना भइ सुशासन कायम हुनेमा आफू विश्वस्त रहेको उनले बताए ।

प्रदेशको वित्तीय सुशासनलाई मापन गर्ने कम्प्युटरमा आधारित प्रादेशिक वित्तीय सुशासन जोखिम मूल्यांकनप्रणाली कार्यान्वयनमा ल्याइ प्रदेशको वित्तीय जोखिम न्यूनीकरण गर्न सहयोग पुगेको बताउदै उनले प्रदेशका चार वटा यातायात व्यवस्था कार्यालय र तीनवटा यातायात व्यवस्था सेवा कार्यालयहरुलाई पुनःसंरचना गरी आठ वटै जिल्लामा यातायात व्यवस्था कार्यालय स्थापना गरिएपछि सेवाग्राहीलाई निकै सहज भएको बताए ।

उनले वित्तीय व्यवस्थापन तथा आर्थिक सुशासनतर्फमा समेत प्रगति भएको जानकारी दिए । भौतिक पूर्वाधार विकास निर्माणतर्फमा जनकपुरधाममा रामजानकी बहुउद्देशीय रंगशालालाई अन्तर्राष्ट्रियस्तरको अत्याधुनिक र सुविधा सम्पन्न बनाउने गरी गौरवको योजनाको रुपमा निर्माण कार्य भइरहेको बताए ।

प्रदेश सरकारले एक निर्वाचन क्षेत्र एक सडक कार्यक्रम अनुसार ६४ वटै प्रदेशसभा निर्वाचन क्षेत्रमा कम्तीमा ५ किलोमिटर सडक निर्माणको दरले कुल ३ सय २० किलोमिटर पक्की सडक निर्माण कार्य भइरहेको बताउँदै मुख्यमन्त्री यादवले भने, 'यस अवधिमा प्रदेश सरकारले विभिन्न स्थानमा ३५ किलोमिटर कालोपत्रे सडक निर्माण, १ सय २४ किलोमिटर पक्की सडक ढलान, ३०० किलोमिटर ग्राभेल सडक निर्माण, ४१ किलोमिटर नाला निर्माण, २ यस ३३ वटा कल्भर्ट निर्माण, ३७ किलोमिटर कच्ची सडक सुधार गरी समपुरक अनुदान अन्तर्गत ७ वटा सडक कार्यक्रम निर्माणाधीन अवस्थामा रहेकोसमेत उनले बताए ।

'पर्सादेखि सप्तरीसम्मको करिब ३ सय १२ किलोमिटर सडकलाई "मधेश शहीद राजमार्ग" को लागि अध्ययन कार्य सम्पन्न गरी निर्माण कार्यको लागि बजेट विनियोजन गरी क्रमैसंग कार्यान्वयन अगाडि बढाइएको' उनले भने ।

ऐतिहासिक तथा पर्यटकीय स्थल बाराको गढीमाईमा तीर्थालु तथा पर्यटकलाई लक्षित गरी सुरु गरिएको धर्मशाला निर्माण कार्य अन्तिम चरणमा रहेको उनले बताए ।

स्वास्थ्य, कृषि तथा सिँचाइ तर्फमा समेत प्रदेश सरकारले एक वर्षमा प्रगति गरेको जानकारी दिदै उनले हरेक जिल्लामा प्रदेश अस्पतालका लागि एक सय शैयूाको स्तरोन्नति हुने कामको सुरुवात सिरहा जिल्लाबाट भएको बताए । उनले मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानमा मानसिक स्वास्थ्यका लागि ओपिडी तथा इनडोर व्यवस्था गर्दै प्रदेशस्तरीय मोडयुलर प्रयोगशालाको स्थापना एवम् १ सय ३६ वटै स्थानीय तहमा जनस्वास्थ्य प्रयोगशाला स्थापना भएको बताए ।

मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउ अभियानमा प्रदेश भरका ३ हजार ३ सय २ जना बालिकाको छोरी बीमा गरिएको, उच्च शिक्षामा अध्ययनरत २ सय ९५ जना दलित, मुस्लिम र सीमान्तकृत छात्रालाई छात्रवृति स्वरुप २ हजार ५ सय रुपैयाँ देखि ३ हजार ५ सय रुपैयाँ सम्म प्रदान गरिएको मुख्यमन्त्री यादवले बताए । उनले प्रदेशभर ३७ वटा खेलमैदान, ३ वटा रंगशाला, १ वटा क्रिकेट मैदान र २ वटा बैडमिन्टन हल, ६ वटा युवा मिलन केन्द्र, ८ वटा जेष्ठ नागरिक मिलन केन्द्र, अपांग मैत्री भवन, आश्रम निर्माण तथा स्तरोन्नति गरिने बताए ।

उनले मधेश प्रदेश साक्षर प्रदेश घोषणा गर्नका लागि अभियानसमेत संचालन गरेर दोस्रो कार्यकालमा प्रदेशलाई साक्षर प्रदेश घोषणा गरिने योजना रहेको बताए । उनले कृषि, सहकारी तथा पशुपालन तर्फमा पनि प्रगति गरिएको बताए । यस आर्थिक वर्ष ०८०/०८१ मा मधेश प्रदेशमा २ हजार ३० उद्योग दर्ता मध्येबाट तीन करोड १२ लाख ६३ हजार ३ सय ६५ रुपैयाँ संकलन भएको उनले बताए ।

मधेश प्रदेशमा वन विकास तथा विस्तार गर्नका लागि 'समृद्धिका लागि वन परियोजना' मार्फत २५ वटा स्थानीय तहमा ५२ लाख रुपैयाँका दरले बजेट विनियोजन भई निजी तथा सार्वजनिक जग्गामा वृक्षरोपण कार्य भइरहेको उनले बताए ।

उनले धनुषाधाममा रहेको वन संरक्षण क्षेत्रलाई पर्यापर्यटन स्थलको रुपमा विकास गर्न पार्क निर्माण, पोखरी सौन्दर्यकरण, वनस्पति उद्यान, वन्यजन्तु उद्धार केन्द्र स्थापना, सडक स्तरोन्नतिलगायतका कार्यहरु सम्पन्न गरिने योजना रहेको बताए ।

मुख्यमन्त्री यादवले आगामी ३ वर्ष मा प्रदेशका प्रत्येक पालिकामा सिँचाई सुबिधाको व्यवस्थासहित विद्युतीकरणको कार्यलाई तीव्रतासाथ अघि बढाइने, प्रदेश सरकारको १० वर्षीय प्रादेशिक कृषि गुरुयोजना तयार गरी सोही बमोजिम प्रदेशको कृषि व्यस्वस्थापन कार्यलाई उच्च प्राथमिकतामा राखेर कार्यान्वयनमा ल्याइने, दिगो भूव्यवस्थापन मार्फत लखनदेही नदी बेसिनका जलाधारहरु पुर्नरुत्थान तथा जीविकोपार्जनमा सुधार ल्याउने कार्यक्रम अगाडि बढाइनेलगायतका गुरुयोजना रहेको बताए ।

मधेशको लाइफलाइनको रुपमा रहेका चुरे संरक्षणलाई व्यवस्थापन गर्नको लागि चुरे संरक्षण कार्यक्रम प्रदेशको गौरव योजनाको रुपमा अघि बढाइने उनले बताए । मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गत बर्न अस्पताल, क्यान्सर रोग अस्पताल, काडोलोजी र अनकोलोजी सम्बन्धी विशेषज्ञ सेवा संचालनमा ल्याइने योजना रहेको मुख्यमन्त्री यादवले बताए ।

# संघीयताप्रति षडयन्त्र जारी : अध्यक्ष यादव




**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले संघीयताप्रति षडयन्त्र जारी रहेको बताएका छन् । मधेश प्रदेश सरकारले प्रदेशको नामकरण र स्थायी राजधानी स्थापना दिवसको अवसरमा आयोजना गरेको मधेश स्वाभिमान दिवसको अवसरमा अध्यक्ष यादवले संघीयता मधेशी जनताको लागि अपरिहार्य रहेकाले संघीयताप्रति षडयन्त्र जारी रहेको बताए ।

उनले संघीयता मधेश र मधेशीको लागि अपरिहार्य छ, प्रजातन्त्र स्थापना भएको ३४ बर्षमा शासकहरु परिवर्तन भए पनि शासकीय स्वरुप भने परिवर्तन हुन नसकेको आरोप लगाए । मधेशीलाई हेर्ने मनोविज्ञान अहिले पनि राजा र राणाहरुकै रहेको उनको भनाइ थियो । मधेशका जनताले विभिन्न समयमा गरेको आन्दोलनको उपज संघीयता रहेको र संघीयता स्थापना भएपछि मधेशका जनता आफ्ना अधिकार लिन अगाडि बढी सकेको भन्दै अध्यक्ष यादवले शासकहरु शिक्षा, स्वास्थ्य र रोजगारमाथि षडयन्त्र गर्न थालेको टिप्पणी गरेका थिए ।

सीमावर्ती क्षेत्रहरुमा अहिले दैनिक सयौं युवाहरु लागू पदार्थ सेवन गर्न पुग्ने गरेको बताउँदै उनले यी समस्यालाई निराकरण गर्न सबैलाई आग्रह गरे । शासक वर्ग मधेशका युवाहरु यसरी दुर्व्यसनमा लागेर आफ्नो जीवन बर्बाद गरोस भनेर चाहेका छन् र युवाहरु पनि त्यो कुलतमै लागेका कारण मधेशका जनताहरु यस तर्फ बढी सक्रियता देखाउनुपर्ने आवश्यकता रहेको बताए ।

अध्यक्ष यादवले संघीयता स्थापना भए पनि राजा महेन्द्रको अञ्चलको परिकल्पना भन्दा बढी अरु प्रदेशहरुले गर्न नसकेको टिप्पणी गरे । उनले मधेश प्रदेश मात्रै पहिचानको आधारमा नामकरण भएको बताए । अन्य प्रदेशहरु कोशी अञ्चललाई कोशी प्रदेश, वागमती अञ्चललाई वागमती प्रदेश मात्रै नामकरण गरिएको बताए ।

उनले मधेशलाई बचाउन चुरे क्षेत्रलाई बचाउनुपर्ने आवश्यकता रहेको बताए । २०७२ सालमा सदनबाटै चुरे उत्खनन बन्द गरिएको र अहिले आएर फेरि केही व्यक्तिले चुरे विनाश गर्न तर्फ उद्यत भएकोप्रति चिन्ता व्यक्त गरे ।

कार्यक्रममा मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले मधेश प्रदेश सरकारले विगत देखि गर्दै आएको कामको सही मूल्यांकन हुनु जरुरी रहेको बताए । उनले प्रदेशको नाम मधेश र राजधानी जनकपुरधाममा स्थापना गर्नकालागि आफ्नो भूमिकाको सवैले प्रशंसा गरे पनि मुख्यमन्त्री भएको एक बर्षमा कुन कुन कमीकमजोरी भएको छ त्यसलाई औल्याएर आफूलाई करेक्सन गर्न आग्रह गरे ।

मधेश प्रदेशका निवर्तमान मुख्यमन्त्री मो. लालबाबु राउतले मधेश प्रदेशको नामकरण र स्थायी राजधानीका लागि तत्कालीन समयका प्रदेश सभा सदस्यहरुलाई धन्यवाद दिँदै स्वाभिमान दिवस मनाउने अवसर दिएको भन्दै तत्कालीन पार्टी र प्रदेश सभा सदस्यहरुमा आभार व्यक्त गरेका थिए । उनले पहिचानको आधारमा मुलुक भरिमै मधेश प्रदेश नै रहेको बताए ।

सो अवसरमा नेपाली कांग्रेसका संसदीय दलका नेता तथा भौतिक पूर्वाधार विकास मन्त्री कृष्णकुमार यादवले मधेश प्रदेशमा भौतिक संरचनामा व्यापक फड्को मारेको बताए । उनले विगतका सरकारले एक संसदीय क्षेत्रमा ३५ किलोमिटर पक्की सडक बनाउने योजनाका लागि बजेट विनियोजन गरेको र छिट्टै कार्यान्वयनमा आउने विश्वास दलाएका थिए ।

गृह तथा सञ्चार मन्त्रालयले आयोजना गरेको स्वभिमान कार्यक्रममा मन्त्री मोहम्मद समिमले मधेश प्रदेश सरकार गठन भएको एक बर्षमै जनताले गरेको विश्वास पूरा गर्न तिर अग्रसर भएको बताएका थिए । उनले भने-'जनताको इच्छा अनुसार नै मधेश प्रदेश सरकार अगाडि बढेको छ ।'

सो कार्यक्रममा मधेश प्रदेश र जनकपुरधाम राजधानी बनाउन महत्वपूर्ण भूमिका खेलेको भन्दै तत्कालीन सवै प्रदेश सभा सदस्यहरुलाई मुख्यमन्त्री र जसपाका अध्यक्ष यादवले दोसल्ला सहित प्रमाणपत्र वितरण गरी सम्मानित गरेका थिए ।

# साक्षरता अभियानमा विद्यालयका छात्रछात्रा

**टुडे समाचारदाता**

जलेश्वर । आफ्नै बस्तीमा निरक्षर लगत सङ्कलनमा खटिएकी मटिहानी-६ की नसिमा खातुनले आफूले विशिष्ट जिम्मेवारी पाएको बताइन् । मटिहानी नगर कार्यपालिकाको कार्यालयले बस्तीबस्तीका निरक्षर लगत सङ्कलन गर्न जिम्मेवारी दिएपछि खास काममा लागेको महसुस भइरहेको नसिमाको अनुभूति छ ।



"आफ्नै बस्तीको निरक्षर उन्मूलनमा नगरपालिकाले मेरो भूमिका जोडेको छ । शिक्षासँग जोडिएको जिम्मेवारीको अवसरले खास काममा छु भन्ने लागेको छ", मटिहानी-८ स्थित श्रीराम माध्यमिक विद्यालयकी ११ कक्षाकी छात्रा नसिमाले भनिन, "आफ्नै बस्तीका निरक्षर पहिचान गरी साक्षर बनाउने अभियान कामका हिसाबले महत्वपूर्ण जिम्मेवारी छ ।"

नगरक्षेत्रलाई साक्षर घोषणाको तयारीमा रहेको मटिहानी नगर कार्यपालिकाको कार्यालयले प्रारम्भिक चरणमा निरक्षर लगत सङ्कलन गर्न पाँच माविका ६० छात्रछात्रालाई सहजकर्ता बनाएको छ । नसिमाजस्तै विद्यार्थी अहिले आ-आफ्नो बस्तीका घरघर पुगेर निरक्षरको लगत सङ्कलन गर्दैछन् । श्रीराम माविका कक्षा ११ की छात्रा हिना खातुनले वडा नं ७ का बस्तीमा निरक्षर लगत सङ्कलनको जिम्मेवारी पाएकी छन् । "म दैनिक साँझ र बिहानपख घरघरै गएर आमा, दिदीबहिनी, काकी र भाउजूहरुसँग भेट्छु । उनीहरु साक्षर भएनभएको यकिन गरेर निरक्षरको लगत भर्छु", हिनाले भनिन, "मटिहानीको साक्षरता अभियानसँग जोडेर पाएको जिम्मेवारीसँगै कामको अनुभव सँगाल्दैछु ।"

निरक्षर लगत सङ्कलनमा खटिएका ६० जनामध्ये ४२ छात्रा र १८ छात्र छन् । अभियानमा जुटेका छात्रछात्रा कक्षा ९ देखि १२ सम्मका छन् । "माध्यमिक तहमा पढ्ने छात्रछात्रालाई घर नजिकका क्षेत्रमा लगत तयार गर्न लगाइएका छौं", नगरप्रमुख हरिप्रसाद मण्डलले भने, "ग्रामीण परिवेशका नगरका भित्री बस्तीमा निरक्षर बढी छन् । तिनमा पनि महिलाको संख्या बढी छ । त्यसैले अभियानमा छात्रा बढी खटिएका छन् ।" उनका अनुसार कार्यालयले छात्रछात्रालाई लगत सङ्कलनबारे एक दिने अभिमुखिकरण प्रशिक्षण दिएर प्रश्नावलीसहितको फारम दिएको छ ।

अभियानमा जुटेका सहादत कवारी (वडा नं ६), रिया मण्डल (वडा नं ७), खुश्वू यादव (वडा नं ८) र नेहा मण्डल (वडा नं ७) ले आफ्नो जिम्मेवारीको बस्तीमा कुनै पनि लगत सङ्कलनमा नछुटून् भन्नेमा मुख्य ध्यान दिइएको बताउँछन् । उनीहरु लगत सङ्कलनमा लागेका दुई दिन भइसकेको छ । दश दिनभित्र लगत पूरा गरी नगर कार्यपालिकाको कार्यालयलाई बुझाउनुपर्ने कार्यालयका योजना अधिकृत राजेशकुमार शर्माले बताए । उनका अनुसार नगरका नौ वडाभित्र २५ बस्ती छन् । "सबै छात्रछात्रालाई सम्बन्धित वडाभित्रकै बस्तीको जिम्मेवारी दिइएको छ । त्यसकारण निरक्षर चिन्न, बारबार भेट्न सहजकर्तालाई सहज हुन्छ", शर्माले भने ।

दुई चरणको यो अभियानको पहिलो १० दिन लगत सङ्कलन र त्यसपछि साक्षरता अभियान चलाइने कार्यालयले जनाएको छ । अभियानमा खटिएका छात्रछात्रालाई खाजा चिया खर्चवापत पाँच/पाँच हजार दिइएको कार्यालयको शिक्षा शाखाका प्रमुख चन्देश्वर साहले जानकारी दिए । नगरपालिकाले २०७८ सालमै नगरक्षेत्रलाई साक्षर घोषणा गर्ने लक्ष्य लिएको थियो । त्यसबेला २०७७ देखिकै कोभिड-१९ सङ्क्रमणका कारण काम अगाडि बढ्न सकेको थिएन । रोकिएको साक्षर क्षेत्र घोषणा कार्यक्रम यसै वर्ष गर्ने गरी तयारी अघि बढाइएको नगर शिक्षा शाखाले जनाएको छ ।

"अभिमुखीकरण तालिम लिएका छात्रछात्रा आ-आफ्ना बस्तीमा निरक्षर लगत सङ्कलनको काममा छन्", शिक्षा शाखाप्रमुख साहले भने, "यस अभियानका लागि तथ्याङ्क सङ्कलन फारम र अन्य आवश्यक कागजपत्रसहितको झोला बोकेर विद्यार्थी काममा जुटेका छन् ।" विद्यार्थीले दैनिक आफ्नो अनुकूलको दुई घण्टा समय यो अभियानका लागि लगाउने उनको भनाइ छ । लगत सङ्कलन भएर सोसम्बन्धी विवरण नगर कार्यपालिकाको कार्यालयमा आएपछि अभियानमा सरिक विद्यार्थीले नै कार्यालय परिसरमा साक्षर कक्षा सञ्चालन गर्ने शाखाप्रमुख साहले जानकारी दिए ।

"हामी नगरको साक्षर अभियानको अङ्ग बन्न पायौँ, यो अवसरको भरपुर सदुपयोग गर्नेछौँ", अभियानमा जुटेकी मटिहानी-८ की ममता साहले भनिन्, "काम गर्दाको पहिलो अनुभव बटुल्न निकै उत्साहित छौँ ।"

अभियानका लागि सङ्घीय सरकारको १० लाख सहयोग र नगर कार्यपालिकाले दुई लाख विनियोजन गरेको छ । यसै रकमबाट अभियान सम्पन्न गरिने शिक्षा शाखा प्रमुख साहको भनाइ थियो । निरक्षर लगत सङ्कलनपछि साक्षर कक्षा सञ्चालन गर्न आवश्यकताअनुसार विद्यार्थी थपिँदै लगिने शिक्षा शाखाको योजना छ ।

मटिहानी नगरपालिकाले आफ्नो क्षेत्रको धार्मिक, पौराणिक, ऐतिहासिक र सांस्कृतिक पहिचानका विषय समेटेर मैथिली भाषामा कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम पनि तयार पार्न लागेको शिक्षा शाखाले जनाएको छ ।

# सीमाक्षेत्रका पुल निर्माणमा भइरहेका अवरोध हटाउन छलफल

**अनिल तिवारी**

वीरगञ्ज । धनुषास्थित भारतीय सीमाक्षेत्रका पुलको विवाद समाधानका लागि छलफल भएको छ । नेपाली कांग्रेसका नेता एवं पूर्वउपप्रधान तथा गृहमन्त्री विमलेन्द्र निधि र भारतको बिहार मुज्जफरपुरका लोकसभा सदस्य एवं भारतीय जनता पार्टीका नेता अजय निषादबीच भारतको मुज्जफरपुरमा छलफल भएको छ ।




छलफलका क्रममा नेता निधिले धनुषाको नगराइन नगरपालिका र मुखियापट्टी मुसहरनिया गाउँपालिकासँग जोडिएका भारतीय सीमावर्ती क्षेत्रका पुल निर्माणका लागि अवरोध हटाउन भारतीय पक्षलाई आग्रह गरिए पनि सुनुवाइ नभएकाले उच्चस्तरमै छलफल हुनुपर्ने अवस्था आएको बताए ।

उनले दुवै देशका जनतालाई आवातजावतमा सहजताका लागि दुवैतर्फ सडक बने पनि वर्षौंदेखि पुल निर्माण हुननसकेकाले यो विषय जनप्रतिनिधिको चासोको विषय बन्नुपर्छ भने । "दश वर्षअघि म भौतिक पूर्वाधारमन्त्री भएका बेला यहाँ सीमाक्षेत्रमा चारवटा पुल निर्माणका लागि शिलान्यास गरिएका थिए । केही काम भएको छ । तर एसएसबीले 'नो म्यान्स ल्याड'मा संरचना बन्न नदिने माथिको निर्देशन भन्दै अवरोध गरिरहेको छ", नेता निधिले भने, "यसरी अवरोध गर्ने हो भने त नेपाल-भारत सीमाक्षेत्रका कुनै पनि पुल बन्ने अवस्था रहँदैन र बाँकी पुल किन र कसरी बने भन्ने प्रश्न आउँछ । 'नो म्यान्स ल्याड'मा पुल नबने दुई देशका जनतालाई कसरी जोड्ने ? त्यसैले दुवैतर्फ सडक बन्ने तर पुल नबन्ने अवस्थाले सीमाक्षेत्रमा बसोबास गर्ने दुवै देशका जनता समस्यामा छन् । यो अवरोध हटाउन भारतीय जनता पार्टीको नेता र सांसदका हैसियतले तपाईँ (निषाद)ले पनि पहल गर्नुपर्छ ।" नेता निधिले आफूहरू नेपालको मात्र नभई सीमावर्ती भारतीय जनताको भावना पनि सुनाउन आएको बताए ।

छलफलमा भारतीय जनता पार्टीका नेता एवं सांसद निषादले पुल निर्माणमा भारतीय पक्षबाट भएको अवरोध समाधानका लागि आफूले पहल गर्ने प्रतिबद्धता व्यक्त गरे । उनले आफ्नो पार्टी नेतृत्वको केन्द्रीय सरकारका गृहमन्त्री अमित साहमार्फत सीमा सुरक्षा बल (एसएसबी)का अधिकारीसँग कुरा गरेर समस्या समाधान गर्ने जानकारी दिए ।

"नेपाल भारतको सम्बन्ध र दुवै देशका नागरिकलाई जोड्नका सीमा वा पुल अवरोध बन्नु हुँदैन । तर पनि केही समस्या छन् । निधिजीले भनेको पुलका समस्याबारे भारततर्फका अधिकारी र पत्रकारसँग पनि बुझेको छु", सांसद निषादले भने, "यो गृह मन्त्रालयसँग सम्बन्धित विषय भएकाले म हाम्रो पार्टीका नेता एवं गृहमन्त्री अमित साहजीसँग व्यक्तिगतरूपमै कुरा गर्छु । पुलको विषय धैरै ठूलो समस्या होजस्तो लाग्दैन । समाधानको पहल हुन्छ ।"

नेता निधिसँगै नेपालबाट नगराइन नगरपालिका प्रमुख विनयकुमार यादव, मुखियापट्टी मुसहरनिया गाउँपालिकाका अध्यक्ष जयकुमार यादव, सडक डिभिजन कार्यालय जनकपुधामका प्रमुख सिनियर डिभिजनल इन्जिनियर अरुणकुमार लाल कर्णलगायत प्राविधिक तथा अन्य सरोकारवालाको उपस्थिति रहेको थियो ।

यहाँ नेपालको जटही र भारतको पिपरौन जोड्ने मुख्य जमुनी नदी राजघाटको पुललाई छ लेन सडकअनुसार स्तरोन्नति, नगराइन -६ लगमालाई भारतको लहरनियासँग जोड्ने झोलुङ्गे पुल, मुखियापट्टी मुसहरनिया गाउँपालिका-२ स्थित जमुनी नदीको अखरहैर घाट र सोही पालिकाको वडा नं ५ बैरियाटोलस्थित थल्हीघाटस्थित निर्माणाधीन पुलमा भारतीय सुरक्षा बलबाट अवरोध भइरहेको जनगुनासो छ ।

डिभिजन सडक कार्यालय जनकपुरधामका प्रमुख इन्जिनियर कर्णले उल्लेखित चारवटै पुल निर्माणका लागि आधाभन्दा बढी काम भइसके पनि पुलले आफ्नो भूमि छोएको भन्दै भारतीय पक्षले अवरोध गरेका कारण समस्या भएको बताए । अब उच्चस्तरबाट पहल भएमा मात्रै पुलको अवरोध हट्नसक्ने उनको भनाइ छ ।

**क्यान्सर रोग लाग्नबाट बच्ने उपाय**

- मदिरा, धुम्रपान तथा सुर्तिजन्य वस्तु सेवन नगरौं,
- खानपानमा ध्यान पुऱ्याऔं,
- पर्याप्त व्यायाम गर्ने गरौं,
- सक्रिय जीवनशैली अपनाऔं,
- बोसोयुक्त मासु नखाऔं,
- तारेको, झानेको, पोलेको खाना नखाऔं,
- गालेका तथा पुराना अचार कम खाऔं,
- नियमित स्वास्थ्य परीक्षण गराऔं,
- सरसफाइमा विशेष ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८